# अध्याय एक

# परिचय

## १.१अध्ययनको पृष्ठभूमी

मानव सभ्यताको विकाससंगै आवश्यक खाना, नाना, छाना, पानी, सुरक्षा एवं व्यापारका निम्ति मानिस आदिम काल देखि नै एक ठाउँबाट अर्को ठाउमा यात्र गर्न उत्प्रेरित थिए । पहिले मानिसहरु जनावार चढेर वा हिँडेर आफ्नो आवश्यकता पूरा गर्न यात्रा गर्दथे तर अहिले अत्याधुनिक जल, बायु, थल, जस्ता द्रुत साधनको विकास भएकोले यिनै साधनहरुबाट यात्रा गर्दछन्, जुन पर्यटनको विकासक्रम हो (भाटिया, १९९१) ।

सामान्य तथा घर बाहिर २४ घण्टा भन्दा बढि वा एक वर्ष भन्दा कम समयका लागि गरिने यात्रा वा मनोरञ्जन नै पर्यटन हो । पर्यटनमा आर्थिक क्रियाकलाप भएको हुनुपर्छ । नत्र यस्ता गतिविधि पर्यटन बन्न सक्दैन । जस्तै एउटा जोगीले पर्यटनका सबै मापदण्ड पूरा गर्दछ । तर उसले आर्थिक क्रियाकलाप नगर्ने भएकोले उ कहिल्यै पर्यटक बन्नै सक्दैन (शर्मा र खरेल, २०६८) ।
पर्यटन तथा पर्यटक शब्दको उत्पत्ति सन् १२९२ मा भएको हो । वर्तमान समयमा यसको अर्भ व्यापक भएको छ । पर्यटन शब्द ल्याटिन भाषाको टोर्नास बा व्युत्पत्ति भएको हो । यसको अर्थ वृत वा चक्र बुझाउन उपकरण भन्ने बुझिन्छ । जहाँ व्यक्ति चक्रको एक उत्पत्ति स्थानबाट भ्रमण स्थान हुदै पुनः उत्पत्ति स्थानमै आई पुग्दछ । यही अवधारणाबाट नै राउण्ड ट्रिप वा यात्रा व्यवस्थापन हुँदै पर्यटन शब्दको विकास भएको हो (शर्मा र खरेल, २०६८) ।

उत्पत्ति र गन्तव्य स्थल भित्र हुने क्रियाकलापलाई पर्यटन र पर्यटनको क्रियाकलापमा सम्लग्न हुने व्यक्तिलाई पर्यटक तथा पर्यटक र पर्यटनसंग सम्बन्धी आवश्यक सेवाको व्यवस्थापन मिलाउन स्थापना भएका संस्थाहरुलाई पर्यटन उद्योग भनिन्छ । पर्यटक आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । पर्यटनमा समय, पैसा, यातायातको साधन, उत्प्रेरणा सेवा, पूर्वाधार, सत्कार, पर्यावरणीय वातावरण आदि कुराहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ (भण्डारी, २०६८) ।

पर्यटनको पहिलो परिभाषा सन् १९१० मा अष्ट्रियन अर्थशास्त्री हरम्यानन वन स्कुलार्डका अनुसार पर्यटन भन्नाले कुनै पनि निश्चित राष्ट्र, शहर वा क्षेत्रभित्र र बाहिर विदेशीहरुको बसोबास, आवतजावत र प्रवेश आर्थिक प्रकृतिसंग प्रत्यक्ष सरोकारको सम्पूर्ण कार्यक्रम हो (पुरी, २०५६)।

आज पर्यटनलाई विश्वका प्राय सबै देशहरुले आर्थिक र दिगो विकासको भरपर्दो आधार वा खम्बाका रुपमा लिन थालेका छन् । पर्यटन समाजले सन् १९७६ मा पर्यटनलाई यसरी परिभाषित गरेको थियो -मानिसहरुको गन्तव्य स्थानमा हुने अस्थायी तथा छोटो क्रियाकलाप जहाँ तिनीहरु रहन्छन् र विभिन्न कार्य र गतिविधिहरु सम्पन्न गर्दछन् लाई पर्यटन भनिन्न (पोखरेल र कार्की, २०५५)।

कुनै पनि व्यक्ति आफ्नो निवास स्थान छाडेर अन्य स्थान वा अन्य मुलुकतर्फ आरामदायी छुट्टी बिताउन, स्वास्थ्योपचार, अध्ययन वा व्यापार, पारिवारिक भ्रमण आदीको लागि जान्छ भने उसलाई पर्यटक भनिन्छ (पोखरेल र कार्की, २०५५)।

कुनै पनि व्यक्ति आफ्नो निवास स्थान छोडेर अन्य स्थान वा मुलुकतर्फ विभिन्न उद्देश्यको लागि भ्रमण गर्दछ भने उसलाई पर्यटक भनिन्छ । पर्यटकहरुलाई सेवा उपलब्ध गराउने उद्देश्य राखेर स्थापना भएका व्यवसायलाई नै पर्यटन व्यवसाय भनिन्छ । यस्ता व्यवसाय भित्र होटल, लज, रेष्टुरेन्ट, होमस्टे, ट्रेकिङ एजेन्सी, ट्राभल एजेन्सी, प्याराग्लाईडिङ, गार्मेन्ट, पुस्तक पसल, कम्युनिकेशनलाई लिन सकिन्छ ।

पर्यटन सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक प्रक्रिया हो । पर्यटनको माध्यमबाट एक ठाउँको सामाजिक, सांकृतिक प्रक्रियाहरु आदान प्रदान हुने गर्दछन् । पर्यटनले अन्तराष्ट्रिय मेलमिलाप बढाउनुका अतिरिक्त संसारका मानवहरुबीच सामाजिक र सांस्कृतिक समझदारीको वृद्धि गर्ने काम प्रत्यक्ष भेटघाट गराएर गर्दछ ।

पर्यटनको विकासको विश्वमा सामाजिक सम्बन्धको विस्तार गरी आपसी अन्तरनिर्भरतालाई बढाउँछ र साथै पर्यटन व्यवसायले अन्राष्ट्रिय राजनीतिलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावित गरिरहेको हुन्छ । पर्यटन व्यवसायको आध्ययमबाट विश्वशान्ति र सुरक्षाको वातावरण प्राप्त हुने गर्दछ ।

पर्यटन उद्योग विश्वका ठूला उद्योगहरु मध्ये प्रमुख भएकोले वर्तमानमा यसलाई विदेशी मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधारको रुपमा लिइन्छ । त्यसैले विश्वमै पर्यटन सम्बन्धी चहल पहलमा वृद्धि भएको पाइन्छ । पर्यटन सभ्यताको मापदण्ड र विश्व अर्थतन्त्रको एक महत्वपूर्ण अंग बन्न पुगेको छ ।पर्यटनले प्रत्यक्ष अप्रत्यक्ष किसिमबाट रोजगारीको अवसर उपलब्ध गराएर विश्वका अर्थतन्त्रमा महत्वपूर्ण प्रभाव पारेको छ । पर्यटनको ठूलो प्रभाव अझ विकसित र ठूला मुलुकहरुमा मात्र नभई साना समुदाय र ग्रामीण क्षेत्रमा बढी परेको हुन्छ । पर्यटन व्यवसायका सकारात्मकका साथै केही नकारात्मक पक्षहरु पनि रहेका देखिन्छन् । पर्यटनको माध्यमले अन्तरराष्ट्रिय बिकृतिहरुको आदान प्रदान पनि हुने गर्दछ । तसर्थ यसको विकृति र नकारात्मक पक्षको न्यूनीकरण गर्दै नेपाललाई विश्व पर्यटन मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यस्थलको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने उद्देश्य रहेको छ (तेह्रौ योजना २०७०/७१-२०७२/७३) ।

वर्तमानमा पर्यटनलाई मानव सभ्यताको एक महत्वपूर्ण अंगको रुपमा लिन सकिन्छ । मनोरञ्जन, ज्ञान आर्जन तथा कामबाट उत्पन्न शारिरीक, मानसिक शिथिलताबाट मुक्ति पाउने उपायको खोजी गर्दै नयाँ ठाँउहरुको यात्रा गर्न अपरिचित तथा संस्कृतिको अध्ययन गर्ने उद्देश्यले आजको मानव आफ्नै देश वा समाजबाट अन्य देश वा समाजमा जाने गर्दछ । वर्तमान समयमा पर्यटन विश्वव्यापी परिघटनाको रुपमा विकसित भैसकेको छ । मानिसहरु सधै आफू जन्मे, हुर्केको ठाउँमा मात्र रमाउँदैनन् । उनीहरु त्यस बाहेक अन्य ठाउँमा गएर मनोरञ्जन लिन चाहन्छन् । त्यसकारण उनीहरु राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा यात्रा गर्ने गर्दछन् ।

नेपाल विकासोन्मुख देश भएकोले यहाँ विभिन्न समस्याहरु रहेका छन् । त्यस मध्ये गरिबी र बेरोजगारी मुख्य समस्या हो । यस्तो गम्भीर परिस्थितिमा देशमा आयआर्जन गर्ने नयाँ विकल्पको रुपमा पर्यटन व्यवसायलाई लिइएको छ । पर्यटन व्यवसायबाट बेरोजगारी समस्या न्यूनीकरण हुनुका साथै विदेशी मुद्राको आर्जन गर्न सकिन्छ (नेपाल राष्ट्र बैंक, २०५७)

नेपाल बहु जाती, बहु भाषी, बहु धार्मिक, बहु सास्कृतिक संगै सगरमाथा, शान्तिको अग्रदुत गौतम बुद्ध, विर गोर्खालीको परिचय तथा यहाँको विविधतायुक्त सास्कृति र अनुपम

प्राकृतिक छटाले भरिपूर्ण रहेकोले प्रचार प्रसार हुन सकेमा संसारकै पर्यटकीय गन्तब्यको रुपमा हुन सक्दछ । पर्यटकीय राजधानी पोखरा राज्य पुनर संरचना अनुसार नेपाल संघात्मक व्यवस्थामा आउदा गण्डकी प्रदेशको राजधानी बन्न पुगे पछि थप पर्यटकको मात्रा बढ्ने देखिन्छ । तसर्थ पर्यटकहरुको बसाई अर्थपूर्ण रुपमा लम्बाउन सिक्लेस जस्तै यस आसपासका पर्यटकीय स्थलहरुको व्यापक प्रचार प्रसार गरी पर्यटन व्यवसायिबाट समेत रोजगारी सिर्जना गरी व्यक्तिहरुलाई आत्मनिर्भरतामा पुऱ्याउन जोड दिदै हालको कोरोना लगायत महामारीहरुको नियन्त्रण गर्दै पर्यटन उद्योग मार्फत सुखि नेपाली समृद्ध नेपालको एक आधारसिला बन्न सक्दछ ।

नेपाली वा विदेशी जोसुकै व्यक्ति होस् विभिन्न जिज्ञासाहरु संगालेर एक देशबाट अर्को देशमा वा एक स्थानबाट अर्को स्थानमा भ्रमण गरी कम्तीमा २४ घण्टा र बढिमा ६ महिना विताउछ र त्यस ठाउँमा केही पैसा खर्च गर्छभने त्यस्तो व्यक्तिलाई पर्यटक भन्न सकिन्छ ।

Tourist शब्दको प्रयोग १२९२ मा भएको कुरा विभिन्न विद्वानहरुको लेख बाट पाउन सकिन्छ । ल्याटिन भाषाको Tornus बाट Tourist शब्द उत्पत्ति भएको हो । जसको अर्थ एक वृत्त चक्र भन्ने हुन्छ । कुनै पनि व्यक्ति आफ्नो घरबाट प्रस्थान गरी नयाँ ठाउँको भ्रमण गरेर आउने ब्यक्ति Tourist हो भने उसले गरेको क्रियाकलाप Tourism हो ( Satyal Y.R. 1988) ।

पर्यटनलाई परिभाषित गर्ने प्रथम व्यक्ति अष्ट्रियाका अर्थशास्त्री हर्मन स्युलाई (Harman Van Schullard) हुन् । सन १९९० मा परिभाषित परिभाषा अनुसार त्यतिबेलाको पर्यटन आर्थिक चरित्रका हुने गर्दथे । उनका अनुसार कुनै पनि निश्चित राष्ट्र, सहर वा क्षेत्र भित्र र बाहिर विदेशीहरुको बसोबास, आवतजावत र प्रवेश आर्थिक प्रकृतिसंग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कार्यक्रम हो ।

अग्रेजी भाषामा पर्यटन शब्द १९ औं शताब्दीमा शुरु भएको हो । प्रायः इतिहासमा मानिसहरु शिकार र खानाको खोजीमा घुमन्ते जीवन विताउथे भन्ने कुरा पुरातत्वविद्हरुले प्रमाणित गरिसकेका छन् । त्यसपछि विस्तारै विभिन्न उद्देश्यका लागि यात्राहरु हुन थाले जस्तै व्यापारिक, धार्मिक, रोजगारी, मनोरञ्जन आदि ।

नेपालमा पर्यटकको विकासक्रम नवपाषण युगदेखि नै शुरु भएको पाइन्छ । नेपालमा पर्यटनको विकासक्रम प्राचिन समयदेखी नै शुरु भएको पाइन्छ । त्यत्ति बेलाआर्थिक, राजनीतिक, व्यापारिक आदि तबरले यात्रा हुने गर्दथे । युरोपेलीहरु पृथ्वीनारायण साहको पालादेखि राजनीतिक भ्रमणहरु गरेका थिए (क्षेत्री र रायमाझी, २०५७) ।

विश्व पर्यटन विकास मानव उद्विकाससंगै जोडिएको छ । चार हजार वि.स तिर यात्रा गर्नेहरुको संख्यामा उल्लेख्य वृद्धि भएको थियो । प्राचिन बेवीलोनिया वा इजिप्टको चार हजार वर्ष पहिलेको शासन राजा शुल्गिले पर्यटनको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाहा गरेको देखिन्छ । फोनिसिया, इजिष्ट, ग्रीस लगायतका देशहरु बाहिरी देशहरुसंग परिचित भए भने फोनिसियनहरु पहिलो व्यापारिक यात्रु कहलिए । मार्कोपोलो र अलिक जेन्डरले यात्रालाई चर्चामा ल्याए । चिनिया यात्रहरुको यात्रा विवरण नेपाल र भारतको ऐतिहासिक स्रोत अन्तरगत पर्दछन् । मध्यकालमा चर्चित यात्रुहरुमा वेन्जामिन अफ ट्यूडेला र इबन बाटटा आदिको नाम उल्लेखनीय रहेको पाइन्छ । चौधौं शताब्दी, पुनरजागरण काल, पन्ध्रौं शताब्दी, सोरौं शताब्दी आदि युगसम्ममा यात्रा महत्वपूर्ण बनिसकेको थियो । जोन लाडेन तथा थोमस टोलफोर्डले उन्नाईसौं शताब्दीमा गरेको सडक व्यवस्थापनले पर्यटनलाई सुगम र छिटो बनायो । सन् १८४१ मा ब्याप्टिष्ट मडादिष्ट वा पादरी तथा पुस्तक विक्रेता थोमस कुकले ५७० जनालाई प्रतिव्यक्ति केही रकम लिएर लिसिष्टर देखि लुघाब्रोर्थसम्मको यात्रा गराएकाले अहिले उनलाई पर्यटनका पिताका रुपमा बुझ्न सकिन्छ । सन् १८७३ तिर जर्जमोर्टिभर पुलम्यानको पर्यटनमा महत्वपूर्ण योगदान रह्यो । यस्तै सन् १८०० मा अमेरिकाका युरोपतिर र युरोपका अमेरिकतिर खोज तथा अन्वेषणका लागि यात्रामा निस्के जसले पर्यटन विकासमा ठूलो योगदान पुऱ्यायो । उन्नाइसौं शताब्दीसम्म रेल, पानीजहाज र सुविधायुक्त मोटरगाडी तथा मोटरकारहरुको विकासले मानिसको यात्रालाई व्यापक बनाएको छ (पुरी, २०५६) ।

नेपालमा प्राचीन कालदेखी नै एक स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राज्यको रुपमा रहदै आएको छ । किरातबंशका राजा स्थुङकोको समयमा भारतको मगध राज्यका मौर्य सम्राट अशोकले नेपालको लुम्बिनी र काठमाण्डौ भ्रमण गरेका थिए । बौद्ध धार्मिक आख्यानअनुसार मञ्जुश्रीले चीनबाट नेपालको भ्रमण गरेका थिए । हिन्दु धार्मिक आख्यान अनुसार भगवान् श्रीकृष्णले भारतबाट अनेकौं ग्वालाहरुको साथमा काठमाण्डौ उपत्यकाको भ्रमण गरेका

थिए । हुन त सन् १८०१ मा राजदूत कप्तान नक्स, नापी विशेषज्ञ चार्ल्सफ्राउफोर्ड र खानी एवं रसायत विशेषज्ञ मि.व्लेक लगायत ५० जना संगै नेपाल आएका थिए । हेमिल्टनले पर्यटन विकासको लागि सन् १८१८ मा एन एकाउण्ड अफ दि किङ्गडम अफ दि नेपाल नामक पुस्तक प्रकाशन गरेका थिए । सन् १८०४-४४ बीचमा बोइलेउ, गार्डनर, म्याडाक्ले र हड्सन राजदुतहरु लगायत १५३ जना अंग्रेजीहरुले नेपाल प्रवेश पाएका थिए । सन१८५० मा जंगबहादुरले बेलायत भ्रमण गरेका थिए । सन् १९०८ मा चन्द्रशमशेरले बेलायतको भ्रमण गरेका थिए । सन् १९०६ मा वृटिस भारतका सेनापति लर्ड किचनरको काठमाडौं आगमन भएको थियो । यी सबै नेपालमा आउने जाने क्रम सरकारको नियन्त्रण भित्र हुने गर्थ्यो । जुन गतिविधि २००७ को परिवर्तन पछि सामान्य बन्दै आयो (पुरी, २०५६) ।

विश्व पर्यटन संगठनका अनुसार कुनै पनि पर्यटकलाई निम्नलिखित ७ भागमा वर्गिकरण गरिएको छ ।

१. फुर्सदको उपयोग गर्ने ।
२. मनोरञ्जन गर्ने ।
३. बिदा मनाउने ।
४. अध्ययन गर्ने ।
५. पारिवारिक भ्रमण ।
६. सभा-सम्मेलनमा भाग लिन ।
७. धर्म वा धार्मिक उद्देश्यबाट गरिने (डब्लु टि ओ, १९८०) ।

त्यसैगरी यात्रीको संख्या, यात्रीको आीर्थक स्तर र यात्रीको उमेरको आधारमा पनि पर्यटकहरुको वर्गीकरण गरिएको पाइन्छ । साथै विश्व पर्यटन संगठन उद्योगलाई विश्वको प्रथम उद्योगसमेत मानेको छ । संयुक्त राष्ट्रसंघले पर्यटकलाई निम्न आन्तरिक र बाह्य पर्यटक गरी विभाजन गरेको छ ।

**क. आन्तरिक पर्यटक**

आफ्नै देशभित्रका सामाजिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक जस्ता महत्वपूर्ण ठाउँहरुको भ्रमण गरी गरिने क्रियाकलापलाई आन्तरिक पर्यटन भनिन्छ । यस्ता पर्यटकीय क्रियाकलापमा संलग्न रहेका व्यक्तिहरुलाई आन्तरिक पर्यटक भनिन्छ ।

**ख. बाह्य पर्यटक**

यात्रा गर्न इच्छुक पर्यटकलाई कुनै पनि बाहिरी देशको भ्रमणको व्यवस्था मिलाउने कार्य पर्यटन हो । आज यात्रा गर्नेहरुको संख्यामा उलेख्य वृद्धि भइरहेको छ बाहिरी देशका पर्यटकहरुलाई आफ्नो देशमा भएका प्राकृतिक स्रोत, सम्पदा तथा अन्य बस्तुको प्रवर्द्धन गरेर सेवा प्रदान गर्ने क्रियाकलापलाई वाह्य पर्यटन भनिन्छ । यस्ता पर्यटन क्रियाकलापमा संलग्न व्यक्तिहरुलाई बाह्य पर्यटक भनिन्छ (भण्डारी २०६८) ।

पर्यटक हुनको लागि निश्चित मापदण्ड पुरा भएको हुनु पर्दछ । यस क्रममाDictionary of Universal का अनुसार पर्यटकको अर्थ आफुले यात्रा गरेर लिएको आनन्दहरुलाई सुनाउन उत्कुक हुने व्यक्तिलाई संकेत गरिएको छ । पर्यटकको अर्थ The Oxford Dictionaryले व्याख्या गरे अनुसार पर्यटक त्यो व्यक्ति हो जसले भ्रमण गर्दछ अथवा आनन्द प्राप्तीको लागि मनपरेर विभिन्न ठाँउहरुको भ्रमण गर्ने व्यक्ति नै पर्यटक हो । पर्यटन सम्बन्धी १९९३ को संयुक्त राष्ट्रसंघको रोम सम्मेलनले पर्यटनलाई तीन तहमा विभाजन गरेको छ ।

Visitors : कुनै पनि व्यक्ति जो भ्रमण मुलुकमा परिश्रमयुक्त पेशा गर्ने बाहेक अन्य उद्देश्यले आफु बसोबास गरिरहेको देश बाहिर अर्को देशमा भ्रमण गर्दछ भने उ यात्रु हो ।

Tourist : त्यस्तो अस्थायी यात्रु हो, जो भ्रमण गरिएको देशमा कम्तीमा २४ घण्टासम्म रहन्छ र उसको भ्रमणको उद्देश्य आनन्द (मनोरञ्जन, बिदा, अध्ययन, खेलकुद, औषधोपचार, तीर्थयात्रा, व्यापार, व्यवसाय, आफन्त वा पारिवारिक भेटघाट, प्रतिनिधिमण्डल र बैठक आदी) हुन्छ ।

Exursionist : Exursionist त्यस्तो अस्थायी पर्यटक हो जो २४ घण्टा भन्दा कम समयका लागि कुनै मुलुकको भ्रमण गर्दछ । यसरी २४ घण्टा भन्दा कम यात्रा गर्ने वा यात्राको क्रममा एक रात पनि नविताउने यात्रीलाई दिवा पर्यटक (Day Visitor) भनिन्छ ।

नेपाललाई हामीले निकै लामो समयदेखि निर्धन र गरीब देश भन्दै आएका छौं, तर विश्व मानचित्रका विभिन्न मुलुकहरुको स्थितिलाई हेर्दा नेपाल जैविक विविधता र विविध प्राकृतिक स्रोतसाधनले भरिपूर्ण छ, जसको सही सदुपयोगले देश सम्पन्न तथा समृद्ध बन्न सक्छ । समुन्द्रसंग नजोडिनु अर्थात भूपरिवेष्ठित राष्ट्र हुनु नेपालको दुर्भाग्य हो । नेपालमा रहेका यी अपार प्राकृतिक स्रोत साधन, जलवायु, उर्वर भूमि र सामाजिक सांस्कृतिक सम्पदालाई आम जनताको हितमा प्रयोग गर्ने हो भने जनताको जीवनस्तरमा निकै सुधार गर्न सकिन्छ । मरुभूमिलाई समेत उर्वर बनाएर खाडी मुलुकहरुले नेपालीहरुलाई रोजगारी दिएका छन् । त्यसको तुलनामा नेपालमा प्रचुर संभावनाहरु छन् । केवल खाँचो छ विकास प्रतिको दिगो सोच र प्रतिवद्धताको (कास्की जिल्लाको पर्यटन गुरुयोजना २०६८-०७८) ।

राज्य पुन संरचना अनुसार देशले संघीयता अपनाए पछि कास्कीमा पाँच वटा स्थानीय तहका सरकारहरु छन् । कास्कीको उत्तर पूर्वमा अवस्थीत पर्यटनको प्रचुर सम्भावना बोकेको मादी गाउँपालिका कास्कीको क्षेत्रफलको हिसाबले सबै भन्दा ठूलो स्थानीय तह हो (मादी गा.पा वस्तुगत विवरण २०७४) ।

यस गाउँपालिकाले पर्यटनलाई मुख्य मेरुदण्डको रुपमा लिएको छ । पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार समन्यायिक समृद्धि मादीको मूल आधार भन्ने नाराबाट समेत मादीले समृद्धिको लागि पर्यटनलाई मुख्य रुपमा लिएको बुझ्न सकिन्छ । नेपाल सरकारले चयन गरेका एक सय पर्यटकीय गन्तव्य मध्ये मादी गाउँपालिका १ को सिकलेस गाउँ पर्दछ । मादी १ सिक्लेस साविकको पार्चे गा.वि.स को ५-९ वडाहरु रहेको गुरुङहरुको ऐतिहासिक र सांस्कृतिक गाउँ हो । एउटै ठाउँमा एकवद्ध भई गुचमुच ४०० बढि घरहरु अन्नपूर्ण र लमजुङ हिमालको फेदमा लालिगुरासले घेरीएको यो गाउँ समुद्री सतहबाट २००० मिटरको उचाईमा अवस्थित छ ।

पोखराको काउखोलाबाट ४० किलो मिटर उत्तर पूर्वमा पर्ने यस गाउँमा काउखोला सिक्लेस दूधपोखरी सडक मार्ग हुँदैकाउखोला, काउरे, छाचोक, मेलबोट, थाक, तप्राङ, चिप्ली, खिलाङ, पार्चे हुँदै ३ घण्टाको कच्ची सडकको यात्रा पछि सिक्लेस पुग्न सकिन्छ । हाल कालोपत्रेको लागि समेत कार्य भैरहेको यो सडकबाट मोटर साईकल, जीप, बस आदी साधनबाट सिक्लेस पुग्न सकिन्छ । काउखोला, ताङतिङ भएर समेत सिक्लेस जान सकिन्छ । पदयात्रा प्रेमीहरुलाई आर्मला, थाक, ताराहिल, सिक्लेस र घलेखर्क, ताराहिल हुँदै सिक्लेस

जान सकिन्छ । गाउँपालिकाले कास्कीको सिक्लेसबाट मनाङसम्म टोनी हेगन पदमार्ग बनाउने कार्य समेत शुरु गरेको हुँदा मनाङबाट समेत दुध पोखरी हुँदै सिक्लेस आउन सकिन्छ ।

थाकहिल, मैपोलो, लम्तरी, भगवती, भालेचुचुरो, नागढुंगा, युम्दु, याङजाकोट दरबार, कर्पु डाँडाँ, नौजु डाँडाँ, अर्मला, थाक, ताराहिल, सिकलेस, कपुचे पदमार्ग घलेखर्क सिक्लेस इको ट्रेक, हुगु ताराहिल इदिखोला झरना, तप्राङ बन्यजन्तु पार्क योजना, सिक्लेस कोरी केवलकार योजना, यहाँको गुरुङ संस्कृति, पे ता ल्हु ताले सिकलेसको होटल व्यवसाय र होमस्टेमा प्रत्यक्ष फाइदा पुगेको छ (मादी गा.पा बस्तुगत विवरण, २०७४) ।

सिक्लेसबाट अन्नपूर्ण, लमजुङहिमालको श्रृंखलाको अबलोकन गर्ने, सिक्लेस इकोपार्क, संग्राहलय, शान्ति स्तुपा, क्होइवो तथा गुम्बाहरु, एक्यापको इलाका कार्यालय, तातोपानी, सिक्लेसबाट नजिकै रहेको विश्वकै होचो सतहमा रहेको क्हफुचेहिमताल, हुगु, कोरी, ठुलेक, दुध पोखरी लगायतका प्राकृतिक सौन्दर्यले भरीपूर्ण पर्यटकीय स्थलहरु साथै गुरुङ समुदायको ऐतिहासिक पुरातात्वीक आदीम थलो क्होला सोथर समेत नजिकै रहेको छ । जसले पर्यटनको आकर्षणको केन्द्र सिक्लेस बन्न पुगेको छ । अझै माघे सक्रान्ति मेला गुरुङहरुको घाँटु, रोधी, छ्याङु, रहनसहन, भाषा, भेषभुषा, लगायत संस्कृतीसंगै नेपालमा भएको १० वर्षे ससस्त्र संघर्षलाई शान्तिपूर्ण रुपमा अवतरण गराउन विद्रोही र सरकार पक्षको वार्ताको सुरुवात विन्दु सिक्लेस रहेकोले  सिक्लेसलाई थप पर्यटन तान्न मदत पुगेको छ । सिक्लेसको सम्पदा र संस्कृतिले पर्यटकलाई आकर्षित गरेको छ भने सडक लगायत पदमार्गहरु व्यवस्थित नहुँदा थप पर्यटन आगमनमा समस्या भएको छ । पर्यटकबाट प्राप्त आम्दानी पुनः सहर तर्फै खर्च भएको देखिन्छ । पूर्वाधार तथा भौतिक सामाग्रिहरु खरिद हुँदा रकम बजार शहर तर्फै कसरी फर्केको छ । स्थानीय होटल तथा घरबास समितिहरुले व्यवसायीहरुलाई सहभागिता गराउदै कसरी पर्यटन विकास गरेको छ । पर्यटकहरुलाई फुलमाला सहित गरिने स्वागत, घाटु, सोरठी, आमा समूहको नाचगान, गुरुङ भेषभूषा, संस्कृति, भाषा, मेलापर्व, पेशा, सामाजिक मुल्य मान्यताले सिक्लेसमा थप पर्यटनको विकास भएको छ ।

पर्यटनको दृष्टिकोणले कास्की जिल्ला प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छन् । यो जिल्ला भित्र पनि अनेकौ स्थानहरु विविध पर्यटकीय संभावनाहरुले युक्त छन् । आज विज्ञान, प्रविधि र संचार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा

गाउँको रुपमा परिणत हुँदै गईरहेको अवस्थामा यस्ता राष्ट्रिय सम्पदा र ग्रामीण पर्यटनका संभावित स्थलहरुलाई मुलुक भित्रकरा साथै विश्व सामू प्रस्तुत गर्दै राष्ट्रिय र विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । त्यसमा पनि हामी जस्ता सोधार्थीहरुले पनि राष्ट्रिय अर्थतन्त्रलाई माथि उठाउन शोधकार्य गर्दा यस्ता संभावनाको खोज र अनुसन्धानमा जोड दिन जरुरी देखिन्छ । पर्यटन व्यवसाय आफैमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधिकरण र विस्तारद्धारा आम नागरिक र खासगरी ग्रामीण समूदायको जीविकोपार्जन र रोजगारीका अवसरहरुमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउन अपरिहार्य भएको छ ।

**एक्याप, सिक्लेस र पर्यटन**

गण्डकी प्रदेशको अन्नपूर्ण हिमशृंखला वरिपरिको क्षेत्रलाई अन्नपूर्ण क्षेत्र भनिन्छ । यस क्षेत्रमा भौगोलिक बनावट र हावापानी विविधता छ । अग्ला अग्ला हिमाल देखि संसारकै सबै भन्दा गहिरो कालिगण्डकी खोच र अग्लो स्थानमा रहेको तिलिचो ताल यहि पर्दछ । घना लालिगुरासको जंगल, दुर्लब तथा लोप हुन लागेका हिउचितुवा, कस्तुरी मृग लगायतका बन्यजन्तु यहि क्षेत्रमा पाइन्छ । यस क्षेत्रमा गुरुङ, थकाली, लोवा, मगर, ब्राहमण, क्षेत्री, वि.क, परियार, नेपाली आदी जातजातिहरु बसोबास गर्छन । यसको स्थापना वि.स २०४३ मा सुरुवात भएको हो । राष्टिय प्राकृतिक संरक्षण कोष अन्तरगत सञ्चालित यो परियोजना पछि थप हुँदै २०४९ सालमा अन्नपूर्ण संरक्षण क्षेत्रको घोषणा पछि हाल म्याग्दी, मुस्ताङ, मनाङ, लमजुङ, कास्की गरी ५ जिल्लाका १५ गाउँपालिकाहरु पर्दछन् । २०६८ को जनगणनाको तथ्यांक अनुसार यस इलाकाको जनसंख्या एकलाख रहेको छ भने एक्यापको कुल क्षेत्रफल ७६१९ वर्ग कि.मि रहेको छ ।

सिक्लेसमा एक्यापबाट १०० किलोवाडको माइक्रो हाइड्रो प्रोजेक्ट स्थापना गरिएको छ । दिगो पर्यटन प्रवर्दन, दिगो ग्रामिण विकास संरक्षण सम्बन्धी विभिन्न कार्यक्रमहरु, कृषि विकास कार्यक्रम लयायतका कार्यक्रमहरु सञ्चालित छन् । एक्यापको मुख्य उद्देश्यमा प्राकृतिक श्रोत र सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्ने, जनताहरुको जीवनस्तर उठाउन टेवा पुऱ्याउने र दिगो रुपमा पर्यटन व्यवस्थापन गर्ने रहेका छन् (प्रकृतिको सन्देश,२०७४) ।

नेपालमा पदयात्रामा आउने पर्यटकहरुको कुल संख्याको ५० प्रतिशत भन्दा बढि पर्यटकहरु अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पदयात्रामा जाने गर्दछन् (नेपाल राष्ट बैंक, २०५७) ।

पोखराबाट उत्तरमा पर्ने ४० किलोमिटरको दुरीमा रहेको पर्यटकीय गाउँ सिक्लेस पर्यटकीय सम्भावना बोकेको एक्याप क्षेत्र भित्रको परिचित ठाँउ हो जहाँ पर्यटनलाई प्रवर्दन गर्ने हेतुले विभिन्न होटल तथा घरबासहरु स्थापना भएको छ । यस्ता होटल तथा होमस्टे खोल्न एक्यापले समेत भूमिका खेल्दै आएको छ । सिक्लेसको पर्यटन र एक्याप एक आपसमा अन्तरसम्बन्धित देखिन्छ । एक्यापको इलाका कार्यालय सिक्लेसमै रहेकोले यस क्षेत्रमा एक्यापको स्थापना पछि पर्यटकको व्यवस्थित रुपमा सुरुवात भएको घलेखर्क सिक्लेस इको रुट सिक्लेस पदमार्गबाट विदेशी पर्यटकहरु सिक्लेस आउने गरेको, परम्परा देखि चलिआएको सिक्लेस माघे मेला तथा माउद क्युफिमा माघमा स्नान गर्न स्वदेशी पर्यटकहरु सिक्लेस आउने गरेको र उक्त पर्यटकहरुलाई होटल तथा घरबास कार्यक्रम सञ्चालन नहुँदा आफन्तहरुले बास दिने गरेको स्थानीय बुद्धिजिवीहरुको भनाई छ ।

**घलेखर्क सिक्लेस इको ट्रेक**

घना लागिगुरासको जंगल, माछापुछ्रे र अन्नपूर्ण हिमश्रृंखला अवलोकन गर्ने गरी अन्नपूर्ण संरक्षण क्षेत्रको पहलमा सुरुवात गरिएको यो इको ट्रेकले सिक्लेसमा विदेशी पर्यटक भित्राउन सुरुवात गरेको हो (www.ntnc.org.np) ।

गुरुङहरु विभिन्न स्थानमा हजारौ वर्ष अघि विभिन्न राज्यहरु स्थापना गर्दै आएको र क्होला सोँथरमा रितिथिति व्यवस्थित भएपछि बसाइसराई गरी सिक्लेसमा आएको हो । यो गाउँ तमु समुदायको संस्कार र संस्कृति, परम्परा, रितिथिति, भाषा, धर्म कर्म, मौलिकताले प्रख्यात रहेको पाइन्छ । सिक्लेसलाई गुरुङहरुको प्ये ताँ ल्हु ताँ (शास्त्र अर्थ) को केन्द्र, रजनीतिक र सामाजिक मात्र नभई लमजुङ र अन्नपूर्ण हिमालको काखमा समुन्द्री सतहबाट २००० मिटर उचाइमा रहेको प्राकृतिक स्रोत साधनले भरिपूर्ण रमाइलो र आकर्षक गाउँ हो (तमु,२०७१) ।

**क्हफुचे हिमताल**

अन्नपूर्ण हिमतालको फेदीमा समुद्री सतहदेखी २४२० मिटरको उचाइमा अवस्थित क्हफुचे हिमताल अन्नपूर्ण दोस्रोबाट झरेर आएको हिउ हिमनदीको रुपमा वहेर आइ बनेको हिमताल हो । गुरुङ भाषामा क्ह भनेको हिउ र फु भनेको भत्कने र चे भनेको समतल भूभाग हो । सिक्लेसबाट ८ घण्टाको पैदल यात्राबाट पुग्न सकिने यो हिमताल पर्यटकको आकर्षक गन्तव्य स्थल हो (मादी.गा.पा २०७४) ।

## कोरी

कोरी समुन्द्री सतहबाट ४००० मिटर उचाइमा रहेको समथल भूभाग हो । यहाँ भेडा पालन, यार्चागुम्बा जडिवुटि समेत पाइन्छ । अक्षांश र देशान्तरको आधारमा नेपालको मध्य विन्दु कोरी क्षेत्र हो । कोरीमा चलचित्र छायांकन र हिउ खेल्ने पर्यटकहरु बढ्दै गएको छ ( मादी.गा.पा २०७४) ।

## क्होला सोंथर

क्होला सोंथर गुरुङ जातिको आदिम बस्ती मानिन्छ । समुन्द्री सतहबाट ३२६५ मिटरको उचाइमा रहेको यस ठाउँमा ३ वटा बस्तीहरुको भग्नाविशेष अहिले पनि देख्न सकिन्छ । घर, दरवार लगायतका भग्नाविशेषहरु रहेको उक्त स्थानमा गुरुङहरुको राज्य रहेको र पछि बसाइसराइबाट विस्थापित भएको यो क्षेत्र सिक्लेसबाट २ दिनको यात्रामा पुग्न सकिन्छ । सिक्लेसको पर्यटनको महत्वपूर्ण गन्तव्य क्होला सोंथर पनि हो (मादी गा.पा २०७४) ।

## माघे सक्रान्ती मेला र ठेलो प्रतियोगिता

मादी गाउँपालिकाको सिक्लेसको माघे सक्रान्तीको जात्रामा परापूर्व कालदेखि नै अत्यन्तै लोकप्रिय खेलको रुपमा यो खेल खेलिने गरेको पाइन्छ । दौडेर ढुङ्गाको डल्लो वा फलामको डल्लो पर सम्म फाल्ने खेल प्रतियोगितालाई ठेलो खेल भनिन्छ । यो खेल अहिलेको "सटफुट" जस्तो देखिएता पनि यो सटफुट होइन । ठेलो खेल ढुङ्गा ठेलेर फालिने भएकोले ठेलो भनिएको हो भनिएता पनि यसको शाब्दिक अर्थ अर्के रहेको छ, सबैभन्दा पुरानो र आज सम्म प्रचलनमा रहेको सिक्लेस गाउँमा यो खेललाई " छ्योंलैं "  भनिन्छ, जसको शाब्दिक अर्थ झ्याली बाजा  भन्ने बुझिन्छ तर यो झ्याली बाजा नभई गुरुङ भाषाको " छ्योप्ले " भन्ने शब्दको अपभ्रंश भई गुरुङ भाषाको " छ्योप्ले " भएकको  बुझिन्छ , अर्थात गुरुङ भाषामा "छ्योप्ले" भनेको ढुङ्गाको छप्पनी हो, "छ्यों " को अर्थ जहाँ राखिन्छ त्यहाँ अडिने  वा बसेको  र "प्ले" को अर्थ चेप्टो  आकारको  ढुङ्गा हो, यी दुई शब्दहरु मिलेर "छ्योंप्लें "भएको हो, त्यसैले ठेलो खेल गुरुङ भाषाको "छ्योंप्लें " बाट छ्योंले र छेलो हुँदै ठेलो भनिएको हो । ठेलो खेलको विजेतालाई उच्च सम्मान दिइने गरेको  पाइन्छ, यो वर्षको ठेलो विजेता त्यस क्षेत्रको पहलमान कहलिने र विजेताको शिरमा नैनासुतको पगरी गुथाउने,विजेतालाई काँधमा बोकेर परिक्रमा गराउने, बाजा गाजाको सम्मान दिइने र

त्यो वर्ष भरि ठेलो विजेताको ताज पहिराउने प्रचलन अझैसम्म रहेकोबाट  गाउँकोराजा वा गाउँको चिवा छानिने रहेछ भन्ने अनुमान गर्न सकिन्छ । त्यसैले यो खेल राजनैतिक महत्व बोकेको खेलको रुपमा रहि आएको महत्वपुर्ण खेल रहेको छ । मादी गाउँपालिकाले यो खेललाई मौलिक खेलको रुपमा घोषणा गरेको हो (मादी गाउँपालिका, स्थानीय पाठ्यक्रम २०७७) ।

परापूर्वकालबाट यो मेला हुदै आएकोमा हाल सिक्लेस युवा क्लबले यो मेला सञ्चालन गर्ने र उक्त मेला हेर्न दर्शकहरुको घुइचो लाग्ने गर्दछ । शुरुमा ठेलो प्रतियोगिता मात्र भएता पनि हाल यो संगै उक्त मेलामा खेलकुद साथै घाँटु लगायत गुरुङ संस्कृति झल्कने प्रस्तुतीहरु रहन्छ । उक्त दिन मौउदु क्युफीमा स्नान गर्ने गर्दछ र छेलो प्रतियोगिता हुने वडा अध्यक्ष सुरज कुमार गुरुङले बताउनु भयो ।

यसका साथै उहाँले सिक्लेसमा अर्मला, थाक, ताराहिल, सिक्लेस पदमार्ग निर्माणाधिन, टोनीहेगन पदमार्ग, सिक्लेसको भूमे थानहरु, गुम्बा तथा कोइबोहरु, सिक्लेस म्यूजियम, शान्ति स्तुपा, सिक्लेस पार्क, रैसिधौं डाँडाँ, चदक्यू, सभा चो, इदि झरना, मह भिरहरु होमस्टे तथा होटलहरुले समेत सिक्लेसको पर्यटन प्रवर्धनमा सहयोग पुगेको बताउनु भयो ।

## घाटु र संस्कृति

पश्चिम नेपालको गण्डकी प्रदेशको मादी गाउँपालिकामा पर्ने क्होला सोंथर गुरुङ जातिको आदिम थलो हो । यहाँबाट गुरुङहरु बसाइ सर्दै विभिन्न ठाउँमा पुगेता पनि उनीहरुको आफ्नै मौलिक सांस्कृतिहरु रहेको छ । ती मध्ये घाटु पनि एक महत्वपूर्ण संस्कृति हो । घाटु कुमारी केटीहरुलाई सिंगार पटार गरी गीति भावनात्मक लोकनृत्यको लयवद्ध रुपमा नाच्ने गरिन्छ । उक्त घाटुमा नाच्ने नतर्कीहरुलाई घाटुनी, सिंगार पटार सहयोगीहरुलाई सुसारे र निर्देशन दिने व्यक्तिलाई गुरुबा भनिन्छ । सति घाँटु र बाह्रमासे घाटु गरी २ प्रकारको घाँटु नाच नाच्ने प्रचलन छ । सति घाटु ३ दिन सम्म लगातार नाच्ने गर्दछ भने बाह्रमासे घाटुको समय परिस्थिती अनुसार मिलाउन सकिन्छ । श्रीपञ्चमीबाट सुरु हुने घाटु बैशाख पूर्णीमामा समापन गरिन्छ । गुरुङ जातिको मौलिक संस्कृतिका रुपमा परिचित घाटुको संरक्षण र सम्वर्धन गर्न सकेमा पर्यटकको विकासमा टेवा पुग्दछ (मादी गा.पा, स्थानीय पाठ्यक्रम २०७७) ।

होटल र घरबास समितिको भनाइ अनुसार एक्यापको स्थापनासंगै सिक्लेसमा बाह्य पर्यटकको आगमन र सिक्लेसको थप प्रचारप्रसार हुन सकेको हो । सुरु सुरुमा यातायतको पहुँच नहुँदा पर्यटन सम्बन्धी ज्ञान, होटलहरु नहुँनाले आफन्त, पाहुँना, कर्मचारीहरु सिक्लेस आएता पनि विस्तारै स्वदेशी र विदेशी पर्यटनको आगमन र होटल तथा घरबासको सुविधा वृद्धि हुदै आएको छ । होटलहरु १०/१२ वर्ष देखि व्यवस्थित रुपमा र घरबास भने २०७५ देखि संगठीत रुपमा सञ्चालित छन् । यसरी सिक्लेस गाउँ पहिल्यैबाट पर्यटकीय स्थल हुँदाहुदै पनि धैरै खोज अनुसन्धान गुरुङ गाउँ र संस्कृतिको भएको तर पर्यटन व्यवसायी र विशुद्ध पर्यटनको विषयमा नभएको हुँदा सिक्लेसमा होटल व्यवसाय तथा घरबासले पर्यटनमा पारेको प्रभाव कास्की मादी गाउँपालिका वडा नं. १ सिक्लेस क्षेत्रका विविध सम्पदाको खोज गरी तिनीहरुको समुचित संरक्षण र सम्वर्द्धन गर्दै पर्यटनको प्रवर्दन गर्न अत्यावश्यक भएको छ ।

## १.२ समस्याको कथन

नेपाल प्रकृति र संस्कृतिमा धनि भएता पनि सहि रुपमा यसलाई परिचालन र व्यवस्थापन गर्न नसक्दा अझै गरिब गरिब नै रहनु परेको छ । सुखी नेपाली समृद्ध नेपालको नारा गाउँगाउँसम्म गरिबको घरघरसम्म पुग्न सकेको छैन । जलबायु परिवर्तन, जनसंख्या वृद्धि, प्राकृतिक सम्पदाको विनास, सांस्कृतिक विलोविकरण जस्ता समस्या छदै छ । देशमा बेरोजगारीको समस्याले देशको युवा शक्ति दिनप्रति दिन विदेशिनु परिरहेको छ । यस्तै समस्या कास्कीको मादी गाउँपालिका १ सिक्लेसको समेत छ । पर्यटनको प्रचुर सम्भावना भएको यस गाउँ जति विकास हुनु पर्ने हो, जनताहरुको जीवनस्तर जुन रुपमा हुनु पर्ने हो त्यो हुन सकेको छैन । तै पनि यस गाउँमा सञ्चालनमा आएका सुविधा सम्पन्न होटलहरु र गाउँगाउँमा सञ्चालित घरबासहरुले यस वडाको जनताहरुको आयआर्जनमा केही मात्रामा आम्दानी वृद्धि तथा जीवन स्तरमा सुधार आएको छ, रोजगारीहरुको सिर्जना भएको छ । तर पर्यटकबाट प्राप्त आम्दानीहरु सेवा सुविधा थप तथा अन्य भौतिक पूर्वाधारहरु बनाउदा आम्दानी पुनः शहर तर्फ गएको छ । सडक तथा सेवा सुविधाको कारणले पर्यटक वृद्धि हुन सकेको छैन । स्थानीय जनतामा यस व्यवसायले कस्तो प्रभाव पार्‍यो, यस व्यवसाय प्रति जनताको धारणा कस्तो छ । भविष्यमा यस व्यवसायबाट जनताहरुको आर्थिक स्तर उन्नतिमा उदारणीय काम गर्न सकिन्छ कि सकिदैन जस्ता सन्दर्भमा प्रस्तुत अनुसन्धानको

शिर्षक सार्थक छ । अनुसन्धानले होटन व्यवसाय र होमस्टे व्यवसाय बारे एक समाजशास्त्रीय अध्ययन गर्ने छ । समुदायका जनताको जीवनस्तर, सामाजिक एवं आर्थिक प्रभावको बारेमा विश्लेषणात्मक अध्ययन गरिने छ ।

पर्यटन नेपालको अर्थतन्त्रको विदेशी मुद्रा आर्जनमा महत्वपूर्ण योगदान पुऱ्याउने क्षेत्र हो । पर्यटन क्षेत्रले रोजगारी सृजनागर्ने ग्रामिण क्षेत्रको गरीबी न्यूनीकरण गर्दै क्षेत्रीय विकासमा अहम भूमिका खेलेको छ । सन् २००९ मा पर्यटन क्षेत्रबाट कुल ३७७१.७२ लाख अमेरीकि डलर आम्दानी भएको र ५ लाख ९ हजार ९ सय छपन्न जना पर्यटक आएका थिए । सन २००८ को तुलनामा १.६ प्रतिशतले बृद्धि भएको थियो । पर्यटनको बसाई १०/१२ दिन रहेको थियो । पर्यटन क्षेत्रको योगदान २.१६ प्रतिशत रहेको छ । सरकारले २०११ लाई नेपाल भ्रमण बर्ष घोषणा गरेको थियो, जसको नारा पर्यटन संग संगसंगै भन्ने थियो । त्यसै गरी भिजिट नेपाल २०२० मा २० लाख पर्यटक भित्राउने लक्ष्य रहेकोमा कोभिडले ठूलै समस्या पैदा गऱ्यो । भ्रमणको उद्देश्य मनोरञ्जन, व्यवसाय, प्रवर्धन, सभा सम्मेलन, पर्वतारोहन तथा अन्य कार्यहरुको अवलोकन पदयात्रा, जलयात्रा, ऱ्याफ्टिङ, बन्जि जम्प, प्याराग्लाइडिङ, मौलिक संस्कृति प्रवर्द्धन, धार्मिक दर्शन, खेलकुद, चलचित्र छायांकन, शैक्षिक प्रदर्शनी, तालिम, योग साधना, कृषि उत्पादन जस्ता कार्यक्रम गरी पर्यटन प्रवर्धन र विकास गर्न सकिन्छ (पर्यटन नीति २०६५) ।

मुख्य गरी ग्रामीण पर्यटन व्यवसायको कमाइले घर व्यवहार चलाउन पुगेको छ वा छैन ? यदी नपुगेको भए कसरी चलाउने गरेको छ ? के कस्ता समस्याहरु छन् ? व्यवसायीहरुको जिवनमा परिवर्तन ल्याएको छ कि छैन ? कस्तो परिवर्तन ल्याएको छ ? मुलभुत रुपमा समस्याका रुपमा रहेका छन् ।

**अनुसन्धानात्मक प्रश्नहरु**

१. सिक्लेस गाउँमा होटेल तथा घरबासको अवधारणा कसरी सुरुवात भयो ?

२. ग्रामीण होटल तथा घरबासबाट समाजमा के कस्तो प्रभाव परेको छ ?

३. ग्रामीण होटल तथा घरबास व्यवसायबाट आर्थिक स्तर के कसरी बढेको छ ?

४. के स्थानीय तहमा पर्यटकहरुलाई सेवा सुविधा सन्तोषजनक रुपमा दिन सकेको छ ?

५. पर्यटनको अवस्था के छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य सिक्लेसको होटल व्यवसाय र घरबास व्यबसायले पर्यटनमा पारेको प्रभावको अध्ययन गर्ने र विशिष्ट उद्देश्य अन्तरगत निम्न उद्देश्यहरु रहेका छन् ।

१. होटल तथा घरबास व्यवसायबाट स्थानीय समुदायमा पारेको सास्कृतिक आर्थिक प्रभावको विश्लेषण गर्ने ।

२. ग्रामीण पर्यटन तथा होटल व्यवसायमा स्थानीयको सकारात्मक धारणा पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

सिक्लेस पर्यटनको गन्तब्य स्थल भएकाले यसलाइ थप प्रचार प्रसार गर्न र स्थानीय तह तथा सरोकारवालाहरुको भूमिका अझ बढाउन र सिक्लेस बासीको जीवनस्तर वृद्धि गर्न सम्बन्धीत निकायलाई योजना बनाउन मदत पुर्‍याउन यस पक्षको अध्ययन गरिएकोछ । प्राकृतिक र सांस्कृतिक रुपले सम्पन्न नेपालका लागि पर्यटन बलियो आर्थिक आधार हुन सक्छ । जसले सिक्लेस जस्ता पर्यटकीय गाउँका बासिन्दाको जीवनस्तर उकास्न र देशको चौतर्फी विकास गर्न मदत पुग्दछ । होटल तथा घरबास व्यवसाय गरी यहाँका स्थानीयहरुले आर्यआर्जन क्रियाकलाबमा कस्तो सहभागिता जनाएका छन् यस्तो खालको अध्ययन यस अगाडी नभएकोले यहाँका संघ संस्था व्यक्ति सरोकारवाला सम्पूर्णलाई यस अध्ययनले सहयोग पुग्नेछ भन्ने आशा राख्न सकिन्छ । नेपाल सरकारको १०० गन्तब्य भित्र परेको सिक्लेस गाउँको अध्ययनले यस्तै अन्य पर्यटकीय गाउँहरुको बारेमो समेत थप अध्ययन गर्न र अन्य ठाउँको विकास जस्तै अगाडी लैजान महत्व रहेको छ (मादी गा.पा २०७४ ।)

## १.५ अध्ययनको सिमाहरु

शैक्षिक अध्ययन भएको हुँदा अनुसन्धानकर्ताका रुपमा विद्यार्थी सिमित बजेट, समय भएको हुनाले यस अनुसन्धानलाई पनि निश्चित समय, बजेट, स्थान एवं अरु स्रोतको उपलब्धताका आधारमा सिमा निर्धारण गरिएको छ । यस अध्ययनको निम्त सिमाहरु रहेकाछन् ।

क) यस अध्ययनलाई सिक्लेस गाउँमा सिमित गरिएको छ ।

ख) अनुसन्धाले होटल तथा घरबास व्यवसायले जनतामा ल्याएको आर्थिक प्रभाव जोडिएको छ ।

ग) उक्त होटल तथा घरबास व्यवसाय संचालनमा आएपछि त्यस क्षेत्रका जनसमुदायमा आएको परिवर्तनएवं पहुँचलाई हेरिएको छ ।

घ)अनुसन्धानकर्ताले ग्रामीण भेगमा सरकारी स्तरबाट प्रवर्द्धनमा देखापरेको समूया न्यूनिकरणमा सहयोग गर्न, समुदायमा ग्रामीण होटल व्यवसायले ल्याएको वैकल्पिक पर्यटन प्रबर्द्धन पक्षलाई हेरिएकोछ ।

ङ) यस अध्ययनले सिक्लेसमा पर्यटनको आकर्षण पक्ष र विकर्षण पक्ष, सिक्लेसमा भएको आम्दानीको उपयोग, खर्चका क्षेत्रहरु र स्थानीय होटल तथा घरबास समितिको सहभागिता मूलक विकासका प्रयासहरुलाई उभ्मागर गर्न अध्ययन गरिएको छ ।

च) समाजशास्त्रको मौजुदा सिद्धान्त र विधि भित्र रहेर सिक्लेसको सिमिति अध्ययनलाई मात्र अध्ययन गरिएको कारणले यसको निष्कर्ष अन्यत्र सामान्यिकरण नहुन पनि सक्छ ।

## १.६ संगठनात्मक ढाँचा

यस सोधपत्रलाई सात अध्यायमा विभाजित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको परिचय, दोस्रो अध्यायमा सैद्धान्तिक समिक्षा तथा पूर्व साहित्यको पुनरावलोकन, अवधारणागत ढाँचा, तेस्रो अध्यायमा अनुसन्धान विधि, चौथो अध्यायमा होटल व्यवसायीहरुको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन, पाँचौ अध्यायमा पर्यटन व्यवसायले जिवनस्तरमा ल्याएको परिवर्तन, छैटौ अध्यायमा ग्रामिण पर्यटन विकासमा स्थानीय तथा व्यवसायीहरुको सहभागिता र सातौ अध्यायमा अध्ययनको सार र भविष्यमा हुन सक्ने सम्भावित अध्ययन समेटिएको छ ।

# अध्याय दुई
# साहित्य पुनरावलोकन तथा सैद्धान्तिक सिंहावलोकन

## २.१ पर्यटनको अवधारणागत पुनरावलोकन

अध्ययनलाई वैज्ञानिक र तथ्यपरक बनाउनका लागि बास्तविकता सहिरुपमा प्रष्ट पार्नका लागि ग्रामीण पर्यटनमा होटल तथा घरबास व्यवसायले पारेको प्रभावका बारेमा सामाजिक, आर्थिक, सांस्कृतिक पक्षका बारेमा अध्ययन गरिनुका साथै समाजमा पारेको सकारात्मक वा नकरात्मक पक्षको अध्ययन गरिएको छ । साथै ग्रामीण क्षेत्रमा पारेको प्रत्यक्ष वा अप्रत्यक्ष फाइदाका बारेमा रहि अध्ययन केन्द्रित गरिएको छ ।

### विश्वव्यवस्था सिद्धान्त

इम्यानुल वालस्टाइनले पुँजीवादी व्यवस्थामा देशहरु विचको आर्थिक सम्बन्ध असमान विकासमा आधारित हुन्छ भन्ने तर्क राखेका छन् । कुनै देशमा श्रमका लागि उत्पादन, खाद्यान्न उत्पादन, कच्चा पदार्थको उपलब्धता तथा उद्योगहरुको विकास भएको हुन्छ । यसैका आधारमा अन्तरदेशिय सम्बन्ध विकास हुन्छ । प्रत्येक देशमा खास प्रकारका श्रमिकहरुको अवस्थिति रहेको हुन्छ । साधारण तया अन्तराष्ट्रि श्रम विभाजनको तहलाई उनले केन्द्र क्षेत्रका देशहरुमा स्वतन्त्र मजदुर, पृष्ठ क्षेत्रका देशहरुमा अनिवार्य श्रम र अर्थ पृष्ठ क्षेत्रमा अधिया प्रथा अनुरुपको श्रम विभाजनको तह पाइन्छ । अन्तराष्ट्रिय श्रम विभाजन संगै वित्त, व्यापार, सेवा, संस्कृति आदि गतिविधिमा पनि परिवर्तन आउछ । विश्व व्यवस्थाको आधार पुँजीवादी अर्थतन्त्रमा निहित भएकोले सिंगो सामाजिक, सांस्कृतिक गतिविधिहरु पनि यसैबाट प्रभावित भएको हुन्छन् । यसमा केन्द्र क्षेत्र र पृष्ठ क्षेत्र विच असमानतापूर्ण विनय प्रणाली कायम रहेको हुन्छ जसले गर्दा तल्लो तहमा रहने राष्ट्रहरुमा गरिवी, बेरोजगार, कृषिजन्य उत्पादन, कमजोर प्रविधिको विकास, व्यापार घाटा र पहुँचमा कमी रहन्छ भने केन्द्र क्षेत्र बढि सफल र बढि प्रभावशाली हुदै जान्छ । विश्व व्यवस्थामा विश्वव्यापिकरणको प्रकृयासंगै अन्तराष्ट्रिय सम्बन्धहरुको विकास भएका छन् । जसले नयाँ शैली, दृष्टिकोण, व्यवहार तथा प्रविधिको प्रयोग हुन पुगेको छ । विचार, धर्म, संस्कृति

आदिमा परिवर्तन आएको छ । नयाँ सामाजिक, सांस्कृतिक व्यवस्थाको सिर्जना भएको छ । व्यक्तिहरुको गतिसिलता गाउँबाट शहर, दुर्गनबाट सुगम, अविकशित ठाउँबाट विकसित स्थान तर्फ पनि व्यापक बनिरहेको छ । पर्यटन प्रवर्धन, स्रोतको उपयोग तथा श्रमको अन्तराष्ट्रिय करणको प्रकृयाले विश्वका गरिब मुलुकहरुका लागि सकारात्मक प्रभाव पारेको देखिन्छ तर यसमा अत्याधिक लाभ विकसित देशहरुले नै लिन सकेका छन् । वालेस्टाइनको विश्लेषणमा उनले देशहरुलाई केन्द्र, अर्धपृष्ठ क्षेत्र र पृष्ठ क्षेत्र गरी ति देश विचको आर्थिक सम्बन्धलाई देखाएका छन् । केन्द्रले र अर्ध पृष्ठ क्षेत्रले पृष्ठ क्षेत्रबाट कच्चा पदार्थहरु खानीगत कच्चा पदार्थ, कृषि र सम्पूर्ण कच्चा पदार्थलाई निकै सस्तो मूल्यमा आयात गरी त्यसबाट महंगो बस्तुहरु जस्तै इलेक्ट्रोनिक र विलासि महंगो बस्तुहरु निर्माण गरी पृष्ठ क्षेत्रमा निर्यात गर्दछन् । जसले गर्दा पृष्ठ क्षेत्रका देशहरु गरिब हुन्छ । त्यसै गरी अर्ध पृष्ठ क्षेत्रले पृष्ठ क्षेत्रलाई शोषण गरिरहेको हुन्छ भने उ स्वयम केन्द्र क्षेत्रबाट शोषित भैरहेको हुन्छ ।

एजी फ्रेङ्ग र ब्रिटोनले समेत केन्द्र र पृष्ठ क्षेत्रको रुपमा पर्यटन उद्योगलाई व्याख्या गरेका छन् । यसमा पर्यटन संगठन व्यवस्थापन र आम्दानीको बारेमा उल्लेख गरेका छन् (आचार्य, २०७२) ।

यस सिद्धान्तलाई हेर्दा पर्यटकहरुले सिक्लेसमा आएर खर्च गरेको र व्यवसायीहरुले उक्त रकम भौतिक पूर्वाधार तथा सेवा सुविधा वृद्धि गर्न, नेट वाइफाइ जडान गर्न, रड सिमेण्ट, शिक्षा, स्वास्थ्य, अन्य बस्तुहरु महंगो शुल्कमा खरिद गरेको देखिन्छ । यस सिद्धान्त अनुसार सिक्लेस पृष्ठ क्षेत्र पोखराका व्यवसायी अर्ध पृष्ठ क्षेत्र र सामाग्रीहरु उतपादन गर्ने देश केन्द्र क्षेत्रको रुपमा लिन सकिन्छ । फेरी सिक्लेसकै होटल व्यवसायीहरु सबैले समान आम्दानी नगरेको देखिएको छ ।

### तान्ने र धकेल्ने सिद्धान्त

कुनै पनि व्यक्तिलाई एक स्थानबाट अर्को ठाउमा जान नयाँ ठाउँको आकर्षक पक्षले आकर्षण गरेको हुन्छ भने छोडेर जाने ठाउँको नीति नियम, बाताबरणहरुले बाध्य बनाउछ । सिक्लेसमा पर्यटकलाई आकर्षित गर्ने र विकर्षण गर्ने वा तान्ने र धकेल्ने सिद्धान्त अनुसार सिक्लेस ऐतिहासिक गाउँ, हिमाल, जैविक विविधता, क्होला सोंथर, क्हफुचे हिमताल, कोरी,

घाँटु, माघ मेला, संस्कृतिले पर्यटकलाई तानेको छ, सडक र पदमार्ग व्यवस्थित हुन नसक्दा, एक्यापको पर्यटन कर, गाउँपालिकाको व्यवसायी कर र प्रचारप्रसारमा कमी हुँदा इच्छुक पर्यटकहरु समेत सिक्लेस पुग्न सकेको छैन । अपर्याप्त सेवा सुविधाले पर्यटकलाई विकर्षण गरेको बारे यस सिद्धान्तमा टेकेर अध्ययन गरिएको छ (www.international turism in deploping nation/push–pull theory)।

**जनसहभागिता केन्द्रीत सिद्धान्त**

जनकेन्द्रीत विकासका सम्बन्धमा वेरिम्यानले समाजको तल्लो तहमा रहेका स्थानीयको सामाजिक, सांस्कृतिक, आर्थिक तथा वातावरणीय पक्षलाई ध्यान दिदै ग्रामिण अर्थतन्त्रलाई मजबुद बनाउन स्थानीय स्रोत साधनको परिचालन गर्दे सामुहिकता र सहकार्यताको विकासमा ध्यान दिनु पर्ने बताएका छन् । रेवर्ट चेम्बरले Putting the last first को विकासको रणनीतिमा जोड दिदै पिछडिएका र ग्रामिण जनतालाई विकासमा पहिलो प्राथमिकता दिनुपर्ने विचार व्यक्त गरेका छन् । मानिसको अनुभव, ज्ञान र क्षमता विस्तारले सुरक्षित र दिगो जिवन प्रणालीका लागि सहयोग गर्दछ । प्रत्येक विकासको केन्द्र अशक्त गरिब, पिछडिएको वर्ग हुनु पर्दछ । सहि विकासका लागि उनीहरु पहिला आउनु पर्ने उनको भनाई छ । जनसहभागिता मुलक विकास तलबाट माथि जाने अवधारणा हो । डेविड कोर्टनको भनाइ जनताको क्षमताको विस्तार र उनीहरुको जीवन स्तर संग सम्बन्धीत छ । सामाजिक मुल्य मान्यता र संस्कृतिका पक्षलाई महत्व दिदै विकासमा स्थानियता जोडिएको सन्दर्भलाई व्यक्त गरेका छन् । गरिबी, शक्ति र सम्पदाको केन्द्रीकरण र दुरुपयोगको परिणाम हो । त्यसैले शक्ति र सम्पदाको पन नविकरण गरेर नै दिगो समृद्धि हुन्छ ।

यसरी माथिल्लो सिद्धान्तहरुसंगै स्थानीय जनताको आफ्नै समिति मार्फत नीति नियम बनाइ घरबास समिति र होटल समिति गठन भएको, बेला बेलामा सरसफाई गर्ने, पर्यटकहरुलाई स्वागत, विदाई र मनोरञ्जनको नीति नियम बनाएकोले, पर्यटक न्यायोचित वितरण गर्ने गरिएकोले, तालिमहरुमा सामुहिक सहभागिता हुने हुदा जनसहभागितामुलक सिद्धान्त अन्य सिद्धान्त भन्दा प्रभावकारी देखिएको छ ।

पर्यावरणीय विचारमा समुदाय अवधारणा एक महत्वपूर्ण हो । निश्चित पर्यावरणभित्र बसोबास गर्ने जैविक जिवहरुको त्यस्तो समूह जसलाई एकतावद्ध रुपमा निश्चित नियममा

रही आवश्यकता पूरा गर्नमा सहयोग गर्दछन् । सामाजिक तथा भौतिक पूर्वाधारको सृजना तथा आत्मनिर्भरताको अभिबृद्धिका माध्यमबाट केन्द्रिय सरकारको उद्देश्यपूर्तिका निम्ति ग्रामीण तथा सहरी क्षेत्रको श्रमशक्तिलाई परिचालन गर्नु समुदाय विकास हो ।

मानिस स्वाभावैले एक जिज्ञासु प्राणी भएकाले जीवनमा केही नयाँ कुरा देख्न र जान्न चाहन्छ । त्यसैले मानिस एक स्थानबाट अर्को स्थानमा यात्रा र भ्रमण गर्न शुरु गऱ्यो ती भ्रमण गर्ने व्यक्तिहरु पर्यटक कहलिए (सापकोटा, २०७०) ।

Tour शब्द ल्याटिन भाषाको Tornane र ग्रीक भाषाको Tomus शब्दबाट मिलेर आएको शब्द हो । जसको अर्थ कुनै स्थानलाई केन्द्रविन्दु बनाएर त्यसको वरिपरि वृत्ताकारमा घुम्ने अक्ष भन्ने बुझिन्छ । विश्व व्यापार संगठनको अनुसार पर्यटकहरु भनेका कम्तीमा अस्थायी रुपमा २४ घण्टा भ्रमण गर्ने र भ्रमणको उद्देश्य, विदा, मनोरञ्जन, स्वास्थ्य सेवा, अध्ययन, धार्मिक कार्य, भ्रमण र खेलकुद तथा अन्य व्यापार व्यवसाय बैठक र पारिवारिक यात्रा जस्ता कुराहरु पर्दछन् (कुवर, २००६) ।

यस किसिमको पर्यटन खुला बजारको नीति अनुरुप अल्पकालमा धेरै मुनाफा कमाउने उद्देश्यले प्रेरित हुन्छ । परम्परागत ग्रामिण पर्यटन, मौलाएकाअति व्यवसायीकरणको वातावरण पर्यटकीय स्रोत, सम्पदा र सामाजिक जनजीवनमा परेको प्रतिकुलतालाई कमी गर्न वैकल्पिक माध्यम हुन सक्छ । ग्रामीण पर्यटनका मुख्य आधारशीला प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरु हुन् । यस्ता सम्पदाहरुको अध्ययन, अनुसन्धान संरक्षण, सम्मान र मनोरञ्जनका लागि गरिने अवलोकन भ्रमण ग्रामीण पर्यटन विकासका एक पाटा हुन् (शर्मा, २०००) ।

### २.१.१ ग्रामीण पर्यटन र घरबासको अवधारणा

ग्रामिण पर्यटनको अबधारणा संस्थागत रुपमा काठमाण्डौ अनुसन्धान केन्द्रद्वारा ट्राभल र टुरिजम इन्डस्ट्री मार्फत नेपालको विकास गर्ने नयाँ एजेण्डा हो । ग्रामिण पर्यटन नेपालको आफ्नै माटो सुहाउँदो र आफ्नै परिवेशको सृजना हो । नेपालको ग्रामीण पर्यटनले विश्वकै ग्रामिण पर्यटनको नेतृत्व गरेको छ । नेपाल गाउँ नै गाउँले भरिएको देश हो । ग्रामीण पर्यटन अझै पनि छाँयामा नै परेको छ । ग्रामीण पर्यटनको उद्देश्य अनुसार यसको नयाँ अवधारणालाई चरितार्थ पार्न र गाउँका जनतालाई यसको महत्वबारे जनचेतना जगाउनु

पर्दछ । ग्रामिण पर्यटन अवधारणाले नेपाललाई आजको पर्यटनको दुनियामा र विश्वव्यापीकरणको दुनियाँमा विश्वसामु चिनाएको छ । यसले पर्यटनको दिगो विकासमा टेवा पुऱ्याउदै छ । नेपाल विश्वकै एक आकर्षक, रमणीय, सुरक्षित ग्रामिण पर्यटनस्थल बन्न पुग्छ (देवकोटा, २००७)

आज गाउँहरुमा नमूना पर्यटकीय स्थलका रुपमा रुपान्तरित हुदैछन् । जुन गतिविधि र क्रियाकलापहरु यसअघि ज्यादै कम थिए । बाटोघाटोको सुविधा पनि थिएन । आजभोलि गाउँ गाउँमा भौतिक पूर्वाधार निर्माणमा ग्रामिण समुदायमा रोजगारी सृजना, आय आर्जन वृद्धि गर्न विभिन्न किसिमका तालिमहरु र सरल रुपमा ऋृण प्रवाह गर्ने सुविधा प्रदान गरिदैछ । यसले गाउँको सीप क्षमताको वृद्धि हुनुका साथै गाउँको मुहार परिवर्तन भएको छ (महत, १९९८) ।

समुदायको क्षमता अभिवृद्धि गर्न, पर्यटकीय वातावरणको सृजना गर्न विभिन्न तालिम भेला, बैठकको आयेजना गरी समुदायको आर्थिक क्रियाकलापका गतिविधि बढाउन, समुदायमा सामुदायिक कोष बढाउनु सहयोग पुग्छ (सापकोटा, २०७०) ।

यसले ग्रामीण जनताको जीवनस्तरमा विस्तारै परिवर्तनका किरण देख्न सकिन्छ । उनीहरुको मौलिक पहिचान, संस्कृतिको जर्गेना हुन्छ (अधिकारी, २००४) ।

पर्यटकहरुको बसाई अवधि लम्व्याउन र पर्यटन उद्योगको दिगो विकास गर्न ग्रामीण पर्यटनको विकास हुनुपर्छ । सम्पूर्ण नेपालको कूल क्षेत्रफलको ८० प्रतिशत भू-भाग ग्रामीण क्षेत्रमा पर्दछ । आधारभूत आवश्यकता र सुविधा जस्तै खाना, स्वास्थ्य तथा सरसफाई, शिक्षा, कम साक्षरतादर र कम अवसर, कम आय आर्जनका कारण गाउँको जीवनशैली निम्नस्तरको छ । यस्तो सन्दर्भमा ग्रामीण पर्यटनको प्रवर्द्धन नै एउटा नयाँ कदम हो (शाक्य, २००५) ।

स्थानीय संभाव्यता र अवसरको खोजी गरी स्थानीय समुदायको विकास गर्न सकिन्छ । ग्रामिण पर्यटन एउटा सानो प्रकृतिको पर्यटन हो, जहाँ स्थानीय जनता त्यहीको स्थानीय सीप, श्रम, स्रोत साधन प्रविधिको प्रयोग गरी स्थानीय सम्भावना, अवसरको खोजी गर्दै त्यसको मौलिक संस्कृति र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न स्थानीय जनताहरु सहभागी

हुन्छन् र आय आर्जनका कार्य गरी स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन तथा पर्यटनका क्रियाकलापबाट प्राप्त सबै जनतामा न्यायोचित रुपमा वितरण गर्दछन् ।

नेपाल सरकारले ग्रामीण पर्यटन व्यवसायको उप-क्षेत्रको रुपमा अघि बढाउने नीति समेत लिएको सन्दर्भमा मुलुकको विकास प्रक्रियामा ग्रामीण पर्यटनले अहम भूमिका खेल्न सक्ने प्रशस्त सम्भावना देखिन्छ ।

WTO (1993) का अनुसार सुक्ष्म ढाँचामा आधारित ग्रामिण क्षेत्रको पर्यटन नै ग्रामिण पर्यटन हो । यो एक प्रकारको सुक्ष्म तहको पर्यटन हो । ग्रामिण पर्यटनले स्थानीय कम विकसित क्षेत्रको बारेमा जानकारी दिनुका साथै त्यस भित्र रहेका सांस्कृतिक सम्पदा चालचलन, परम्परा, जीवनपद्धती नजिकै रहेर ग्रामिण भेगको आतिथ्यतामा पर्यटकलाई घरबास उपलब्ध गराउनु नै ग्रामिण पर्यटन हो । ग्रामीण पर्यटनको धारणा सन १९७० तिर विकास भएको पाइन्छ (कुवर, २०१०) ।

ग्रामीण पर्यटनको माध्यमबाट ग्रामीण क्षेत्रमा स्थानीय जनसमुदायमा स्वरोजगारका अवसर सृजना हुने स्थानीय उत्पादनबाट आम्दानी वृद्धि भई जनताको जीवनस्तर सुधार हुन जाने र साथै गरिबी न्यूनीकरण गर्ने सरकारको राष्ट्रिय उद्देश्य पूरा हुनमा पनि ग्रामीण पर्यटनले सहयोग पुऱ्याउँदैछ ।

### २.१.२ ग्रामिण पर्यटन योजनाका उद्देश्यहरु

गरिबी निबारणसंग जोड्ने, गाउँका प्राकृतिक, सांस्कृतिक, जैविक र भौतिक सम्पदाको संरक्षण, सम्बर्धन र प्रचारप्रसारको बिकास गर्ने, जनताको आय बढाउने, स्थानीय समुदायले उत्पादन गरेका मौलिक, पराम्परागत, हस्तकलाका सामाग्रीहरुको बजार ब्यबस्थापन गर्ने, पर्या पर्यटन बिकास गर्ने, मौलिक आकर्षण भएका संभाब्य गाउँहरुलाई पर्यटन गाउँका रुपमा बिकास र प्रबर्दन गर्ने, परम्परागत ज्ञानमा आधारित सम्पदाको संरक्षण गरी पर्यटनको बिकास गर्ने (पर्यटन नीति, २०६५) ।

नेपालको सामाजिक आर्थिक अबस्थाको स्तर अभिबृद्धी गर्न र बेरोजगारी समस्या घटाउन ग्रामीण बिकासबाट मात्र सम्भव छ (शाक्या, २००५) ।

आठौ पञ्चवर्षीय योजनाबाट गरिबी घटाउने ग्रामिण क्षेत्रका प्रमुख कार्य नै ग्रामिण पर्यटनलाई मानिदै आएको छ । दशौ पञ्च बर्षीय योजनामा सरकारले समुदायको क्षमता अभिबद्धी गर्दै गरिबी न्यूनिकरणमा जोड दियो । पर्यटनको सम्भाब्यता पहिचान र प्रवर्दनबाट ग्रामिण क्षेत्रहरुमा पर्यटकीय गतिबिधी बढ्यो र पर्यटकको संख्या पनि बितेका बर्षहरुमा बृद्धी हुँदै गयो (शाक्य, २००५) ।

यसै सन्दर्भमा पर्यटनमा नयाँ अबधारणाको रुपमा कृषी पर्यटनलाई प्रबर्धन गर्ने नीति लिईयो । उक्त क्षेत्रहरुबाट उत्पादित कृषी जन्य उपजको प्रयोग बढाउदै एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गर्न जोड दिईने नीति लिईनेछ । ग्रामिण पर्यटनको एउटा नमुना पर्यटकीय गाउँ सिरुवारी लिईन्छ, जहाँ प्रत्येक घरलाई होटल तथा घरबासको रुपमा बिकास गरिएको छ(उपाध्याय, २००५) । ग्रामिण पर्यटनमा सम्भावना संगै समस्याहरु पनि छन् । ती समस्याको न्यूनिकरण गरेर मात्र पर्यटनको प्रबर्दन गर्न सम्भव छ । सर्ब प्रथम त देशमा शान्ती कायम हुनु जरुरी छ (गौतम, अधीकारी २००५) ।

### २.१.३ सांस्कृतिक पर्यटन

सांस्कृतिक पर्यटनको अवधारणा सन् १९७० को खशकमा आएको देखिन्छ । यसै सन्दर्भमा सन् १९७६ मा युनेस्कोले पर्यटनको विकासमा सामाजिक र सांस्कृतिक प्रभावको दृष्टिकोणको अध्ययन गरेका थिए । अध्ययनले साना मुलुकहरुमा सामुदायिक समूह र मौलिक समुदायले कसरी सेवा सुविधा प्रदान गरेर पर्यटन प्रवर्द्धन गर्दछन्? भन्ने पक्षमा जोड दियो । सांस्कृतिक पर्यटन भन्नाले सांस्कृतिक पर्यटनको अर्थ विभिन्न जातजातिहरुको भौतिक जीवन शैली, मौलिक पहिचान, हस्तकला, खेती प्रणाली, भेषभूषा, मौलिक भाषा र सस्कृतिलाई अध्ययन अवलोकनले समेट्दछ । सांस्कृतिक पर्यटनको पक्षमा हेर्दा एक अर्को पक्षको जीवन पद्धति, विचार, मूल्य सान्यता, खानपान, संस्कार, संस्कृति अवलोकन गर्न र बुझ्न सकिन्छ ।

रिची एण्ड जिन्सले सांस्कृतिक पर्यटन पर्यटकलाई आकर्षण गर्ने प्रमुख तत्व हो भनेका छन् । उनले सांस्कृतिक पर्यटनलाई १२ वटा पक्षमा औल्याएका छन् । १) हस्तकला २) भाषा ३) परम्परा ४) खानपान ५) कला र संगीत, पेन्टिङ, मूर्तिकला ६) इतिहास ७) काम र प्रविधि ८) बास्तुकला ९) धर्म १०) शैक्षिक पद्धति ११) भेषभूषा १२) मनोरञ्जन

त्यस्तै गरी लिया (१९९८) ले पर्यटकलाई आकर्षित गर्ने ३ वटा सांस्कृतिक पक्षका बारेमा यसरी बताउँछन् ।

१) **पहिलो सांस्कृतिक पक्षमा** :मानवीय क्रियाकलापलाई समावेश नगरी केवल पर्यटकले बस्तुकला, संस्कृति, भौतिक पूर्वाधार हेरी उत्सुक हुन्छन् ।
२) **दोस्रो सांस्कृतिक पक्षमा** : दैनिक जीवन यापन सामाजिक, आर्थिक पक्ष, रितिरिवाज बुझ्न पर्यटकहरु भ्रमण गर्छन ।

३) **तेस्रो सांस्कृतिक पक्षमा** :पर्यटकहरु आफै स्थानीय समुदायहरुमा गएर उनीहरुको सामाजिक सांस्कृतिक क्रियाकलापमा सहभागी हुन चाहन्छन् जस्तैः जात्रा, संगित महोत्सव, नाटक, ऐतिहासिक पक्षको प्रस्तुती, सास्कृतिक महोत्सब, त्यही संस्कृतिमा भेषभूषाको पहिरन गर्ने, नाँचगानमा सहभागि हुने, धान रोपाईमा सहभागि हुनु आदि ।

साधनहरुको दीर्घकालीन उपयोग, जैविक विविधताको व्यवस्थापन, पर्यटनलाई एकीकृत योजनामा आवद्ध गराउने स्थायी अर्थव्यवस्थामा सहयोग, पर्यटनको जिम्मेवारीपूर्वक बजारीकरण, पब्लिक तथा सम्बद्ध व्यक्तिहरुसंग परामर्श, कार्यसम्पादन गर्ने व्यक्तिहरुलाई तालिम र अनुसन्धानमूलक कार्यक्रमहरु सञ्चालन गर्न सकेमा ग्रामीण पर्यटनको दिगो विकास हुन जानछ । ग्रामीण पर्यटन आर्थिक रुपमा सम्भावित र स्थानीय समुदायहरुलाई नैतिक तथा सामाजिक रुपमा सम्मान गर्ने हुनुपर्दछ (भाट, २००६) ।

## २.२ पर्यटनको ऐतिहासिक पृष्ठभूमी र विकासक्रम

प्राचिन समय देखि यात्रा गर्ने क्रम चलिआएको भएपनि आधुनिक पर्यटनको विकास क्रम दोस्रो विश्वयुद्ध पछि सन १९४० देखि ५० को दशकमा सुरु भएको मानिन्छ । सन १४९२ मा क्रिस्टोफर कोलम्सले उत्तर अमेरिका र त्यस्तै भास्कोडिगामाले भारत यात्राबाटै पत्ता लगाएको भनाई छ । हाल पर्यटन उद्योगले विश्व अर्थतन्त्रमा बलियो उपस्थिती जनाउन थालेको छ । सस्तो तथा द्रुत यातायात सेवाका कारण क्रितिम संरचनाबाट प्राप्त सेवा सुविधा र भौतिक विलासिताको उपयोग गर्दै अघि बढेको परम्परागत पर्यटन एकै किसिमको क्रियाकलापमा सरिक हुने समूहगत गतिविधिको रुपमा अघि बढ्दै १९७० को दशकमा उत्कर्शमा आइपुग्यो (कोलियार, १९८९) ।

आज दिगो विकासको अवधारणासंगै दिगो पर्यटन विकासको अवधारणा अघि आएको छ दिगो पर्यटन विकास सम्बन्धी अप्रील १९९५ मा स्पेनमा सम्पन्न विश्व सम्मेलनले दिगो पर्यटन सम्बन्धी अवधारणा लागि उल्लेख गरेको छ । पर्यटन विकास बार बहन गर्न सक्ने हुनका साथै आर्थिक रुपमा सम्भावित स्थानीय समुदायलाई नैतिक तथा सामाजिक रुपमा सम्मान गर्ने हुनु पर्दछ (सिन्हा, २००३) ।

## २.३ वर्तमान अवस्थामा पर्यटन उद्योगको अवस्था

पर्यटन उद्योग विगत १५ वर्षमा विश्वमा अति द्रुत गतिमा वृद्धि हुदै आएको उद्योग हो । विश्व श्रम बजारको ६.५ प्रतिशत भार थेग्न सफल यस उद्योगमा बार्षिक ७ प्रतिशतका दरले पर्यटकको संख्या वृद्धि हुदै आइरहेको छ । विश्व पर्यटन बजारमा पर्यटकको संख्या वृद्धि भएपनि अधिकांस ५७.७ प्रतिशत पर्यटकहरुको गन्तब्य यूरोप छ भने दक्षिण एसियामा ०.९ प्रतिशत मात्र पर्यटकहरु आकर्षित भएको देखिन्छ (चौहान, २००४) ।

नेपाल आउने पर्यटकको संख्या हेर्ने हो भने केबल ०.०८ प्रतिशत मात्र रहेको पाइन्छ । अन्नपूर्ण संरक्षण क्षेत्रभित्र सन २०१८ मा पदमार्गका लागि १ लाख ८० हजार पर्यटक आएकोमा सिक्लेसमा एक हजार भन्दा कम विदेशी पर्यटक आउने गरेको एक्यापको तथ्यांकले देखाएको छ । विश्वव्यापी रुपमा पर्यटन उद्योगबाट दश करोड मानिसलाई रोजगारी प्रदान गरी ५३ हजार विलियन डलर आम्दानि गरेको छ । अमेरिका कुल आम्दानीको १४ प्रतिशत सहित पहिलो र चिनले ४.३ प्रतिशत हिस्सा मात्र प्राप्त गरी पाचौ स्थानमा रहेको छ (भाट, २००६) ।

## २.४ नेपालमा पर्यटनको विकास

नेपालमा पर्यटनको विकास सन् १९५० पछि मात्र भएको पाइन्छ । पर्यटन र पर्यटनको इतिहास पुरानो नभएपनि यात्रा र भ्रमणको इतिहास भने मानव इतिहासको प्रारम्भ देखि नै भएको पाइन्छ । जहाँ मानिसहरु सिकार खोज्ने उद्देश्य लगायत विस्तारै धार्मिक र व्यापारिक उद्देश्यका लागि पनि भ्रमण गरेको पाइन्छ । (क्षेत्री, रायमाझी २०५७, १५०) प्राचिन समयमा धार्मिक र व्यापारिक उद्देश्यका लागि मात्र भ्रमणहरु भएता पनि पछि यातायात, जहाज तथा कर्मचारीहरुलाई तलबी विदाको व्यवस्था नेपाल संयुक्त राष्ट संघको सदस्य आदीको कारण यसमा झन व्यापकता आएको पाइन्छ (क्षेत्री, रायमाझी २०५७) ।

हिन्दु धर्म अनुसार अतिथि देवोः भव अर्थात पाहुनालाई स्वागत सत्कार गर्ने नेपाली समाजको विशेषताले पर्यटनमा थप आकर्षण बढेको पाइन्छ । नेपालमा २००७ साल पछि राजनीतिक परिवर्तनसंगै पर्यटनको बिकासले गति लिएको पाइन्छ । नेपालको संविधान २०७२ ले पर्यटनलाई तिनै तहको साझा अधिकार भित्र राखिएको छ । यसले आर्थिक विकास, राजनीतिक स्थायीत्व, राष्ट्रिय एकता र सांस्कृतिक विविधताको चार आयामको साधन पर्यटन बन्न सक्दछ ।

पर्यटन विकासको सिमिति आवश्यकता महशुस गरी सर्वप्रथम नेपाल सरकारले पर्यटन ऐन २०२१ लागु गर्‍यो । २०३५, २०५३ मा यस ऐन संशोधन भई पर्यटन नीति २०६५ लागु भैसकेको छ । यही नै नेपालमा पर्यटनको प्रशासनिक मूल आधार हो । यही नीति बमोजिम पर्यटनसंग सम्बन्धीत संघ संस्थाहरु स्थापना भएका छन् । पर्यटन नीति २०६५ ले पर्यटनलाई नयाँ नेपालको मुख्य आर्थिक संबाहकको रुपमा उल्लेख गरेको छ (नाटा, २०१३) ।

नेपालमा व्यवस्थित रुपमा २०१३ पछि विकासको अवधारणा पर्यटनलाई समावेश गरिएको पाइन्छ । प्रथम पञ्च पर्षिय योजनामा पर्यटन विकास समेत समावेश गरीएको पाइन्छ । हाल नेपाल सरकारले नेपाल पर्यटन बोर्ड २०५३ स्थापना गरी पर्यटन संग सम्बन्धीत क्रियाकलापहरु अगाडि व्यवस्थित गरेको पाइन्छ ।

नेपालमा चिनवनमा एक सिंगे गैडा र युगाण्डामा गुरिल्लाको संरक्षणबाट पर्यटन आकर्षण थप बनेको छ । चिन, सिक्किम, भुटान लगायत देशहरुले पर्यटनमा उल्लेखनीय सफलता पाएका छन् (होमस्टे दर्पण, २०७४) ।

गौतम बुद्धको जन्मस्थल र पशुपतिनाथ रहेकोले नेपालमा धार्मिक पर्यटन सुरु देखि नै हुँदै आएको छ । सन् ६४३ तिर चिनिया यात्री हुयान साङ र सन ६५७ तिर चिनका हुयन चे नेपाल आएको इतिहासकारहरुले उल्लेख गरेका छन् । मल्ल कालमा पनि भोट र चिन विच नेपालको व्यापार चरम सिमामा पुगेको र तिब्बतमा नेपाली मुद्रा चलनचल्तीमा रहेबाट पनि विदेशीहरुको नेपाल भ्रमण र नेपालीहरुको विदेश भ्रमण व्यापक भैसकेको थियो (नेपाल राष्ट्र बैंक, २०५७) ।

नेपालको एकीकरण पछाडी अंग्रेजहरुको नेपाल प्रवेश साथै जंगबहादुरको उदय भएपछि नेपालको पर्यटन भ्रमणको इतिहासमा नयाँ आयाम थपिएको थियो । किनभने पहिलो पल्ट सन १८५० मा जंग बहादुर बेलायत र फ्रन्सको भ्रमणमा निस्कीएका थिए । चन्द्र समसेरको शासनकालमा पनि अंग्रेजहरुको नेपाल प्रवेश भैरहेकै देखिन्छ । उनको समयमा वेलायतका सम्राट जर्ज पञ्चाम नेपालको ठोरीको जंगलमा सिकार गरी फर्केका थिए (आचार्य, २०६६) ।

२००७ सालको क्रान्ति पछि नेपालको बाहिरी सम्पर्क बढ्दै गएको पाइन्छ हाल १३९ मुलुक संग दौत्य सम्बन्ध भैसकेको छ । एड्मन हिलारी र तेन्जेन नोर्गे शेर्पाले सगरमाथा सफल आरोहण पछि नेपालको विश्व जगतमा चर्चा हुन पुग्यो । पर्यटनको लागि भौतिक पूर्वाधार सडक, हवाई, सञ्चारको विकाससंगै पर्यटन विकास ऐन २०१४, नेपाल पर्यटन बोर्ड, पर्यटन मन्त्रालय, पर्यटन सूचना केन्द्रहरु खोलिए । फलत विदेशि पर्यटकहरुको आगमन स्वभाविक वृद्धि भयो (नेपाल राष्ट्र बैंक, २०५७) ।

**पोखरामा पर्यटनको आगमन**

पोखरामा पर्यटनको आगमन सर्वप्रथम १८९९ मार्च महिनामा जापानी विक्षु इकाई कावागुचि पोखराबाट मुस्ताङ हुदै तिब्बत गएको पाइन्छ (नेपाल राष्ट बैंक २०५७,२१) ।

नेपाल आएका पर्यटकहरु मध्ये धेरैको रोजाई पोखरा हुने गर्दछ । फेवा ताल लगायतका तालहरु, शान्ति स्तुपा, प्यारा ग्लाइडिङ, माछापुच्छ्रे, अन्नपूर्ण लगायतका हिमश्रृंखला सराङकोटबाट देखिने सनराईज जस्ता अनेकौ ठाउँहरु छन् । यहि पोखराको उत्तर पूर्वमा अवस्थित सिक्लेस एक्याप क्षेत्र भित्र पर्ने एक महत्वपूर्ण पर्यटकीय स्थल हो ।

एसियालि विकास वैंक र विश्व वैंकको नेपालको पर्यटन पूर्वाधारमा सहयोग रहदै आएको छ । नेपालले विश्व पर्यटन संगठन इन्टरनेसनल युनियन अफ अफिसियल ट्राभल अर्गनाइजेसन, वर्ल्ड एसोशियस अफ ट्राभल एजेण्ड्स, प्यासिफिक एसिया ट्राभल एसोसियसन लगायतको सदस्यता लिइसकेको छ । आइ एल ओ र यु एन डि पि ले सन २०७२ मा होटल व्यवस्थापन तथा पर्यटन तालिम केन्द्र स्थापना गरेको छ । नेपालमा पर्यटन सम्बन्धी होटल म्यानेजमेण्ट लगायतको पढाई हुने गरेको छ भने पोखरामा टान, हान, रैबान लगायतका पर्यटन संग सम्बन्धीत संस्थाहरु स्थापना भएका छन् । समग्रमापर्यटनको संस्थागत विकासलाई यसरी जनाउन सकिन्छ ।

- वि.स १९०६ मा जंग बहादुरले बेलायतको भ्रमण,
- वि.स २०१४ मा पर्यटन विकास वोर्डको गठन ,
- वि.स २०१६ मा पर्यटन विकास निर्देशनालय
- वि.स २०२८ मा पर्यटन विकास समिति,
- वि.स २०३३ फागुन १२ मा पर्यटन मन्त्रालयको स्थापना
- वि.स २०५२ मा पर्यटन नीति घोषणा
- वि.स २०६५ मा पर्यटन नीतिको घोषणा
- हाल प्रधानमन्त्रीको अध्यक्षतामा पर्यटन परिषद

## २.५ नेपालमा पर्यटन उद्योगको अवस्था

नेपाल राजनीतिक, सांस्कृतिक तथा जैविक विविधताको हिसाबले मात्र नभई सगरमाथा, वुद्धको जन्मस्थल, हिमालहरु आदि पर्यटकीय क्षेत्र हुँदा हुँदै पनि पर्यटनको विकासमा पछि परेको छ । सन् १९९५ मा यस उद्योगले नेपालको कुल वैदेशिक विनिमयको २० प्रतिशत र कुल ग्राहस्थ उत्पादको करिब ४ प्रतिशत हिस्सा ओगटेको छ । वैदेशिक विनिमयको आम्दानीमा १० प्रतिशत भन्दा बढि भएकोले अन्तराष्ट्रिय मापदण्ड अनुसार नेपाल एक पर्यटकीय देश हो (चौहान, २००४) ।

नेपालमा शान्ती प्रकृयासंगै पर्यटनको संख्या बढ्दै गएको छ । २००७ मा मात्र ५ लाख १२ हजार ११५ जना पर्यटकले नेपाल भ्रमण गरेका थिए । भबिष्यमा यो बढ्ने देखिन्छ (नेपाल पर्यटन वोर्ड, २००८) ।

नेपाल आर्य, मंगोल, द्रविड, द्रविडको संगमभूमी १२६ जातजाती, १२२ भाषाभाषीले भरिपूर्ण, १२१ जातका स्तनधारी जनावर विश्वमा भएका ८.५ प्रतिशत अर्थात ८६५ प्रजातिका चराहरु, ६३५ थरिका पुतलीहरु, ६ हजार बढि फुल फुल्ने बनस्पतिहरु, ३२ भन्दा बढि जातका लालिगुरास, ३७० प्रजातिका सुनगाभाले नेपालको जैविविधता झल्काएका छन् (शाक्य, २००५) ।

नेपाल जैविक विविधतामा २५ औ स्थानमा पर्दछ । तराई देखि हिमाल सम्म प्राकृतिक स्रोत विविधता छ । यहि भएर होला नेपाललाई सुन्दर हिम चुचुरा र अच्चमका जैविक प्राकृतिक

विविधता एवं प्राचिन संस्कृतिको धनी भएकोले उपयुक्त पर्यटकीय गन्तब्य बनाएको छ र यो एसिया प्रान्तको ६ वटा उत्कृष्ट गन्तब्य मध्ये एक हो भने ईनसाइक्लोपेडिया अफ इकोटुरीजममा उल्लेख गरिएको छ (भाट, २००६) ।

## २.६ नेपालमा राष्ट्रिय प्राथमिकतामा पर्यटन

१३ औँ योजनाको आधारपत्रमा पर्यटन पूवाधार विकासमा स्थानीय निकाय, समुदाय र नीजि क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई उजागर गर्न प्रर्यटकीय क्षेत्रबाट प्राप्त आयको ३० प्रतिशत रकम उक्त क्षेत्रमै लगानी गर्ने नीति लिइएको छ । पर्यटन नीति २०६५ लागु गरिएको छ । पर्यटकीय गन्तब्य छनौट गरिएको छ । एक पालिका एक सांस्कृतिक गाउँ घोषणा गरिएको छ ।

नेपालले कृषि, जलविद्युत, उर्जा, भौतिक पूर्वाधार पछि पर्यटनलाई प्राथमिकतामा राखेको पाइन्छ । १३ औ योजनामा नेपाललाई पर्यटन मानचित्रमा आकर्षक रमणीय र सुरक्षित गन्तव्यको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपमा पर्यटन प्रवर्दन मार्फत संख्यात्मक र गुनात्मक रुपमा पर्यटन आगमनमावृद्धि गरी प्रप्त लाभबको समन्यायीक वितन गर्ने उल्लेख गरिएको छ (१३ औ योजना २०७०/७१-२०७२/७३) । जसमा गरिबी घटाउने जिवन स्तरमा परिवर्तन ल्याउने, रोजगारीको सिर्जना गर्ने लक्ष्य रहेको छ ।

## २.७ नेपालमा घरबासको सुरुवात

पर्यटनको इतिहासमा सिरुवारी गाउँको नाम सुनौलो अक्षरले लेखिएको छ । नेपालको पहिलो पर्यटकीय गाउँ सिरुबारी संसारभर प्रख्यात छ जुन आज गाउँ पर्यटनको पाठशाला बनिसकेको छ । घरबास पर्यटनको सुभारम्भ स्यांजाको सिरुबारीबाट भएको हो । घरबास सहित गाउँ पर्यटन सुरु गर्ने अगुवा क्याप्टेन रुद्रमान गुरुङ हुन । उनकै अगुवाईमा वि.स २०५४ देखी सिरुवारीमा घरबास थालिएको हो । पर्यटकलाई होटल तथा लजमा होइन गाउँलेकै भान्छामा खुवाएर बसाउने सुविधानै होमस्टे हो । शिष्ट बोली, पारिवारिक माहोल र आत्मिय व्यवहार होमस्टेमा पाइन्छ । होटल रेष्टुरेनबाट सिमिति व्यक्तिहरुले फाइदा पाउछन् । पाहुना बाडेर घरघरमा राख्दा सबैलाई फाइदा हुन्छ । सबैले कमाईको अबसर पाउछन् ।

समाजमा शान्ति हुन्छ (अभादगाउँले, होमस्टे दर्पन २०७४, गाउँ पर्यटन प्रवर्दन मञ्च नेपाल) ।

घरबासको सन्दर्भमा नेपालको घरबास लाहुरे प्रथाबाट सुरु भएको पाइन्छ । लाहुरेहरु लाहुर जाने र आउने क्रममा विविन्न ठाउका घरहरुमा बस्ने खाने गर्थे, घर बास पर्यटनको व्यवस्थीत अवधारणा भने स्यांजाको सिरुबारीबाट भएको हो । भारतीय सेनाका रिटायर आर्मि क्यापटेन रुद्रमान गुरुङको परिकल्पना एवं अगुवाईमा सिरुबारीमा वि.स २०५४ अशोज देखि घरबास थालिएको हो । कृषि प्रधान मुलुकमा भएको जातीय विविधता, जैविक विविधता र थरिथरिका संस्कृतिले घरबास पर्यटनको संभावना बढाएको छ (तारानाथ पहारी, अध्यक्ष भिटोफ, गण्डकी प्रदेश) ।

गण्डकी प्रदेश सरकारले स्थापना देखि नै पर्यटनको प्रवर्दन गर्न घरबासलाई प्राथमिकतामा राख्दै आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा ३०० वटा घरबासलाई अनुदान दिने नीति लिएको छ । मादी गाउँपालिकामा सिक्लेस, चिप्ली, लाङतिङ, याङजाकोट, वारचोक, ठूलोस्वरा घरबासको रुपमा दर्ता भैसकेको छ भने थाक, छाचोक, खिलाङ, नागिदार, गहते, लगायतमा घरबासको प्रवल सम्भावना रहेको छ ।

घर परिवार संगै पारिवारिक वातावरणमा अर्गानीक खाना तथा बास बस्ने त्यहाँको कला संस्कृति रहनसहन नजिकबाट नियाल्न पाउने हुँदा होमस्टेमा दिन प्रति दिन पर्यटनको आकर्षण बढेको पाइन्छ । नेपालमा थुप्रै घरबासहरु सञ्चालित छन् । गण्डकी प्रदेशमा मात्र दर्जनौ घरबासहरु छन् । जस्तै सिरुबारी, सिक्लेस, ताङतिङ, ह्याङजाकोट, मिर्सा, याङ्जाकोट, घलेगाउँ, ल्वाङ, ओडार, बन्दीपुर, भुम्फुङ आदी हुन् । गण्डकी प्रदेश सरकारले घरबास कार्यविधि पारित गरी पर्यटनको लागि बजेट विनियोजन गर्दै ३०० घरबास पुऱ्याउने लक्ष्यका साथ कार्य अगाडी बढाएको छ ।

## २.८ पूर्व साहित्य समिक्षा

नेपालमा पर्यटनसंग सम्बन्धित विभिन्न लेख कृतिहरु प्रकाशित भएका छन् । देशको विकास निर्माणमा पर्यटनले सकारात्मक भूमिका निर्वाह गर्ने भएकोले पर्यटन सम्बन्धी विभिन्न नीति नियमहरु बनाएको छ र हाल पर्यटनलाई एक उद्योगको रुपमा लिइएको पाइन्छ । विभिन्न विद्धान, लेखकहरुले पर्यटनसंग सम्बन्धित रहेका अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्ष र

तथ्यका आधारमा प्रकाशित कृतिले गहन भूमिका खेल्ने भएकोले ति सामग्रीहरुलाई पूर्वसाहित्य अध्ययनको रुपमा लिइएको छ ।

सन् १९५५ मा थोमस कुक एण्ड सन ट्राभल्स एजेन्सिले पहिलो पल्ट हवाई मार्गबाट ६० जना पर्यटकहरुलाई नेपालमा ओराल्यो । सन् १९५७ मा फ्रान्सका लुब्रेकको लेखहरु मार्फत विदेशीहरु नेपाल डुल्न आकर्षित बने । सन १९७० मा नीजि स्तरबाट पर्यटन विकासका लागि काम हुन थाल्यो र पर्यटन व्यवसायको लागि लजहरु खुल्न थाल्यो । सन १९७७ मा पर्यटन मन्त्रालयको स्थापना गरेपछि यस मन्त्रालयले पर्यटन उद्योगको लागि कानुनहरु बनाउन थाल्यो । एसियाली विकास बैंक र विश्व बैंक र डब्लु.टि.ओ लगायतको संघ संस्थाहरुको महत्वपूर्ण भूमिका छ (पुरी, २०५६) ।

ग्रामिण पर्यटन नयाँ प्रकारको अवधारणा हो । फरक संस्कार र संस्कृति, कला, जीवनशैली हेर्नका लागि पर्यटकहरुले खर्च गर्छन जुन ग्रामीण पर्यटन व्यवसायहरुको आम्दानीको स्रोत बन्दछ । सन २०११ तथा अन्य पर्यटन विकास कार्यक्रमले ग्रामिण पर्यटन विकास गर्न घरबास पर्यटनलाई अगाडि बढाएका छन् । पर्यटनमा लाभांशको बारेमा विश्लेषण र व्याख्या हुन जरुरी छ । समन्यायीक लाभाम्सको वितरण भयोभने ग्रामीण पर्यटन भित्र रहेका नकारात्मक पक्षलाई निधानात्मक तरिकाले निराकरण तर्फ अगाडी बढाई ग्रामीण पर्यटनको वृद्धि तथा विस्तार गर्न सकिन्छ (शर्मा र खरेल, २०६८) ।

आदिमकाल देखि मानिसहरु विभिन्न कारणले एक ठाउँबाट अर्को ठाउँमा आवत जावत गरेको देखिन्छ । त्यस समयमा यात्रा कठिन थियो तर पछिल्लो समयमा यातायात तथा सूचना सञ्चारको विकासले गर्दा पनि पर्यटकलाई सहज बातावरण बनेको छ । मानिसहरु फुर्सदको समयमा धार्मिक तिर्थयात्रा गर्न, परिवारसंग भेटघाट गर्न छुट्टि मनाउन, मनोरञ्जन गर्न, आफ्नो व्यवसायको प्रचार गर्न, स्वास्थ्य उपचार गर्न, खेलकुदमा भाग लिन तथा अध्ययनको लागि एक ठाउँबाट अर्को ठाउँमा आउने जाने गर्दछन् (भण्डारी, २०६८) ।

भू-बनोटका कारणले सृजित विश्वकै अद्वितीय प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पदाले धनी मुलुक नेपालमा संसारकै अग्लो चुचुरो सगरभाथा, हिउँले भरिपूर्ण सेतै हिमालहरु, शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, अनेकौ तालतलैया, नदीनालाले नेपाललाई संसारकै आकर्षक पर्यटकीय गन्तब्यस्थलको रुपमा चिनाएको छ । पर्यटन विदेशी

मुद्रा आर्जनका लागि मात्र नभै यसले अन्य पर्यटनसंग सम्बन्धित क्षेत्रहरु होटल रेष्टुरेन्ट, खाद्यान्न उत्पादन तथा वितरण, मनोरञ्जन, गिफ्ट व्यापार, फलफूल उत्पादन तथा प्रशोधन लगायतका क्षेत्रमा समेत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा प्रभाव पार्दछ (कास्की जिल्ला पर्यटन गुरुयोजना, २०६८/७८) ।

नेपालले पर्या-पर्यटन र ग्रामीण पर्यटनलाई विकास गर्ने र यी क्षेत्रलाई पर्यटनको उपक्षेत्रको रुपमा लिने नीति लिएको छ । पर्या-पर्यटन र ग्रामीण पर्यटनले पर्यटकहरुलाई ग्रामीण परिवेश तथा त्यहाँको स-साना बस्तीहरु र विभिन्न जातजाति तथा समुदायको मौलिक संस्कृतिको अवलोकन गर्न र आगन्तुकहरुलाई नितान्त नेपाली ग्रामीण परिवेश बुझ्न, स्थानीय स्वादिष्ट परिकार खान, पिउन र आरमदायी तरिकाले गाउँलेहरुले आफूहरुकै पारिवारिक वातावरणमा पर्यटकलाई रमाउन तथा मनोरञ्जन गराउन, स्थानीय मौलिक संस्कृति, परम्परा, रितिरिवाज र सम्पदाहरुको संरक्षण, सम्बर्द्धन तथा प्रचार प्रसार गर्दै पर्यटनको प्रवर्द्धन गर्ने नेपाल पर्यटन बोर्डले सिरुबारी, घलेगाउँ, घान्द्रुक, इलाम, पाल्पा, बन्दीपूर, तातोपानी, लगायतका क्षेत्रलाई ग्रामीण पर्यटनको क्षेत्रका रुपमा प्रस्ताव गरेको छ । पर्यटन क्षेत्रको विकास र विस्तार गरी प्राप्त प्रतिफललाई न्यायोचित तरिकाले ग्रामीण तहसम्म पुऱ्याउनको लागि यसक्षेत्रको विविधिकरण र विस्तार गरिनुपर्दछ (नेपाल पर्यटन वोर्ड, २०११) ।

गुरुङहरु विभिन्न स्थानमा हजारौ वर्ष अघि विभिन्न राज्यहरु स्थापना गर्दै आएको र क्होला सौँथरमा रितिथिति व्यवस्थित भएपछि बसाइसराई गरी सिक्लेसमा आएको हो । यो गाउँ तमु समुदायको संस्कार र संस्कृति, परम्परा, रितिथिति, भाषा, धर्म कर्म, मौलिकताले प्रख्यात रहेको पाइन्छ । सिक्लेसलाई गुरुङहरुको प्ये ताँ ल्हु ताँ (शास्त्र अर्थ) को केन्द्र, रजनीतिक र सामाजिक मात्र नभई लमजुङ र अन्नपूर्ण हिमालको काखमा समुन्द्री सतहबाट २००० मिटर उचाइमा रहेको प्राकृतिक स्रोत साधनले भरिपूर्ण रमाइलो र आकर्षक गाउँ हो (तमु,२०७१) ।

सन् १९६० को दशकमा पर्यटकको रुपमा हिप्पीहरुको बाहुल्यता रह्यो । हिप्पीहरुलाई लागू पदार्थ सेवन गर्न अबरोध विनाको काठमाण्डौको वातावरणले झनै लोभ्यायो । यो संगै हिन्दी चलचित्र हरेराम हरेकृष्ण को काठमाण्डौमा छायांकन पश्चात भारतमा पनि नेपालको थप प्रचार भई भारतीय पर्यटक समेत बढ्न पुगे । त्यस पछि ७० को दशक पछि पर्यटन विकासले गति लिन पुग्यो र पर्यटक आगमन पनि बढ्दै गयो । तत्कालिन समयमा टोनी

हेगनले नेपालको सुन्दरतालाई श्रव्य दृश्य एवं प्रकाशन मार्फत विश्वसामु पस्किए पछि त झनै नेपालको सौन्दर्य विश्व समुदायमा थप उजागर हुन पुग्यो । पर्यटनविद् कर्ण शाक्य द्वारा पर्यटन विकारमा नयाँ आयाम थप्न नेपाल भ्रमण वर्ष १९९८ को परिकल्पना गरेपश्चात् सो अभियान एक सफल अभियानको रुपमा रह्यो (हिमाल, २०६४) ।

सिक्लेस गुरुङहरुको सांस्कृति र परम्परा सहितको ठूलो गाउँ हो । जहाँ ४०० वटा घरहरु छन् । हर्पुथर, लामाथर, धप्राङथर, सवाथर र गैरी थर गरी ५ वटा टोलहरु रहेका छन् । सिक्लेस र पार्चेमा ७८.२७ प्रतिशत गुरुङ समुदाय रहेको छ (पार्कर २००५) ।

दशवर्षेलामो जनयुद्ध र ऐतिहासिक जनआन्दोलन पश्चात सम्पन्न वृहत शान्ति सम्झौता पश्चात शुरु भएको शान्ति प्रकृयासंगसंगै सम्पन्न निर्वाचनद्वारा संविधान सभाको गठन पछि नेपालको शान्ति प्रकृयालाई तार्किक निष्कर्षमा पुऱ्याउन जोड दिई सन २००७ मा ५ लाख भन्दा बढि पर्यटकले नेपाल भ्रमण गरेबाट मुलुकमा पर्यटन आगमन संख्या वृद्धि भई पर्यटन संख्यामा राष्ट्रिय र अन्तरराष्ट्रिय लगानीकर्ताहरुको चासो बढेको छ । यसै सन्दर्भमा पर्यटन नीति २०६५ मार्फत नेपाल आकर्षक, रमणीय, सुरक्षित गन्तब्यको रुपमा परिचित गराई सर्वसाधारणको जिविको पार्जनको लागि रोजगारीको अवसर, उत्पादनशिलता, जनताको जिवनस्तर र आर्थिक वृद्धिदर उच्च भई राजश्वमा योगदान पुग्ने अपेक्षा स्वनीतिले लिएको छ (पर्यटन नीति, २०६५) ।

**पर्यटन नीति २०६५**

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहु भाषिक, बहु जातिय, बहु धार्मिक, सामाजिक विविधता एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाललाई विश्व सामु चिनाउन र विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने क्षमताको अभिवृद्धि गर्न आवश्यक छ । नेपालमा रहेका यि विविध प्रकारका प्राकृतिक, जैविक, धार्मिक, सामाजिक, सांस्कृतिक सम्पदाको संरक्षण गरी भौतिक पूर्वाधारको विकास संगै पर्यटन क्षेत्रको विकासमा संख्यात्मक एवं गुणात्मक वृद्धि गर्न पर्यटन नीति २०६५ निर्माण गरिएको छ ।

यी माथि उल्लेखित विविध भनाई तथा नीति नियम एवं परिभाषाबाट पर्यटन भन्नाले कुनै पनि व्यक्ति जो घर बाहिर जान्छ र उसले कमाउने उद्देश्य नराखी छोटो वा लामो अवधिको

भ्रमण गर्ने व्यत्रिक्त भन्ने बुझिन्छ । उक्त पर्यटकहरुलाई होटल तथा घरबास मार्फत व्यवस्थापन गर्नेलाई पर्यटन व्यवसायी भन्ने बुझिन्छ ।


यस अगाडी ग्रामीण पर्यटन व्यवसायी ल्वाङ घलेलको महिला व्यवसायी बारे रविराज भण्डारीले २०६९ सालमा, ग्रामिण पर्यटन विकासको सम्भावनाबारे गुणाखर सापकोटाले २०७० मा मट्टिखानको पर्यटन सम्भावना बारे अध्ययन गरिएको पाइन्छ । एलन म्याक्फर्लनले थाक गाउँको विकास र परिवर्तन तथा गुरुङ समुदायको बारेमा, त्यसैगरी पोल बहादुर गुरुङले सिक्लेसको गुरुङ संस्कार र संस्कृतिबारे, सारा पार्करले सिक्लेसमा अनौपचारिक शिक्षा र एक्यापको बारेमा अध्ययन गरिएको भए पनि सिक्लेसकै पर्यटन व्यवसायीको बारेमा अध्ययन नभएकोले र कुनै एउटा सिद्धान्तमा मात्र टेकेर नभई विश्व व्यवस्था सिद्धान्त, जनसहभागितामुलक सिद्धान्त र पुल पुस सिद्धान्तहरुले व्यवसायीहरुलाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेकोले यस अध्ययन गर्नु परेको हो ।
यसरी सिक्लेसको बारेमा अनुसन्धान कर्ताहरुले गुरुङ समुदाय र संस्कृति तथा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको बारेमा अध्ययन गरेता पनि पर्यटकीय गाउँ भएर पनि पर्यटन व्यवसायको बारेमा अध्ययन पूर्ण रुपमा नभएको हुँदा सिक्लेसलाई थप प्रचारप्रसार गरी स्थानीय उत्पादनमा जोड दिइ व्यवसायीको बचत क्षमता बढाउन स्थानीयको सहभागिता अझ सक्रिय बनाउन र विकासका पूर्वाधारहरु व्यवस्थित रुपमा निर्माण गरी थप प्रचार प्रसार सहित पर्यटकहरुको वृद्धि गरी आर्थिक, सामाजिक तथा वातावरणीय नकारात्मक पक्षहरु हटाई गुणस्तरिय जीवन यापन गराउन अध्ययन गर्नु परेको हो ।

## २.९ अवधारणागत ढाँचा

पर्यटनको विकासमा सामाजिक, आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहन्छ । समाजमा रहेको जातिय भिन्नता धर्म, संस्कार, संस्कृति, शिक्षा तथा उमेर पर्यटनको लागि पर्यटकीय आधारभूत संरचना हुन । पर्यटनको विकास पेशा तथा व्यवसायको विकास भई आयमा बृद्धि हुन्छ । यसको लागि भाषा, परिवारको सहयोगको समेत महत्व हुन्छ । पर्यटन व्यवसायले विकास ल्याउदा पर्यटन व्यवसायीमा आर्थिक, सामाजिक परिवर्तन ल्याउछ । यो अवधारणा प्रति चित्रमा सामाजिक संरचना अन्तरगत आर्थिक र सामाजिक पक्षहरुको व्याख्या गर्दै ति


पक्षहरुले व्यवसायीहरुमा प्रत्यक्ष प्रभाव पार्ने र त्यसकै आधारमा परिवर्तनहरुको विश्लेषण गरिएको छ ।

**चित्र नं.२.९.१ अवधारणात्मक ढाँचा**




पर्यटन पेशालाई संस्कार र संस्कृतिले प्रभाव पारेको देखिन्छ । गुरुङ समुदायको मात्र सिक्लेसमा होटल तथा घरबास रहेको देखिन्छ । शैक्षिक अवस्था तथा भाषाको ज्ञान हुनेलाई पेशामा सहज हुने भएको, आर्थिक पक्षमा सुधार ल्याएको छ । व्यवसायीको सोच, चिन्तन, आम्दानीले उसको क्षमता वृद्धि, आम्दानी वृद्धि, नेतृत्व विकास भएको देखिन्छ ।

**चित्र नं.२.९.२ अवधारणात्मक ढाँचा**





ग्रामिण पर्यटन क्षेत्रको विकासमा राष्ट्रिय नीति समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय पक्ष, स्थानीय स्रोत साधन, पर्यटकको अवस्था एक अर्कासंग अन्तरसम्बन्धित छन् । सरकारले घरबास बनाउने नीति र स्वदेशी विदेशी पर्यटकलाई ग्रामिण क्षेत्रमा जान प्रोत्साहन गर्ने, पर्यटकबाट स्थानीय स्रोत साधनको उपयोग र उनीहरुबाट आर्थिक, सामाजिक, वातावरणीय क्षेत्रमा परिवर्तन हुने र सोही आधारमा राष्ट्रिय नीति बन्ने क्रम चलिरहन्छ ।

**चित्र नं.२.९.३ अवधारणात्मक ढाँचा**





सिक्लेसको पर्यटनमा ठूलो गाउँ, गाउँको संस्कृति, संग्राहलयहरु, अन्नपूर्ण हिमश्रृंखला, सिक्लेस नजिकैको क्हफुचे हिमताल, कोरी, गुरुङहरुको आदिम थलो क्होला सोथर, पदमार्गहरु, जैविक विविधतायुक्त बनस्पति र बन्यजन्तुहरु, सिक्लेसको मेला, घाँटु लगायतको पक्षले पर्यटकलाई थप आकर्षीत गरेको र यी क्षेत्रहरु एक अर्कासंग अन्तरसम्बन्धित हुने गरेको छ । माघे मेलामा आउने पर्यटक सिक्लेसको संस्कृति, गाउँ मात्र नभई यस आसपासका पर्यटकीय क्षेत्रबारे जानकारी लिई जाने गरेको छ । एक ठाउँको गन्तब्यले अन्य ठाउँलाई सघाउ पुऱ्याइरहेका छन् ।

**चित्र नं. २.९.४ अवधारणात्मक ढाँचा**




पर्यटकहरुलाई पर्यटकीय स्थानको हावापानी, व्यवहार, पर्यटकको समय र खर्च गर्ने क्षमता संगै उक्त स्थानमा जादा पर्ने समस्या तथा चुनौतिहरुले पुल पुस थेउरी अनुसार सिक्लेसमा यहाँको कच्ची सडक, पदमार्गको व्यवस्थापन गर्न नसकेको कारण, एक्यापबाट लिइने पर्यटन शुल्क, लेकहरुमा संचाार सुविधाको अभावका कारणले साथै कतिपयलाई सूचनाको अभावले समेत पर्यटकहरु जति आउनु पर्ने आउन सकेको छैन ।

### चित्र नं.२.९.५ अवधारणात्मक ढाँचा




वालेस्टाइन र ए.जी फ्रेंकको विश्वव्यवस्था सिद्धान्तको विश्लेषण अनुसार केन्द्र क्षेत्रले अर्ध पृष्ठ र पृष्ठ क्षेत्रको कच्चा पदार्थ सस्तो मूल्यमा आयात गरी महंगो मूल्यमा उक्त क्षेत्रमै विक्री गर्ने र केन्द्र क्षेत्र सधै धनि हुदै जाने र पृष्ठ क्षेत्र परनिर्भर हुनु पर्ने, त्यस्तै अर्थपृष्ठ क्षेत्रले समेत पृष्ठ क्षेत्रलाई केन्द्र क्षेत्रले जस्तै शोषण गर्ने बताएका छन् । ठिक त्यसै गरी पर्यटन उद्योगमा पनि यहि सिद्धान्त लागु गर्न सकिन्छ । केन्द्र क्षेत्रका पर्यटकहरु अर्धपृष्ठ र पृष्ठ क्षेत्रमा भ्रमण गरी खर्च गर्दछन् र उक्त क्षेत्रका पर्यटन व्यवसायीहरुलाई आधुनिकता तथा सेवा सुविधा प्रविधिको पहुँच एवं नयाँ भौतिक संरचना निर्माण, विधुतिय र अन्य यन्त्र उपकरण, बस्तुहरु महंगोमा निर्यात गर्छन । यहाँ सिक्लेसमा बाहिरी देशका पर्यटकहरुबाट र स्वदेशी पर्यटकहरुबाट व्यवसायीहरुले आम्दानी गरेको र उक्त रकमले पर्यटकको लागि सेवा, सुविधा थप गर्न, नयाँ भौतिक संरचना बनाउन, विदेशी जीवन शैली अनुरुपको बस्तुहरु

आयात गर्ने र व्यवसायबाट प्राप्त आम्दानी केन्द्र क्षेत्र तर्फ नै फर्किएको छ । यहाँ केन्द्र क्षेत्रको रुपमा बाह्य पर्यटकलाई जनाउन सकिन्छ । त्यसै गरी खाद्यान्न लगायत स्वदेशी उत्पादन पोखराबाट आयात गर्नु पर्ने हुँदा आम्दानीको केही भाग पोखराका व्यापारीहरुले फाइदा लिएकोले व्यवसायीहरुको बचत सहि रुपमा हुन सकेको छैन । पोखराका व्यापारीहरु केन्द्र क्षेत्रको सामाग्री आयात गरी पृष्ठ क्षेत्रमा पठाउने गरेको र उनीहरु केन्द्र क्षेत्रबाट आफु शोषित भएर पनि फेरी पृष्ठ क्षेत्रलाई शोषण गरिरहेको छ । तसर्थ सिक्लेसमा पर्यटनबाट आम्दानी बृद्धि गर्न स्थानीय उत्पादनलाई जोड दिई बस्तुहरुको आयात घटाउदै पर्यटक बढाउनु पर्ने यस चित्रबाट देख्न सकिन्छ ।

# अध्याय तिन
# अध्ययन विधि

जुनसुकै अध्ययन अनुसन्धानको सफलता भनेको नै यसको विधि हो । अध्ययन अनुसन्धानको प्रकृति अनुसार यसको उपयुक्त विधि छनौट गर्न सक्नुपर्छ । अनुसन्धानको सफलता र असफलता अनुसन्धानको विधिमा निर्भर गर्दछ । यो अध्ययनमा निम्नानुसारका अनुसन्धान विधि प्रयोग गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौट गर्नुको औचित्य

सफल अनुसन्धानको लागि अनुसन्धान कर्ताहरुले छनौट गर्ने क्षेत्र एउटा महत्वपूर्ण विषय हो । यस क्षेत्र अध्ययन क्षेत्र बनाउनुको औचित्य निम्न लिखित बुदामा प्रस्टाइएको छ ।

क) पर्यटकीय गन्तव्य स्थल भइकन पनि विकासमा पछि रहेकाले ।

ख) ग्रामीण पर्यटनको प्रभावकारीता अध्ययन गर्ने हेतु भएकोले ।

ग) अध्ययन कर्ताको पर्यटन सम्बन्धी अध्ययन व्यक्तिगत रुचि भएकोले यस विषय रोजिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन व्याख्यात्मक र विश्लेषणात्मक ढाचामा आधारित रहेर गरिएको छ । प्राप्त तथ्यांक आफैमा पूर्ण र पर्याप्त नहुन पनि सक्छन् । जसको उपयुक्त व्याख्या वर्णनको अभावले देखाउन खोजिएको विषयबस्तु छायामा पर्न सक्छ । त्यसैले संकलित तथ्यांक तथा उत्तरको आधारमा अनुसन्धानलाई पूर्णता दिनको निमित्त व्याख्या र वर्णन विधिको प्रयोग गरिएको छ । विशुद्ध रुपमा विभिन्न चरहरुको बर्णन गरी निचोडमा पुगेको छ । यस अनुसन्धानमा विश्व व्यवस्था सिद्धान्त, जनसहभागिता केन्द्रीत सिद्धान्त, पुस एण्ड पुल सिद्धान्तलाई आधार मानेर अगाडि बढाइएको छ ।

## ३.३ तथ्यांकको स्रोत एवं प्रकृति

यस अध्ययनमा प्रयोग भएको तथ्यांकहरु प्राथमिक र द्धतीय स्रोतबाट संकलन गरिएका छन् । प्राथमिक तथ्यांकहरु स्थलगत सर्वेक्षणबाट संकलन गरिएका हुन् । द्धीतिय तथ्यांकहरु विभिन्न अध्ययन,प्रतिवेदन तथा सरकारी तथा गैर सरकारी निकायबाट प्रकाशित लेख, समाचार, पत्रपत्रिका तथा वुलेटिनहरुबाट तथ्यांक संकलन गरिएका छन् । यस अध्ययनमा गुणात्मक र परिमाणात्मक दुबै प्रकृतिका तथ्यांकहरु संकलन गरिएको छ ।

## ३.४ समग्रता एवं नमुना छनोट

यस अध्ययनमा कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. १ को सिक्लेस गाउँका हर्पुथर, लामाथर, धप्राङथर, सभाथर र गैरीथर टोलको सम्पूर्ण २० घरबास र २० होटलहरु गरी ४० व्यवसायीहरुलाई छनौट गरी इनै ४० घरबास तथा होटलको संचालकलाई नै मुख्य सूचना एवं उत्तरदाताको रुपमा छनौट गरिएको छ ।

## ३.५ तथ्यांक संकलन विधि

यस अध्ययनमा प्रत्यक्ष अवलोकन, वैयक्तिक अध्ययन, व्यक्तिगत अन्तरवार्ता र अन्तरवार्ता अनुसूची जस्ता विधिहरु प्रयोग गरिएको छ ।

### ३.५.१ अवलोकन विधि

सिक्लेस गाउँमा सोधार्थी स्वयं उपस्थित रहेर अवलोकन विधिको प्रयोग गरी तथ्यांक संकलन विधिको प्रयोग गरिएको छ । स्थलगत अवलोकनमा सिक्लेस गाउँको घरबास र होटल व्यवसायीहरुको घरको बनोट, बाटो, पदमार्गहरु, क्हफु चे हिमताल, क्होला सोंथर, सिक्लेस गाउँ, समुदाय, विद्यालय, गाउँको रहनसहन, भेषभूषा, ऐतिहासिक र पुरातात्वीक सम्पदाहरु तथा पर्यटकीय सम्भावनायुक्त स्थलहरुको अवलोकन तथा फोटोग्राफी समेत लिइ शोधपत्र तयार गरिएको छ ।

### ३.५.२ अन्तरवार्ता अनुसूची

यस अध्ययनमा अध्ययन कर्ताले उत्तरदाता व्यवसायीहरुलाई प्रश्नहरुको सूची लिएर अन्तरवार्ता अनुसूची भरिएको थियो । उत्तरदातालाई सजिलोको लागि बहु बैकल्पिक प्रश्नको

व्यवस्था गरिएको थियो । जसमा उत्तरदाताको उमेर, शिक्षा, आम्दानी, पेशा व्यवसाय तथा रोजगारी सम्बन्धमा संख्यात्मक र गुणात्मक अवधारणा लिएको छ ।

### ३.५.३ वैयक्तिक अध्ययन

अध्ययन क्षेत्रका पर्यटन व्यवसायमा संलग्न ६ जना व्यवसायीहरुको वैयक्तिक अध्ययन समेत गरिएको छ । गुणात्मक जानकारीको लागि वैयक्तिक अध्ययनलाई विशेष प्राथमिकता दिइएको छ ।

### ३.५.४ प्रमुख जानकार व्यक्तिसंग अन्तरवार्ता

होटल तथा घरबास सञ्चालकका रुपमा रहेकाबाट जानकारी प्राप्त गर्दै यहाका वुदिजिविहरुबाट गुणात्मक तथ्यांक संकलनको लागि अन्तरवार्ता लिइएको छ ।

## ३.६ तथ्यांकको प्रमाणिकता र विश्वासनियता

कुनै पनि अध्ययनको विश्वासनियता त्यतिखेर देखिन्छ जति खेर प्रमाणित तथ्यहरु संकलन गरी त्यसलाई विश्लेषण गरिएको हुन्छ । कुनै पनि सैद्धान्तिक धरातलमा संलग्न नभई वर्णानात्मक ढाचामा चरहरुको वर्णन गरी निष्कर्समा नपुगिने हुनाले यहाँ संलग्न गरिएका तथ्यांकहरु प्रमाणित र विश्वासनिय छन् । अध्ययन कर्ता स्वयं स्थलगत सर्वेक्षण कार्यमा संलग्न भएर पटकपटक दोहोराई अन्तरवार्तामा संलग्न भई अन्तरवार्ता अनुसूची भराएर तथ्यांकहरु संकलन गरिएका छन् । उत्तरदाताबाट प्राप्त उत्तरहरुको पनः परिक्षणको लागि अध्ययनरत शिक्षकहरु, समाजसेवीहरुबाट समेत जानकारी लिइएको हुनाले संलग्न गरिएका तथ्यांकहरु प्रमाणिक छन् भन्ने कुरा पुष्ठी गर्न सहज भएको छ ।

## ३.७ तथ्यांक विश्लेषण एवं प्रस्तुतीकरण

संकलित गुणात्मक र संख्यात्मक तथ्यांकलाई विश्लेषण गरिएको छ । तथ्यांकको विश्लेषण तथ्यांकगत विधि प्रतिशत तथा टेवल प्रयोग गरी प्रस्तुत गरिएको छ । वर्णनात्मक र व्याख्यात्मक शैलिबाट गुणात्मक र संख्यात्मक तथ्यांकलाई प्रस्तुतिकरण गरिएको छ ।

# अध्याय चार

# होटल तथा घरबास व्यवसायीहरुको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन

## ४.१ भौगोलिक अवस्थिती

कास्की जिल्ला पर्यटकीय शहरको रुपमा परिचित छ । राज्य पुन संरचना अनुसार देशले संघीयता अपनाए पछि कास्कीमा पाँच वटा स्थानीय तहका सरकारहरु छन् । कास्कीको उत्तर पूर्वमा अवस्थीत पर्यटनको प्रचुर सम्भावना बोकेको मादी गाउँपालिका कास्कीको क्षेत्रफलको हिसाबले सबै भन्दा ठूलो स्थानीय तह हो । यस गाउँपालिकाले पर्यटनलाई मुख्य मेरुदण्डको रुपमा लिएको छ । पर्यटन, कृषि, जलस्रोत, वन र पूर्वाधार समन्यायिक समृद्धि मादीको मूल आधार भन्ने नाराबाट समेत मादीले समृद्धिको लागि पर्यटनलाई मुख्य रुपमा लिएको बुझ्न सकिन्छ । नेपाल सरकारले चयन गरेका एक सय पर्यटकीय गन्तव्य मध्ये मादी गाउँपालिका १ को सिकलेस गाउँ पर्दछ । मादी १ सिक्लेस साविकको पार्चे गा.वि.स को ५-९ वडाहरु रहेको गुरुङहरुको ऐतिहासिक र सांस्कृतिक गाउँ हो । एउटै ठाउँमा एकवद्ध भई गुचमुच ४०० घरहरु अन्नपूर्ण र लमजुङ हिमालको फेदमा लालिगुरासले घेरीएको यो गाउँ समुद्री सतहबाट करिब २००० मिटरको उचाईमा अवस्थित छ (तमु, २०७१) ।

पोखराको काउखोलाबाट ४० किलो मिटर उत्तर पूर्वमा पर्ने यस गाउँमा काउखोला सिक्लेस दूधपोखरी सडक मार्ग हुँदै काउखोला, काउरे, छाचोक, मेलबोट, थाक, तप्राङ, चिप्ली, खिलाङ, पार्चे हुँदै ३ घण्टाको कच्ची सडकको यात्रा पछि सिक्लेस पुग्न सकिन्छ । हाल कालोपत्रेको लागि समेत कार्य भैरहेको यो सडकबाट मोटर साईकल, जीप, बस आदी साधनबाट सिक्लेस पुग्न सकिन्छ । काउखोला, ताङतिङ भएर समेत सिक्लेस जान सकिन्छ । पदयात्रा प्रेमीहरुलाई आर्मला, थाक, ताराहिल, सिक्लेस र घलेखर्क, ताराहिल हुँदै सिक्लेस जान सकिन्छ । गाउँपालिकाले कास्कीको सिक्लेसबाट मनाङसम्म टोनी हेगन पदमार्ग बनाउने कार्य समेत शुरु गरेको हुँदा मनाङबाट समेत दुध पोखरी हुँदै सिक्लेस आउन सकिन्छ (मादी गा.पा २०७४) ।

सिक्लेसबाट अन्नपूर्ण, लमजुङ हिमालको श्रृंखलाको अबलोकन गर्ने, सिक्लेस इकोपार्क, संग्राहलय, शान्ति स्तुपा, क्होइवो तथा गुम्बाहरु, एक्यापको इलाका कार्यालय, तातोपानी, सिक्लेसबाट नजिकै रहेको विश्वकै होचो सतहमा रहेको क्हफुचे हिमताल, हुगु, कोरी, ठुलेक, दुध पोखरी लगायतका प्राकृतिक सौन्दर्यले भरीपूर्ण पर्यटकीय स्थलहरु साथै गुरुङ समुदायको ऐतिहासिक पुरातात्वीक आदीम थलो क्होला सोथर समेत नजिकै रहेको छ । जसले पर्यटनको आकर्षणको केन्द्र सिक्लेस बन्न पुगेको छ । अझै माघे सक्रान्ति मेला गुरुङहरुको घाँटु, रोधी, छ्याडु, रहनसहन, भाषा, भेषभुसा, लगायत संस्कृतीसंगै नेपालमा भएको १० वर्षे सशस्त्र संघर्षलाई शान्तिपूर्ण रुपमा अवतरण गराउन विद्रोही र सरकार पक्षको वार्ताको सुरुवात विन्दु सिक्लेस रहेकोले  सिक्लेसलाई थप पर्यटन तान्न मदत पुगेको छ । हाल सिक्लेसमा रहेको २० वटा सुविधा सम्पन्न होटलहरु र २० वटा होमस्टेहरु सञ्चालित छन् । अझै घरबास तथा होटलहरु थपिने क्रम जारी छ । नजिकै रहेको पार्चे र छिमेकी गाउँ ताङतिङमा समेत घरबास र होटलहरु बढ्दै गइरहेका छन् । पछिल्लो क्रममा क्होला सोंथर, कोरी, क्हपुचे हिमताल जाने पर्यटकको संख्या बढेसंगै हुगुमा समेत होटलहरु थपिएका छन् ।

### ४.१.१ हावापानी र जलवायु

यस मादी १ सिक्लेसको उत्तर तर्फ अन्नपूर्ण र लमजुङ हिमालको हिमश्रृंखला रहेको र मादी नदीको सिर पनि उत्तर पूर्वमा रहेको हिमाल नै भएको साथै घना जंगलमा थरीथरीका उच्च भागमा हुने लालिगुरास सहित लेकमा हुने बहुमुल्य जडिबुटि, बन्यजन्तु र महत्वपूर्ण बनस्पती तथा बोटविरुवाहरुको जैविक विविधताले यस ठाउँको हावा पानीको अनुमान लगाउन कठिन छैन । तसर्थ यहाँको हावापानी चिसो खालको छ । ठण्डा समशितोष्ण देखि लेकाली फाटहरुमा अल्पाइन टुन्डा सम्मको हावापानी रहेको छ । कहिले काही गाउँसम्मै हिउ पर्ने र मादी १ का लेकहरुमा मंसिर देखि फागुन सम्म हिउ हुने हुदा लेकका भेडी गोठहरु उक्त समयमा तल वेसी तिर झर्ने गरेका त्यहाका स्थानीय वृद्धिजिवि पोल बहादुर गुरुङले बताउनु भयो ।

### ४.१.२ जनसंख्या

मादी गाउँपालिकाको वस्तुगत विवरण २०७४ अनुसार ऐतिहासिक गुरुङ गाउँ भएर पनि सडक लगायत पूर्वाधारहरुको विकास धेरै पछाडी हुँदा र वैदेशिक रोजगारीको अबसरले यहाँ

बसाइसराईको समस्या रहेता पनि हाल सडक सञ्जाल पुगेको सुचना, प्रविधि, शिक्षा, स्वास्थ्य लगायतको सेवा सुविधाले गर्दा बसाइसराइको दर बढेको देखिदैन । उक्त ढाटा अनुसार मादी १ को जनसंख्या ३५७८ रहेका छ । जसमा महिला १७१७ र पुरुष १८६१ रहेको र औषद परिवार ५.७७ देखाएको छ । जसमा सिक्लेस गाउँको जनसंख्या १९१४ रहेको छ । जसमा पुरुष १०१५ र महिला ८९९ उक्त डाटाले बताएको छ । साथै महिला भन्दा धेरै पुरुष घरमूली उक्त डाटाले देखाएको छ ।

### ४.१.३ धर्म, संस्कृति र जातजातियता

सिक्लेस गाउँ गुरुङहरुको ऐतिहासिक र सांस्कृतिक गाउँ हो । यहाँ गुरुङ जातिको बाक्लो बसोबास रहेको छ । केही मात्रामा वि.क र परियार छन् । तसर्थ यस गाउँलाई गुरुङको संस्कृति बोकेको गुरुङ गाउँको रुपमा परिचित छ । यहाँ माघ १ गते माघे सक्रान्ति मेला लाग्ने गर्दछ । नाचगान, खेलकुद, छेलो प्रतियोगिता, माउद क्युफी दर्शन आदी हुने गर्दछ । हाल कोरोनाले यस वर्ष कार्यक्रमहरु हुन सकेन । घाटु, सोरठी, छ्याढु, गुरुङहरुको पुरोहितहरु पच्यू, ल्हेब्री, लम, प्येता, ल्हुता, ल्होसार, बायो पूजा, बुद्ध पूर्णीमा, असिना बार्ने, गाउँ बार्ने, ट्होटे, प्रकृति पुजा, दशै, तिहार, लगायत विविध चाडबाड र संस्कृति मनाउदछन् । धार्मिक हिसाबलेप्राकृतिक धर्म बोन, बौद्ध र हिन्दु धर्मालम्बीहरु रहेका छन् ।

## ४.२ घरधुरी सर्वेक्षण

मादी १ को सिक्लेसमा रहेको घरबास र होटलहरु गरी ४० वटा घरको घरधुरी सर्वेक्षण गरिएको छ । गाउँपालिकाको विवरणमा ३२३ परिवार देखाएता पनि सिक्लेसमा ४०० घरधुरी रहेका छन् । जसमा ४० घरधुरीका व्यवसायीहरु यसमा सहभागि भएका छन् ।

**तालिका ४.१**

**उत्तरदाताको घरधुरी सर्वेक्षण विवरण**

| वडा | घरधुरी | घरबास पर्यटनमा सहभागी | होटल व्यवसायीमा सहभागी | जम्मा |
|---|---|---|---|---|
| मादी १ | ४०० | २० | २० | ४० |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

### ४.२.१ जातजातियता

सिक्लेसमा केही घर दलित बाहेक एक्लौटी गुरुङ जातीको बसोबास रहेको छ । पर्यटन व्यवसायमा दलित समुदायको होटल र घरबासमा हालसम्म समूहमा सहभागिता देखिएको छैन । पर्यटनको आगमनसंगै होटल तथा घरबासको संख्या वृद्धि हुने क्रम जारी छ । जसलाई तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२**

**उत्तरदाताको जातजातीय विवरण**

| **जातजाति** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| गुरुङ | ४० | १०० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिकामा सबै उत्तरदाता गुरुङ समुदाय रहेको देखाइएको छ। सिक्लेस गुरुङ गाउँ रहेको र गुरुङ संस्कार र संस्कृति हेर्न पर्यटकको चाहाना हुनाले र दलित समुदायको आयस्रोत न्यूनता तथा सामाजिक कारणले व्यवसायमा पछि परेको देखिन्छ तर अन्य पर्यटन गतिविधिमा भने सक्रिय रहेको देखिन्छ।

### ४.२.२ उमेर समूह

मानवीय क्रियाकलाप गर्नका लागि उमेरको अति महत्वपूर्ण स्थान हुन्छ। तसर्थ यस होटल तथा घरबास व्यवसायमा संलग्न उत्तरदाताहरुको उमेर तल तालिकामा दिइएको छ।

**क) उत्तरदाताहरुको उमेर**

**तालिका ४.३**

**उत्तरदाताहरुको उमेर**

| **उमेर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १५-२५ | २ | ५ |
| २५-३५ | ८ | २० |
| ३५-४५ | २४ | ६० |
| ४५-६० | ५ | १२.५ |
| ६० देखी माथि | १ | २.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन,२०७७*

तालिका अनुसार व्यवसायीहरुको उमेर ३५ देखी ४५ सम्मका ६०, २५ देखी ३५ सम्मका २०, १५ देखी २५ सम्मका ५ र ४५ देखी ६० सम्मका १२.५ र ६० वर्ष भन्दा माथिका २.५ प्रतिशत रहेको छ ।

विदेश गएर आएका र नेपालमै केही गरौ भन्ने परिपक्क तथा जिवनको जीम्मेवारी वोध भएका उमेर समूह बढि यस प्रसामा संलग्न गरेको पाइयो ।

**ख) पर्यटकहरुको उमेर**

उत्तरदाताको अनुसार उमेरको हिवाबले विद्यार्थी पर्यटक, युवा पर्यटक र वृद्ध पर्यटकलाई उमेर अनुसार तल तालिकामा देखाइएको छ ।

**तालिका ४.४**

**उत्तरदाताको अनुसार पर्यटकहरुको उमेर**

| **उमेर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १०-२० | ७ | १७.५ |
| २०-४० | २५ | ६२.५ |
| ४०-६० | ७ | १७.५ |
| ६० देखी माथि | १ | २.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पर्यटकहरुको उमेर २० देखी ४० वर्षका ६२.५, १० देखी २० र ४० देखी ६० का १७.५ र ६० वर्ष भन्दा माथिका २.५ प्रतिशत आउने गरेको पाइएको छ । १० देखी २० वर्षकालाई विद्यार्थी, २० देखी ४० वर्षकालाई युवा र ४० देखि माथिकालाई प्रौढ मान्दा धेरै जस्तो समूहमा युवाहरु आउने, विद्यालयबाट अध्ययन भ्रमणमा विद्यार्थीहरु आउने र पारिवारिक पर्यटनमा बालबालिका र प्रौढहरु आएको हुनाले युवाहरु बढि देखिएको हो ।

### ४.२.३ धर्म

परापूर्वकाल देखि नै समाजमा धार्मिक आस्था रहदै आएको छ अलौकिक शक्तिलाई विश्वास गर्नु नै धर्म हो । देशको नीति नियम र अदालतको फैसलाहरुमा समेत धार्मिक आड लिएको

देखिन्छ । विश्वको धार्मिक कठर पन्थी देशहरुमा मुल कानुन नै धर्मबाट प्रभावित हुन्छन् । धार्मिक हिसाबले उत्तरदाताको विवरण तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**उत्तरदाताको धर्म विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| प्राकृतिक वौन धर्म | २० | ५० |
| वौद्ध धर्म | १३ | ३२.५ |
| हिन्दु धर्म | ७ | १७.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

उत्तरदाताको धर्ममा प्राकृतिक वौन, वौद्ध र हिन्दु क्रमशः धर्म ५०, ३२.५, १७.५ प्रतिशत रहेको छ । गुरुङहरुले दशै, तिहाससंगै सबै चाडबाडमा सहभागिता जनाएता पनि मौलिक धर्म वोन रहेको र व्यवसायीहरु धर्म प्रति सचेत पनि रहेको हुँदा वोन धर्म नै पाइएको हो ।

### ४.२.४ परिवारको प्रकार

परिवार समाज विकासको क्रममा विकासित हुँदै आएको एउटा आधार संरचना हो । परिवारको विकासले व्यक्ति तथा राष्ट्रको विकासमा टेवा पुग्दछ । मानीसको सामाजिक, सांस्कृतिक संरचना पहिलो आधार परिवार नै भएकोले यसको महत्वपूर्ण भूमिका हुन्छ । संस्कार र संस्कृतिमा परिवारको प्रभाव हुँने गर्दछ । दुई वा दुई भन्दा बढि संख्यामा मानिसहरु एकै ठाउँमा बसेर आफ्नो आर्थिक तथा दैनिक क्रियाकलापहरु सञ्चालन गर्दछ भने त्यसलाई हामी परिवार भन्दछौं । श्रीमान श्रीमती, अविवाहित छोराछोरी भएको परिवारलाई एकल परिवार र विवाहित छोरा छोरी तथा तीन पुस्ता सम्मको परिवार भएकोलाई संयुक्त परिवार भनिन्छ । तसर्थ उत्तरदाताको पारिवारिक विवरण तालिकामा दिईएको छ ।

**तालिका ४.६**

**परिवारको प्रकार**

| **परिवारको प्रकार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकल परिवार | १८ | ४५ |
| संयुक्त परिवार | २२ | ५५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको एकल परिवार ४५ र संयुक्त परिवार ५५ प्रतिशत रहेको छ । सिक्लेसमा धेरै घरहरु एउटै ठाउँमा रहेको र गाउँमा रहेकाहरु प्राय सम्पूर्ण परिवार संगै रहेका छन् भने केही व्यवसायीको घर र व्यवसाय फरक रहेको जस्तै घरबासमा प्राय सबै संगै छन् भने होटलहरु घर भन्दा छुट्टै ठाउँमा खोलिएकोले एकल परिवारको रुपमा रहेको छ ।

### ४.२.५ वैवाहिक स्थिती

विवाह एउटा सामाजिक प्रकृया तथा महत्वपूर्ण संस्था हो । विवाहले समाज र संस्कृतिलाई परिस्कृत रुपमा अगाडि बढाउछ । विवाह पछि मानीसहरु बढि जिम्मेवार र कर्तब्यबोध हुने गर्दछ । प्रत्येक जातजातिको आफ्नै खालको विवाहको प्रचलन रहेका छन् । उत्तरदाताको वैवाहिक स्थीतिलाई तालिकामा यसप्रकार देखाउन सकिन्छ ।

**तालिका ४.७**

**उत्तरदाताको वैवाहिक स्थीति**

| **वैवाहिक स्थिती** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | ३९ | ९७.५ |
| अविवाहित | १ | २.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको वैवाहिक स्थिती विवाहित ९७.५ र अविवाहित २.५ प्रतिशत रहेको छ । विवाह भैसकेपछि जिम्मेवारी वोध भई पेशा व्यवसाय अपनाउदा सिक्लेसमा पर्यटन पेशा नै आकर्षणको केन्द्र रहेकोले विवाहितहरु नै यस पेशामा संलग्न रहेको छ ।

### ४.२.६ पेशा

यसमा होटल व्यवसाय र घरबासको मात्रा समावेश गरिएको छ । होटल व्यवसायमा चिया, नास्ता संगै बास पनि दिने होटलहरु समावेश रहेकोले एउटै होटल व्यवसायमा समेटिएको र घरबासहरुको एउटै पेसा हुनाले त्यसरी नै समेटिएको छ ।

**तालिका ४.८**

**उत्तरदाताको पेसागत अवस्था**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| होटल | २० | ५० |
| होमस्टे | २० | ५० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताहरु होटल र घरबास पेशाका समान रहेको छ । घरबासको अवधारणा पछि मात्र आएको र घरबास नहुँदै धेरै होटलहरु सञ्चालनमा रहेको र घरबासमा सामुहिक रुपमा पर्यटनको व्यवस्थापन हुने हुँदा आफ्नो छुट्टै पहुँच र सम्पर्क रहेका व्यक्तिहरु होटल तर्फ आकर्षित रहेकोले होमस्टे र होटल समान रहेको देखिन्छ तर होटलको भन्दा घरबासको बढ्नेक्रम तिब्र रुपमा रहेको पाइयो । होटल तथा घरबास बाहेक अन्य पेशाबारे तालिका नं. ४.१७ मा वैदेशिक रोजगारी, कृषि, नोकरी लगायत देखाइएको छ ।

### ४.२.७ घरको बनोट

घर नै मानीसहरुको आश्रय स्थल हो । सिक्लेसमा हाल अधिकांस घरहरु ढुंगाको गारा र छाना टिनको रहेको छ । पुरानो घरहरुमा पुरै ढुंगाको छाना रहेको छ । हाल सिमेण्टेड विल्डिङ घर तथा होटेलहरु खोल्ने क्रममा छन् । घरहरुको स्वरुपमा एकरुपता ल्याउन चुनौती हुन लागेको देखिन्छ । उत्तर दाताको घरको प्रकार तालिकामा देखाइएको छ ।

**तालिका ४.९**

**उत्तरदाताको घरको बनोट**

| घरको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| सिमिण्टेड | १ | २.५ |
| ढुंगा | १ | २.५ |
| ढुंगा/ टिनको | ३८ | ९५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताका घरको बनोट ढुंगा/टिनको ९५, ढुंगा २.५, सिमिन्टेड २.५ प्रतिशत रहेको छ । सिक्लेसमा घरका छानाहरु ढुंगाको ठाउँमा टिनले छाउने क्रम धेरै पहिलाबाट हुनगई हाल ढुंगाको छानाको घर पाउन गाह्रो रहेको, बहुसंख्यक घरहरु ढुंगाको गारो र छाना जस्ता पाताको रहेको छ । केही घरहरु आर सी.सी पनि बन्ने क्रममा रहेको देखिन्छ । यसरी आधुनिक घर तथा होटलहरु बन्ने क्रममा केन्द्र क्षेत्रबाट निर्माण सामाग्रीहरु खरिद हुँदा पर्यटकहरुबाट प्राप्त आम्दानी उतै फर्किएको छ ।

### ४.२.८ घरबारी

घरबारी भन्नाले घर रहेको बारीलाई जनाउदछ । सिक्लेसमा घरहरु नजिक नजिक जोडिएर रहेकोले घरबारीको क्षेत्रफल कम रहेको देखिन्छ । घरबारीलाई तालिकामा यसप्रकार देखाउन सकिन्छ ।

**तालिका ४.१०**
**उत्तरदाताको घरबारीको विवरण**

| घरबारी (रोपनीमा) | संख्या | प्रतिशत |
|---|---|---|
| आधा रोपनी | २० | ५० |
| १ रोपनी | १० | २५ |
| २ रोपनी | ७ | १७.५ |
| ३ रोपनी | ३ | ७.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको घरबारी आधा, १, २ र ३ रोपनी क्रमश ५०, २५, १७.५ र ७.५ रोपनी रहेको छ । सिक्लेसमा घरहरु एकआपसमा जोडेर रहेकोले घरबारीको क्षेत्रफल आदा रोपनी भन्दा कम रहेको छ ।

### ४.२.९ खेतबारी

उत्तरदाताहरुको खेतबारी तपसिल बमोजिमको तालिकामा निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका ४.११**

**उत्तरदाताको खेतबारीको विवरण**

| **खेतबारी (रोपनीमा)** | | | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|
| हुने | संख्या | नहुने | | |
| १-१० सम्म | ६ | ० | ६ | १५ |
| १०-२० सम्म | २० | ० | २० | ५० |
| २०-३० सम्म | १० | ० | १० | २५ |
| ३० भन्दा माथि | ४ | ० | ४ | १० |
| **जम्मा** | **४०** | **०** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको खेतबारी रोपनीमा १-१० सम्म, १०-२० सम्म, २०-३० सम्म र ३० भन्दा माथि क्रमशः १५, ५०, २५ र १० प्रतिशत रहेको छ ।जनसंख्या वृद्धि हुँदै जादा पुस्ता हस्तान्तरणबाट आउने जग्गा अंसबन्डा हुँदा जग्गा घट्दै गईरहेको छ । मुख्यौली पुर्खा रहेकोहरुको जग्गा धेरै र अन्य परिश्रम गरि जोड्नेले आवश्यकता मात्र जोडेकोले जग्गामा असमान रहन गएको र बाजो हुने क्रम पनि बढ्दै गइरहेको छ ।

### ४.२.१० पाखो, खोरिया र वन

उत्तर दाताको एक पुस्ता बाट अर्को पुस्ता हस्तान्तरण हुँदै आएको र केहिले खरिद गरेको देखिन आएको छ । उनीहरुको पाखो खोरिया रोपनीमा निम्नअनुसार देखाइएको छ ।

**तालिका ४.१२**

**उत्तरदाताको पाखो खोरिया र वन विवरण**

| **पाखो, खोरिया र वन (रोपनीमा)** | | | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|
| **हुनेहरु** | **संख्या** | **नहुनेहरु** | | |
| ५-१० | ६ | ० | ६ | १५ |
| १० -१५ | १९ | ० | १९ | ४७.५ |
| १५ -२० | ११ | ० | ११ | २७.५ |
| २० देखी माथि | ४ | ० | ४ | १० |
| **जम्मा** | **४०** | **०** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको पाखो खोरिया र वन रोपनीमा ५-१०, १० -१५, १५ -२० र २० देखी माथि क्रमशः १५, ४७.५, २७.५ र १० प्रतिशत रहेको छ । धान खेत र पाखो बारीमा समान नै कारण रहेको छ । खोरीया र पाखोमा खेती गर्नप्रायले छोडेका छन् । पर्यटन नै मुल पेशा रहेकोले कृषी उत्पादनमा कमी हुन गएको देखिन्छ ।

### ४.२.११ धानवाली

नेपालकृषि प्रधान देश हुनाले प्राय किसानहरुले खाद्यान्नको लागि धान लगाउने हुँदा नेपालको मुख्य बालि हो । सिक्लेसमा धानखेत बेसीमा रहेको छ । गाउँमै भने खासै धान खेती हुँदैन । कोदो, मकै, आलु लगाउने चलन छ । बेसीमा प्राय सबैको धानखेत रहेको र अधिकांश खेतहरु टाढा हुनाले र कृषिमा दुःख हुनाले बाजो छोडेको उत्तरदाताहरु बताउछन् । उत्तरदाताको धान उत्पादन विवरण तालिकाबाट प्रस्टाउन सकिन्छ ।

**तालिका ४.१३**

**उत्तरदातको धानवालीको विवरण**

| **धान खेत (मुरीमा)** | | | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|
| **हुनेहरु** | **संख्या** | **नहुनेहरु** | | |
| ५-१० | ३० | | ३० | ७५ |
| १० -१५ | ५ | | ५ | १२.५ |
| १५ -२० | ० | | ० | ० |
| २० देखी माथि | ० | | ० | ० |
| उत्पादन नगर्ने | ५ | | ५ | १२.५ |
| **जम्मा** | **४०** | **०** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको धान खेत मुरीमा ५-१०, १० -१५, उत्पादन नगर्ने क्रमश: ७५, १२.५ र १२.५ प्रतिशत रहेको छ । हावापानीका कारण यहाँ धान बेसीमा मात्र हुँने र बेसी धेरै टाढा हुनाले र पर्यटन मुख्य पेशा हुँदा कृषीमा ध्यान कम पुगेको देखिन्छ । यसरी उत्पादन घट्न गई परनिर्भरता बढेको र बजारबाट खाद्यान्न आयात गर्नु पर्ने देखिएको छ ।

### ४.२.१२ मकै/कोदो

नेपालमा सिचाई नभएको भिरालो ठाउँमा मकै तथा कोदो बाली लगाउने गरिन्छ । यो खेती भिर पाखो खोरियामा समेत हुने हुँदा खाद्यान्न बालिको रुपमा धान पछि यसलाई लिन सकिन्छ । यो बालि संगसंगै पनि लगाउन सकिन्छ । गुरुङहरुको संस्कारमा जाँड आवश्यक पर्ने हुँदा प्राय सबैले रक्सी बनाउन पनि कोदो खेती गर्नु पर्ने हुन्छ ।४० जना उत्तरदाता मध्ये उनीहरुको मकै कोदो उत्पादन तालिका मार्फत देखाइएको छ ।

तालिका ४.१४

उत्तरदाताको मकै/कोदो उत्पादनको विवरण

| मकै/कोदो बारी (मुरीमा) | | | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|
| हुनेहरु | संख्या | नहुनेहरु | | |
| ५-१० | ३० | | ३० | ७५ |
| १० -१५ | ६ | | ६ | १५ |
| १५ -२० | ० | | ० | ० |
| २० देखी माथि | ० | | ० | ० |
| उत्पादन नगर्ने | ४ | | ४ | १० |
| **जम्मा** | **४०** | **०** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको मकै/कोदो बारी मुरीमा ५-१०, १० -१५ र उत्पादन नगर्ने क्रमशः ७५, १५ र १० प्रतिशत रहेको छ । पर्यटन पेशा रहेकोले उत्पादनमा कमी हुन पुगेको हो ।

### ४.२.१३ भटमास/आलु

पहिला सिक्लेसको हुगु क्षेत्र र छिमेकी गाउँ ताङतिङको आलुको निकै चर्चा हुने कुरा सुन्न पाइन्छ । आलुको लागि सिक्लेस उपयुक्त ठाउँ हो । यहाँका बासिन्दा तथा व्यवसायीहरुले तरकारीको रुपमा प्रयोग गर्न र अर्गानीक तरकारी पर्यटकलाई खुलाउन आफ्नै बारीमा तरकारीहरु फलाउन सुरु गरेका छन् । धान खेतमा आलीमा केही मात्रामा भटमास खेती समेत गर्ने चलन छ । उत्तरदाताहरुको आलु तथा भटमास खेतीको उत्पादन तालिकाबाट प्रस्टाईएको छ ।

**तालिका ४.१५**

**उत्तरदातको भटमास/आलु उत्पादनको विवरण**

| **भटमास/आलु (पाथिमा)** | | | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|---|---|
| **हुनेहरु** | **संख्या** | **नहुनेहरु** | | |
| ५-१० | १० | | १० | २५ |
| १० -१५ | १० | | १० | २५ |
| १५ -२० | १५ | | १५ | ३७.५ |
| २० देखी माथि | ० | | ० | ० |
| उत्पादन नगर्ने | ५ | | ५ | १२.५ |
| **जम्मा** | **४०** | **०** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको भटमास/आलु पाथिमा ५-१०, १० -१५, १५ -२० र उत्पादन नगर्ने क्रमश २५, २५, ३७.५ र १२.५ प्रतिशत रहेको छ । पर्यटकहरुको तरकारीको लागि पनि आवश्यक हुँनाले घर तथा होटल नजिकै आलु तथा भटमास खेती गर्ने दर बढेको देखिन्छ ।

### ४.२.१४ खान पुग्ने समय

उत्पादनले मान्छेलाई जीवनमा आत्मनिर्भर बन्न मदत पुऱ्याउछ । पहिला पहिला आफ्नै सम्पूर्ण खेतबारी गरी आत्मनिर्भर हुँने गाउँहरु हाल बसाइसराई गएका र गाउँमै भए पनि दुःख कम गर्न चाहने व्यवसाय तथा वैदेशिक रोजगारी, गाउँमा हाल सिर्जना भएको पथ प्रदर्शक, भरिया, होटलहरुमा जागिर आदीले गर्दा खेतहरु बाँझो हुन पुगेको देखिन्छ । बेरोजगारहरु खेतीतिर भन्दा ज्याला मजदुरी तिर आकर्षित हुने गरेको छ । उत्पादनलाई हेर्दा प्रायले केही न केही उत्पादन गरेतापनि जीवनस्तर भने एउटै छैन । होमस्टेहरुले केही बढि उत्पादन गरेका छन् भने होटल व्यवसायले व्यवसायमै बढि जोड दिएकोले उत्पादनमा कम सहभागिता जनाएका छन् । उत्तरदाताहरुको आफ्नै उत्पादनले खान पुग्ने समयलाइ तल लागिकाबाट देखाइएको छ ।

**तालिका ४.१६**

**उत्तरदाताको खान पुग्ने समय**

| खान पुग्ने समय | संख्या | प्रतिशत |
|---|---|---|
| ३-६ महिना | २५ | ६२.५ |
| ६-९ महिना | १३ | ३२.५ |
| ९-१२ महिना | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको खान पुग्ने समय ३-६ महिना, ६-९ महिना र ९-१२ महिना क्रमशः ६२.५, ३२.५ र ५ प्रतिशत रहेको छ । होटल व्यवसायीहरु कृषिमा भन्दा व्यवसायमा बढि जोड दिएको, पर्यटकहरुलाई नै बढि समय दिनु पर्ने र पछिल्लो समय होमस्टे व्यवसायीहरु पनि व्यवसायीक रुपमा मुख्य पेशा पर्यटनलाई जोड दिएकोले उत्पादन घट्न गई आफ्नै उत्पादनले खान पुग्ने महिना तालिका बमोजिम भएको हो ।

### ४.२.१५ पर्यटन व्यवसाय बाहेक प्रमुख आम्दानीको स्रोतहरु

आम्दानीका स्रोतको रुपमा होटलहरुले होमस्टेमा भन्दा राम्रो आम्दानी गरेका छन् । किनभने पर्यटकहरुको सम्पर्कमा उनिहरु अगाडी रहेको पाइयो । घरबासहरुले घरको काम र पर्यटनको जिम्मेवारी समेत लिइएकोले थप अन्य क्षेत्रको आम्दानी हुने गरेका छन् । पर्यटन व्यवसाय बाहेक यहाँ वैदेशिक रोजगारी, कृषि, अन्य व्यवसाय, जागिर, फुलखेती, ज्यालामजदुरी लगायतका आयआर्जनका स्रोतहरु मार्फत परिवारको आम्दानी गरिएको पाइएको छ । उत्तरदाताको पर्यटन व्यवसाय बाहेक प्रमुख आम्दानीका स्रोतहरुलाई तालिकाबाट देखाइएको छ ।

**तालिका ४.१७**

**पर्यटन व्यवसाय बाहेक प्रमुख आम्दानीको स्रोतहरु**

| **प्रमुख आम्दानी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| वैदेशिक रोजगारी | १३ | ३२.५ |
| कृषि | १० | २५ |
| नोकरी | ४ | १० |
| व्यवसाय | ५ | १२.५ |
| पेन्सन | ८ | २० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको पर्यटन व्यवसाय बाहेक प्रमुख आम्दानीको स्रोतमा वैदेशिक रोजगारी, कृषि, नोकरी, व्यवसाय र पेन्सन क्रमशः ३२.५, २५, १०, १२.५ र २० प्रतिशत रहेको छ । गुरुङ समुदाय लाहुरे हुने तथा वैदेशिक रोजगारीमा जाने प्रचलन रहेकोले वैदेशिक रोजगारी र अवकास प्राप्तहरुको पेन्सन हुने, विदेश नगएकाहरु कृषिमा रहेको थोरैले मात्र अन्य व्यवसाय र नोकरी गरेको देखिन्छ। हाल पर्यटन व्यवसाय अंगाली अगाडी बढ्नु नयाँ पेशा रहेको छ।

## ४.२.१६ सन्तुष्टि

यस अध्ययन द्वारा स्थानीयहरुको रुचि, सन्तुष्टिलाई स्थलगत अवलोकन गरी हेर्दा कुनै पनि पेशा, क्षेत्र तथा व्यापार, व्यवसायमा लाग्दा उनीहरुले सन्तुष्टि पाए भने यस्तो पेशा व्यवसाय दिगो/छिटो हुने तर कम रुची/अरुची भएमा बिस्तारै प्रभाव कम हुँदै गएर दिगो नहुने बताएका छन् । वास्तवमा यो सन्तुष्टि तथा असन्तुष्टि भन्ने कुरा व्यक्ति तथा परिवारको स्वभाव, आय-आर्जनमा गर्ने पेशा तथा व्यवसायसंग अन्तरसम्बन्धित भएर आउने गर्दछ। यहाँ यसलाई तालिकामा देखाइएको छ।

**तालिका ४.१८**
**उत्तरदाताको सन्तुष्टिको स्थिती**

| व्यवसायीमा भएको सन्तुष्टि | संख्या | प्रतिशत |
|---|---|---|
| सन्तुष्टि | ३६ | ९० |
| असन्तुष्टि | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाता सन्तुष्टि ९० र असन्तुष्टि १० प्रतिशत रहेको छ । गाउँमै बसी आफ्नै घरमा होटल तथा घरबास व्यवसायबाट आम्दानी हुँने, घर परिवारसंगै बस्न पाइने, आर्थिक समस्याहरु हटेको कारण उत्तरदाताहरु सन्तुष्टि रहेको पाइयो ।

### ४.२.१७ असन्तुष्टि

पेशा व्यवसाय सञ्चालन गर्दा केही समस्याहरु तथा नकरात्मक पक्षहरु राजनीतिक तथा आर्थिक बोज लगायतका असन्तुष्टिहरु हुने गर्दछ । हाल कोरोनाले पर्यटक घटेकोमा व्यवसायीहरु चिन्तित छन् भने पहुँच र सुचना प्रविधिको प्रयोग मार्फत पैसा हुनेले कमाइ पनि धेरै गरेको लगानी गर्न नसकेकोले कमाई कम हुँदा असन्तुष्टिका कारणहरु देखाएका छन् । मुख्य असन्तुष्टिलाई तल लागिकामा देखाइएको छ ।

**तालिका ४.१९**
**उत्तर दाताको असन्तुष्टि विवरण**

| व्यवसायीमा भएको असन्तुष्टि | संख्या | प्रतिशत |
|---|---|---|
| सिजनमा मात्र चल्ने र सेवा सुविधा वृद्धि गर्ना निर्माण सामाग्री महंगो हुनाले | २५ | ६२.५ |
| लगानी गर्न नसकी आम्दानी कम भएर | ५ | १२.५ |
| बिकृति बढ्ने देखेर | २ | ५ |
| पहुँच तथा प्राविधिक ज्ञान नभएर | ३ | ७.५ |
| कोभिडले प्रभावित भएर | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको व्यवसायमा भएका असन्तुष्टि सिजनमा मात्र चल्ने हुनाले, लगानी गर्न नसकी आम्दानी कम भएर, बिकृति बढ्ने देखेर, पहुँच तथा प्राविधिक ज्ञान नभएर र कोभिडले प्रभावित भएर क्रमशः ६२.५, १२.५, ५, ७.५ र १२.५ प्रतिशत रहेको छ ।

असन्तुष्टि खासै नरहेता पनि हाल पर्यटकलाई सहज हुने गरी बाटो नहुँदा अन्य पेशालाई कम ध्यान वा छोडी पर्यटन व्यवसायमा मात्र जोड दिदा बाह्रै महिना पर्यटक आउन नसकेको कारण सिजनमा गाडी चल्ने समय हिउदलाई सिजन मानेर भर पर्नु पर्ने कारण र हाल कोभिडले समेत असर परेकोले केही असन्तष्टि रहेको देखियो । साथै निर्माण सामाग्रीहरु महंगो हुने र आम्दानी उतै खर्च गर्नु परिरहेकोले असन्तुष्टी हुन पुगेको छ ।

### ४.२.१८ घरको निर्णय प्रक्रिया

घरमा घरमूलीको रुपमा बाबा वा आमा रहने गरेता पनि प्राय नेपाली समाजमा पुरुष घरमूली हुने र घरको निर्णय प्रक्रियामा उनकै निर्णय चल्ने हुन्छ तर गुरुङ लगायत आदिवासी जनजाति समुदायमा घरमूली जो भएता पनि घरको आर्थिक कारोबारको साचो महिलासंग हुने गर्दछ । घरको निर्णय प्रक्रियामा महिला पुरुष दुवै जनाको सहभागिता देखिन्छ । होटल व्यवसायी उत्तरदाताहरुमा पुरुषहरुमा बढि रहेको र घरको निर्णय प्रक्रियामा उनीहरुनै बढि सक्रिय देखिएको छ भने घरबासहरुमा उत्तरदाता प्राय महिला रहेको र घरको निर्णय प्रकृयामा महिलाकै बढि भूमिका रहेको देखियो । घरको निर्णय प्रकृयामा पुरुष र महिलाको सहभागिता निम्नानुसार तालिकाबाट देखाइएको छ ।

**तालिका ४.२०**

**घरको निर्णय प्रक्रियामा सक्रियता**

| घरको निर्णय प्रक्रियामा पुरुष र महिलाको सक्रियता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | २४ | ६० |
| पुरुष | १६ | ४० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको घरको निर्णय प्रक्रियामा पुरुष र महिलाको सक्रियता महिला ६० र पुरुष ४० प्रतिशत रहेको छ ।

घरबासहरुमा प्राय सबै महिलाहरुको नेतृत्व रहेको र गुरुङ समुदायमा आर्थिक कारोबार तथा निर्णय प्रकृयामा समेत महिलालाई उच्च राखेको हुँदा घरको निर्णय प्रकृयामा महिलाको सहभागिता बढि देखिएको छ ।

### ४.२.१९ आम्दानी खर्चको क्षेत्र

अधिकांश व्यवसायीले आफ्नो आयव्ययको हिसाब किताब राखिएको पाइएन । तै पनि तपसिल बमोजिमको उत्तर प्राप्त भएको छ ।

**तालिका ४.२१**

**आम्दानी खर्चको क्षेत्र**

| **प्राप्त आम्दानीको खर्चको क्षेत्र** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| शिक्षा | १० | २५ |
| स्वास्थ्य | ५ | १२.५ |
| घर व्यवहार/सेवा सुविधा विस्तार र पूर्वाधार निर्माण | २० | ५० |
| चल अचल सम्पति खरिद | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

स्रोतः स्थलगत अध्ययन, २०७७

तालिका अनुसार उत्तरदाताको प्राप्त आम्दानी खर्चको क्षेत्रमा शिक्षा, स्वास्थ्य, धर व्यवहार र चल अचल सम्पत्ति खरिदमा क्रमश २५, १२.५, ५० र ५ प्रतिशत रहेको छ । मूल रुपमा पर्यटन नै मुख्य पेशा रहेकोले घर व्यवहारको सम्पूर्ण खर्च यही आम्दानीबाट गर्नु परेको हुँदा घर व्यवहारमा नै धेरै खर्च हुने र धेरैको बालबालिका अध्ययनको लागि पोखरामा रहेकोले शिक्षामा समेत धेरै नै खचै भएको देखियो । पर्यटकको आम्दानीले उनिहरुकै सुविधाको लागि नेट, विद्युत, विलासि खाट, महंगो निर्माण सामाग्रीहरु पोखराबाट खरिद गर्ने गरिएको छ ।

### ४.२.२० पर्यटकको खानाको रुची

पर्यटकहरु खाना स्थानीय अर्गानीक परिकार बढि रुचाउने र व्यवसायीले खानाबाट नै बढि आम्दानी भएको जवाफ पाएको छ । जसलाई तल तालिकामा देखाईएको छ ।

**तालिका ४.२२**

**पर्यटकको खानाको रुची**

| **खानाको रुची** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अर्गानीक खाना | ३६ | ९० |
| अन्य परिकार | २ | ५ |
| जुन भए पनि हुने | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पर्यटकको खानाको रुची अर्गानीक खाना, अन्य परिकार र जुन भए पनि हुने क्रमशः ९०, ५ र ५ प्रतिशत रहेको छ । पर्यटकहरु धेरैजना स्वदेशी रहेको र उनीहरु स्थानीय परिकार नै मन पराउने तथा व्यवसायीहरुले पनि स्थानीय परिकारमै जोड दिने गरेको पाइयो ।

### ४.२.२१ पर्यटकबाट आम्दानी

व्यवसायीले पर्यटकबाट निम्न बस्तु तथा सेवाबाट आम्दानी भएको जवाफ दिएको छ ।

**तालिका ४.२३**

**पर्यटकबाट आम्दानी**

| **आम्दानी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| खाना तथा कोठा | ३० | ७५ |
| पेय पदार्थ | ८ | २० |
| स्थानीय उत्पादन विक्रि | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताहरुको पर्यटकबाट आम्दानी खाना तथा कोठा,पेय पदार्थ र स्थानीय उत्पादन विक्रि क्रमशः ७५, २० र ५ प्रतिशत रहेको छ । पर्यटकबाट हाल बढि

मात्रामा खाना तथा कोठा बाटै हुने र हाल स्थानीय उत्पादन बिक्री सुरुवातमा रहेकोले मुख्य आम्दानी खाना र कोठाबाटै रहेको पाइन्छ ।

### ४.२.२२ पर्यटक संगको सम्पर्क

पर्यटकहरु एउटा पर्यक आइसके पछि निजकै सम्पर्कबाट तथा सामाजिक सञ्जालबाट थाहा पाएर आउने धेरै भेटिएको छ । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका ४.२४**

**पर्यटक संगको सम्पर्क**

| पर्यटकको सम्पर्क | संख्या | प्रतिशत |
|---|---|---|
| आफै आउने | ५ | १२.५ |
| सामाजिक सञ्जाल र प्रचारप्रसार | १५ | ३७.५ |
| आफन्त तथा पर्यटकको सम्पर्क | २० | ५० |
| **जम्मा** | ४० | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पर्यटकको सम्पर्क आफै आउने, सामाजिक सञ्जाल र प्रचारप्रसार र आफन्त तथा पर्यटकको सम्पर्कबाट क्रमशः १२.५, ३७.५ र ५० प्रतिशत रहेको छ ।पर्यटकहरु एक चोटि आए पछि आफु बसेको होटल तथा होमस्टेमा पारिवारिक रुपमा आत्मिय सम्बन्ध कायम भई अरुलाई उक्त ठाउँमै जान उत्प्रेरित गर्ने र आफन्तहरुले समेत आफ्नो आफन्तकै व्यवसायीलाई अगाडी लान सम्पर्क बढाउने साथै हालको सूचना प्रविधिको समेत राम्रै उपयोग गरेको देखिन्छ ।

### ४.२.२३ पर्यटकको यातायातको माध्यम

पर्यटकहरु कुन माध्ययमबाट आउछन् भनि सोधिएको प्रश्नमा तपसिल अनुसारको जवाफ प्राप्त भएको छ ।

**तालिका ४.२५**

**पर्यटकको यातायातको माध्यम**

| **पर्यटकको यातायातको साधन** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| नीजि साधन | १३ | ३२.५ |
| सार्वजनिक | २० | ५० |
| प्दयात्रा | ५ | १२.५ |
| हवाइ | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पर्यटकको यातायातको साधनमा नीजि साधन, सार्वजनिक, पदयात्रा र हवाइ क्रमशः ३२.५, ५०, १२.५ र ५ प्रतिशत रहेको छ । पर्यटकहरु सहज रुपमा सिक्लेस जान वेलावेलामा सार्वजनिक यातायातको समस्या हुने हुँदा सार्वजनिक यातायात संगै नीजि तथा रिजरभमा जाने र पदमार्गहरु थप व्यवस्थित र पदमार्गको प्रचारप्रसार नहुनाले हुनुपर्ने जति पर्यटक नभएको र क्हफुचे हिमताल हेर्न पर्यटकहरु हेलिकप्टरमा पनि आउने गरेको पाइयो ।

### ४.२.२४ पर्यटकको संख्याको आधार

पर्यटकहरु एकलै, परिवारिक तथा दुई वा दुई भन्दा बढि समूहमा भ्रमणमा निस्कने गर्दछ । सिक्लेसमा आउने पर्यटकको संख्याको आधार निम्न तालिका बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ४.२६**

**पर्यटकको संख्याको आधार**

| **संख्याको आधारमा पर्यटक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| एकल | ४ | १० |
| पारिवारिक | १० | २५ |
| सामुहिक | २६ | ६५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिकामा संख्याको आधारमा पयैटक एकल, पारिवारिक र सामूहिक क्रमशः १०, २५ र ६५ प्रतिशत आउने गरेको देखाइएको छ । पर्यटकहरु धेरै जना सामुहिक भ्रमणमा आउने र केही पारिवारिक भ्रमणमा आउने तथा थोरै मात्रा एक्लै आउने गरेको देखिन्छ । शैक्षिक भ्रमण तथा पिकनिक स्थलको रुपमा समेत पर्यटकहरुको रोजाइमा सिक्लेस परेको हुदा सामुहिक पर्यटक बढि आउने गर्दछ ।

### ४.२.२५ आर्थिक आधारमा पर्यटक

विश्व पर्यटन संगठनको अनुसार आर्थिक आधारमा मितव्ययी, स्तरिय तथा विलासी पर्यटकहरु हुने गर्दछन् । आवश्यकता मात्र खर्च गर्ने, आफ्नो हैसियत अनुसार खर्च गर्ने र आवश्यक भन्दा बढि खर्च गर्ने हुन्छन । यस क्षेत्रमा कस्ता पर्यटक बढि हुन्छन् भनी सोधिएको प्रश्नमा उत्तरदाताहरुको जवाफ निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२७**

**आर्थिक आधारमा पर्यटक**

| **आर्थीक आधारमा पर्यटक** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| मितव्ययी | २० | ५० |
| स्तरिय | १५ | ३७.५ |
| विलासी | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार आर्थिक आधारमा पर्यटक मितव्ययी, स्तरिय र विलसी क्रमश ५०, ३७.५ र १२.५ प्रतिशत आउने गरेको पाइयो । हाल आन्तरिक पर्यटक नै अधिकांश आउने र सामुहिक रुपमा आउने हुँदा उनीहरुको खर्चको बजेट सिमा रहने साथै पारिवारिक रुपमा आउनेको पनि आवश्यक मात्रा खर्च गर्ने र पहुँचवाला सम्पन्न विलासी पर्यटक कम आउने देखिएको छ ।

**वैयक्तिक अध्ययन १**

धन बहादुर गुरुङ (नमस्ते माईला) प्रोपाईटर, नमस्ते गेष्टहाउस

कास्की जिल्ला मादी गाउँपालिका वडा नं १ सिक्लेसमा बाबा नरध्वज गुरुङ र आमा मसन्ती गुरुङको माइला सन्तानको रुपमा मिति २०३८/१/१९ जन्मेका गुरुङ आफ्नो नाम भन्दा पनि नमस्ते माइलाको उपनामले स्थापित छन् । आज भन्दा करिब २० बर्ष अगाडी नै सन् २००१ बाट सानै उमेरमा आफ्नै घरमा विदेशी र स्वदेशी पर्यटकहरुलाई होमस्टे जस्तै सुबिधा दिई सेवा गर्दै आएकोमा ब्यबसायलाई ब्यबस्थित गर्न सन् २०११ बाट नमस्ते होटलको नाममा सुबिधा सम्पन्न होटल स्थापना गरि हाल केही कामदारलाई समेत रोजगारी दिई आफु र श्रीमती समेत यही पेशामा आबद्द छन् । उनले सामाजिक सञ्जाल, युटुव सम्म सिक्लेस, क्होला सौँथर, कोरी, क्हफुचे लगायत यस क्षेत्रका पर्यटकीय स्थलहरुको तस्बिर र भिडियोहरु पर्यटकसम्म पुऱ्याउने र पर्यटकलाई विभिन्न माध्यमबाट सिक्लेस सम्म पुर्याउन महत्वपूर्ण भूमिका निभाएका छन्। हाल उनको होटल कम उचाईमा रहेको हिमताल क्हफुचे नजिक हुगु गोठमा समेत रहेको छ । उनको दिनचर्य स्बदेशी र बिदेशी पर्यटकको सेवा मै बित्ने गरेको छ । कक्षा ११ सम्मको औपचारिक अध्ययन गरेका उनले पर्यटक क्षेत्रमा योगदान पुऱ्याएबापत मादी गाउँपालिकाबाट सम्मान समेत पाईसकेका छन् । उनले सडक र लेकमा सञ्चारको सुबिधा सरकारले चाडै ब्यबस्था गर्नु पर्ने बताउछन् । कोरोनाका कारण शीथिल बनेको पर्यटन ब्यबसाय हाल पुन पुरानै लयमा आउन लागेको उनी बताए । यस पेसाबाट मासिक औसत ४/५ लाख आम्दानी हुने उनले जवाफ दिए । पहिला सबैले पाहुनाको रुपमा मात्र गाउँमा आउनेमा हाल पर्यटककोरुपमा परिणत हुँदा गाउँ बासीले समेत केही न केही आम्दानी गरेकोमा उनी खुशी छन् । हाल उनको परिवारमा बाबा आमा सहित२ छोरा र १ छोरी छन् । सानैबाट स्वदेशमै बसी पर्यटन ब्यबसायमा लागेका उनी सिक्लेसका पर्यटनका पयार्यबाची भन्दा नि फरक नपर्ला । हाल सरकारको एक सय गन्तब्यमा सिक्लेस परेको र मादी गाउँपालिकाले सांस्कृतिक गाउँमा छनोट भएकोमा उनी खुशी व्यक्त गर्दै प्रदेश सांसद माननीय मन बहादुर गुरुङ यसै गाउँका रहेकाले चाडै नै सिक्लेससम्म बाटो बन्ने र कोरी, क्होला, क्हफुचेसम्म सञ्चारको नेटवर्क बन्नेमा आशावादी भएको उनले बताए ।

**वैयक्तिक अध्ययन २**

सुरेन्द्र गुरुङ (पारस), प्रोपाइटर सिक्लेस गेष्टहाउसतथा अध्यक्ष, सिक्लेस होटल व्यवसाय समिति

सिक्लेसको पुरानो होटल नै सिक्लेस होटल हो। आज भन्दा करिब १२ बर्ष अगाडी देखि सञ्चालनमा आएको यस होटलका सञ्चालक मादी १ सिक्लेसमा मिती २०३४/०७/१५ गते बाबा हर्क बहादुर गुरुङ र आमा पूर्णशोभा गुरुङबाट जन्म भएका सुरेन्द्र गुरुङ हुन । उनलाई पारसको नामले समेत बोलाउने गरिन्छ। आधुनिक सुविधा सहितको होटल भएकोले बस तथा सबारी साधना चालक देखि स्बदेशी, विदेसी पर्यटकहरु अटुटै उनको होटलमा खचाखच देख्न सकिन्छ । १० कक्षासम्म अध्ययन गरेका उनले वैदेशिक रोजगारीको लागि मलेसिया ३ बर्ष र साउदीमा ४ बर्ष बिताए। त्यस पछी उनी गाउँमै पर्यटनको संभावना रहेकोले श्रीमती खासामाया गुरुङसंग मिलेर होटल ब्यबसायमा ब्यस्त छन् । सिक्लेस युवा क्लबका उपाध्यक्ष समेत रही काम गरेका उनी होटेल ब्यबसायी समितीको पनि अध्यक्ष हुन् । खासामाया भने मादी १ का जनप्रतिनिधि समेत हुन् । सामाजिक क्षेत्रमा समेत कृयाशिल होटल ब्यबसायी दम्पतिको १ छोरा छन् ।सडक सञ्जाल ब्यबस्थित बनेमा सिक्लेस पर्यटनको मुख्य केन्द्र भन्ने उनी वताउछन् । सिक्लेसको एकदम ब्यस्त होटल मध्ये उनको होटल पनि अगाडी आउँदछ ।

# अध्याय : पाँच

# पर्यटन व्यवसायले व्यवसायीहरुको जीवन स्तरमा ल्याएको परिवर्तन र प्रभाव

पर्यटनको विकास एवं विस्तारबाट समाजलाई विभिन्न सकारात्मक प्रभाव पर्दछ । कुनै एक ठाउँका मानिसले अपनाएका धार्मिक तथा सांस्कृतिक रितिरिवाज, सामाजिक प्रचलन, परम्परा, सोचाई आदीकुराहरु अर्को ठाउँमा बसोबास गर्ने व्यक्तिहरुको लागि नमिल्न सक्छ र अपरिचित हुनको साथै बढि आकर्षक पनि हुन सक्छ । सामाजिक जीवनमा पर्यटनको सकारात्मक असर भन्नाले पर्यटनको कारण समाजमा परेको राम्रो वा सकारात्मक पक्ष भन्ने बुझ्नु पर्दछ । हामीले यहाँ मुख्य गरी व्यवसायीहरुमा र स्थानीयमा यसले पारेको प्रभावको बारेमा अध्ययन गरेका छौ । पर्यटनक नयाँ सामाजिक, धार्मिक परम्परा भएका ठाउँमा पुग्न, अवलोकन गर्न, अध्ययन गर्न, व्याख्या एवं विश्लेषण गर्न रुचाउने भएकाले त्यसबाट एक अर्कामा विभिन्न प्रभाव पर्दछन् । पर्यटकबाट समाजमा गहिरो सकारात्मक तथा नकारात्मक दुबै किसिमका प्रभावहरु पर्न सक्दछ ।

पर्यटन व्यवसायले पारेको प्रभावका कारण अहिले २१ औं सताव्दीमा मानिसहरुको जीवन स्तरमा परिवर्तन ल्याउने ठूलो उद्योग बनेको छ । यसले मानिसहरुको बोलिचालि, दिनचर्य, लवाईखवाई, बसोबास गर्ने शैलीमा प्रभाव ल्याउछ । यस उद्योगले विभिन्न उमेर समूहका मानिसलाई विभिन्न शैलिमा आकर्षण गर्न सक्दछ । यस उद्योग अन्तरगत मानिसहरु संसारको जुनसुकै ठाउँमा पनि जान सक्छन् । पर्यटन व्यवसाय अन्तराष्ट्रिय विश्व बजारको स्थिती राज्यको नीति नियमले पनि प्रभावित हुने गर्दछ । यस अध्ययन क्षेत्रमा पर्यटन व्यवसायीहरुमा विभिन्न खानको परिवर्तन देखिएको छ । जुन विभिन्न तालिका र विश्लेषणबाट हामी हेर्न सक्छौ ।

## ५.१ आर्थिक प्रभाव

वर्तमान समयमा विश्वका प्राय सबै देशहरुले पर्यटन व्यवसायलाई महत्व दिन थालेका छन् । पर्यटकको माध्ययमबाट देशमा विदेशी मुद्रा भित्रिन्छ । जुन देशले जति धेरै पर्यटन क्षेत्रको

विकास गर्न सक्यो त्यस देशले त्यति नै मात्रामा आम्दानी प्राप्त गर्न सक्छ । पर्यटकहरुलाई आफ्नो देशका विभिन्न प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक क्षेत्रको भ्रमण गर्ने उचित वातावरण मिलाउने महत्वपूर्ण काम थालेका छन् पर्यटनबाट नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको पाइन्छ । ठिक त्यसै गरी सिक्लेसको होटल तथा होमस्टे व्यवसायीहरुमा पर्यटनले धेरै नै सकारात्मक प्रभाव पारेको देखिन्छ । जसलाई निम्नानुसारको तालिकाहरुबाट विश्लेषण गरिएको छ ।

### ५.१.१ होटल तथा घरबास व्यवसायीहरुको आयमा वृद्धि

पर्यटन व्यवसायमा लागेपछि पर्यटकहरुलाई खान तथा बस्नको लागि उचित प्रवन्ध गरी व्यवसायीहरुको आम्दानीमा वृद्धि भएको छ । उत्तरदाताको जवाफलाई निम्नअनुसार तालिकामा देखाइएको छ ।

**तालिका ५.१**

**होटल तथा घरबास व्यवसायीहरुको आयमा वृद्धि**

| आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| वृद्धि भएको छ । | ४० | १०० |
| वृद्धि भएको छैन । | ० | ० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत :स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार व्यवसायीहरुले आम्दानीको अवसर प्राप्त गरी शतप्रतिशत आयमा वृद्धि गरेको देखाइएको छ । व्यवसायीहरुले पर्यटकहरुलाई सेवा, सुविधा सुरक्षित र आनन्ददायी किसिमको वातावरण दिई उनीहरुबाट सेवा सुल्क लिने हुँदा आम्दानीमा वृद्धि भएको देखिन्छ ।

### ५.१.२ रोजगारीको अवसर

पर्यटनहरुको आगमनसंगै व्यवसायीहरु व्यस्त भई आफुले मात्र सबै काम गर्न नसक्ने हुँदा कुक, वेटर, सरसफाई गर्ने व्यक्ति, पदयात्राको लागि पथप्रदर्शक, भरिया, यातायातका साधनहरुमा यात्रु, सूचना केन्द्रमा कर्मचारीलगायतका रोजगारीका अबसरहरु सिर्जना भएको

छ । वेरोजगार रहेकाहरुले व्यवसाय सञ्चालन गरी स्वरोजगारको अवसर पाएका छन् । रोजगारीको बारेमा सोधिएको प्रश्नमा उत्तरदाताको जवाफ निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२**

**रोजगारीको अवसर**

| **रोजगारी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| कुक वेटर | २० | ५० |
| सरसफाइ कर्मी | १० | २५ |
| भरिया | ५ | १२.५ |
| पथप्रदर्शक | ३ | ७.५ |
| कर्मचारी | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत :स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार व्यवसायीहरुले रोजगारीको अवसर प्राप्त गरी सतप्रतिशत रोजगारमा वद्धि गरेको देखाइएको छ । होटलहरु हाल लेकहरुमा समेत खोलिएको छ । लेकहरु घुम्न जादा पथप्रदर्शक र भरियाहरुले काम पाएका छन् । स्थानीयहरुले यातायातका साधनहरु थप गरी व्यवसायी बनेको छन् । कुक, वेटर, तथा सरसफाइका लागि कामदारहरुले जागिर पाएका छन् जसले गर्दा रोजगारीको सिर्जना भएको छ ।

### ५.१.३ स्थानीय उत्पादनको बजार

पर्यटकले गर्दा स्थानीय तरकारी, फलफुल, दुध, मासु, अण्डा लगायतका कृषि जन्य तथा मासुजन्य उत्पादनहरु साथै राडि, पाखी, भाङ्ग्राले बजार पाएको छ । जसलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.३**

**स्थानीय उत्पादनको बजार**

| **स्थानीय उत्पादन** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हस्तकला, राडी पाखी, भाङ्ग्रा | १० | २५ |
| कृषि जन्य उत्पादन | १५ | ३७.५ |
| मासु जन्य उत्पादन | १५ | ३७.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार स्थानीय उत्पादनको बजार हस्तकाला राडी पाखी, भाङ्ग्रा, कृषि जन्य उत्पादन र मासु जन्य उत्पान क्रमशः २५, ३७.५ र ३७.५ रहेको छ ।

पर्यटनको आगमनले स्थानीय उत्पादीत सामानहरु मायाको चिनोको रुपमा बजार पाएको छ । अर्गानीक खानाले गर्दा स्थानीय उत्पादीत तरकारी तथा मासुजन्य उत्पादनबाट व्यवसायी तथा स्थानीयले राम्रो आम्दानी गरी आफ्नो बजार कायम गर्न सफल भएका छन् ।

### ५.१.४ गाउँपालिकाको राजस्वमा वृद्धि

मादी गाउँपालिकाले सम्पूर्ण पेशा व्यवसायलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता अनिवार्य गरेको छ । यहाँका होटल तथा होमस्टेहरुले गाउँपालिकाको नीति नियम बमोजिम कर तिरी व्यवसाय दर्ता तथा नविकरण गरेको छ । त्यस्तै गरी सार्वजनीक स्थानहरुमा गाउँपालिकाले लिज तथा भाडामा रोयल्टी ताके व्यवसाय गर्न दिने नीति लिएको छ । यसले गाउँपालिकाको आर्थिक वृद्धि गर्न मद्दत गरेको छ ।

**तालिका ५.४**

**गाउँपालिकाको राजस्वमा वृद्धि**

| **कर** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| व्यवसाय दर्ता नविकरण | ३० | ७५ |
| जग्गा लिजमा तथा अन्य रोयल्टी | १५ | २५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार गाउँपालिकाको राजश्व वृद्धिमा व्यवसाय नविकरण ७५ र जग्गा लिजमा तथा अन्य रोयल्टीमा २५ प्रतिशत रहेको छ । कर तिरेता पनि व्यवसायीहरु वैधानिक रुपमा गाउँपालिकामा दर्ता हुँदा भबिष्यमा सरकारबाट थप सहयोग पाउने आशा र व्यवसायको सुरक्षा हुने हुँदा आत्मबल बढेको देखिन्छ ।

### ५.१.५ विकास निर्माणमा सहभागी

पर्यटकीय स्थलको रुपमा नेपाल सरकारको सय गन्तव्यमा सिक्लेस छनोट भएपछि सिक्लेस सम्म पुग्न मोटर बाटो, पुल निर्माणमा प्राथमिकता पाएका छन् । गाउँपालिका स्तरिय खेल मैदान, व्यवस्थित बसपार्क, सूचना केन्द्र, पर्यटक पार्क, भ्यू टावर, सांस्कृतिक ग्राम परियोजना, क्होला सौँथर गुरु योजना, सिक्लेस जाने विभिन्न पदमार्गहरु, सिक्लेसबाट मनाङ जाने टोनी हेगन पदमार्ग शान्ती स्तुपा, क्वोइवो तथा गुम्बाहरुको निर्माणमा सरकारी तथा समुदायको करोडौ बजेटले काम भैरहेको छ । उक्त कार्यमा गाउँबासीले काम गरी आम्दानी गरेका छन् । जसको फाइदा पर्यटन व्यवसायीलाई हुँने गरेको छ । निर्माण कार्यहरुबाट व्यवसायीलाई कुन रुपमा फाइदा भएको छ तालिकाबाट देखाइएको छ ।

**तालिका ५.५**

**विकास निर्माणमा सहभागी**

| **पूर्वाधारहरुमा संलग्न कामदार** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| मोटरबाटो | १० | २५ |
| पदमार्ग | १० | २५ |
| अन्य पूर्वाधार | २० | ५० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार मोटरबाटो, पदमार्ग र अन्य पूर्वाधारहरुमा क्रमशः २५, २५ र ५० प्रतिशत स्थानीयले रोजगारीमा सहभागि भएको देखिन्छ । पर्यटनको आगमन संगै थप पर्यटक आकर्षीत गर्न थुप्रै पुर्वाधारहरुको निर्माण हुने र स्थानीयले आम्दानी गरी व्यवसायीहरुलाई फाइदा हुने गरी खर्च गरेको देखिन्छ भने स्थानीयको पनि आयस्रोतमा वृद्धि भएको देखिन्छ ।

## ५.२ सामाजिक तथा सांस्कृतिक प्रभाव

पर्यटनको विकासले समाजमा विभिन्न प्रभावहरु पार्दछ । फरक समुदायका व्यक्तिहरु फरक समुदायमा जादा छुट्टा छुट्टै रितिथिति, मुल्य मान्यताहरु हुदा थप आकर्षण र नयाँ सोच र नयाँ शिक्षा प्राप्त हुन्छ पर्यटकहरु नयाँ ठाउँमा पुग्नु अवलोकन गर्न, अध्ययन गर्न, विश्लेषण गर्न रुचाउने भएकोले एक अर्कामा विभिन्न प्रभावहरु पर्दछ ।

### ५.२.१ पर्यटन तालिम

मानिसहरु परिवर्तन हुनको लागि विभिन्न ज्ञान, शिक्षा तथा तालिमको आवश्यकता पर्दछ । यस्ता ज्ञान, सीप र तालिमबाट उनीहरु पहिला भन्दा फरक बन्दै आफ्नो पेशा तथा व्यवसायमा उनीहरु निपूण बन्दछन् । तसर्थ, अहिले मानिसहरु विभिन्न खालको तालिम दिने गरिएको छ । यस्ता तालिमले उनीहरुलाई पहिला भन्दा धेरै नै फरक तरिकाले पेशा तथा व्यवसायलाई सञ्चालन गर्नाका लागि सीप सिकाउँदछ । एक्यापको इलाका कार्यालय सिक्लेसमा रहेकोले पर्यटनलाई ध्यान दिइ व्यसायहरुलाई कुकीङ लगायतको तालिम दिइएको पाईएको छ । यहाँ उनीहरुले वेटर, कुकिङ, हाउसकिपिङ, बेकरी, गाइड तथा अन्य के कस्ता तालिम लिएका छन् र यस्तो सम्बन्धमा उनीहरुलाई के कस्तो ज्ञान छ भन्ने कुरा प्रत्यक्ष रुपमा अवलोकन गरिएको छ ।

**तालिका ५.६**

**उत्तरदाताको पर्यटन तालिम विवरण**

| तालिमको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| वेटर | १५ | ३७.५ |
| कुकिङ | १५ | ३७.५ |
| हाउस किपिङ | ५ | १२.५ |
| पथ प्रदर्शक | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको तालिमको अवस्था वेटर, कुकिङ, हाउस किपिङ र पथप्रदर्शक तालिम लिएको पाइएको छ ।

### ५.२.२ सीप र क्षमता वृद्धि

सीप, पेशा र क्षमता एक अर्कासंग अन्तरसम्बन्धित रहेको हुन्छ । सम्बन्धित पेशाका लागि सम्बन्धित ज्ञान, सीप तथा प्रविधि आवश्यक पर्दछ । तब मात्र व्यवसायी सक्षम र सफल हुन सक्छन् । कुनै पनि व्यवसाय सञ्चालन गर्दै गर्दा अनुभव, सिप र क्षमताको वृद्धि हुँदै जान्छ । यहाँ पेसाले सीप र क्षमतामा कस्तो बृद्धि ल्याएको छ भनि तालिकामा देखाएको छ ।

**तालिका ५.७**

**सीप र क्षमता वृद्धि**

| पेसा, सिप र क्षमता | संख्या | प्रतिशत |
|---|---|---|
| वृद्धि गरेको छु । | ३६ | ९० |
| वृद्धि गरेको छैन । | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको पेशा, सीप र क्षमता वृद्धि गरेको छु ९० र वृद्धि गरेको छैन १० प्रतिशत रहेको छ । व्यवसायीहरुको सीप, क्षमता पर्यटनको आगमनसंगै समाजबाट प्राप्त हुने अबसरले उनीहरु निपुण हुदै गएको देखिन्छ ।

### ५.२.३ नयाँ भाषा, संस्कृति र सभ्यताको ज्ञान

पर्यटकहरु नयाँ ठाउमा आउदा यहाँको संस्कृति, भाषा तथा सभ्यता मात्र सिक्ने हैन संस्कृतिको आदान प्रदान समेत हुने हुँदा उनीहरुको संस्कृति, कला, साहित्य, सभ्यता तथा भाषाको समेत ज्ञान व्यवसायी तथा स्थानीयले पाउने अबसर पाएको छ । उत्तरदाताहरुको यसबारे सोधिएको प्रश्नको उत्तर तालिकामा देखाइएको छ ।

**तालिका ५.८**

**नयाँ भाषा, संस्कृति र सभ्यताको ज्ञान**

| **ज्ञान** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| भाषा विदेशी र स्वदेशी | १५ | ३७.५ |
| सभ्यता -आदुनिक बसाई | २५ | ६२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार भाषा ३७.५ र सभ्यता ६२.५ प्रतिशतले सिक्ने अवसर पाएको छ । व्यवसायीहरुले पर्यटकबाट नयाँ भाषाबारे ज्ञान र सभ्यता, सिष्टाचारबारे ज्ञान लिई संस्कृतिको आदानप्रदान गर्न मदत पुगेको देखिन्छ । साथै विदेशीहरुको नक्कलबाछ विलासी जीवनतर्फ पनि आकर्सिथ भएको देखिन्छ ।

**५.२.४ आपसी भातृत्व र मित्रता**

वर्तमान विश्वमा मानवीय क्रियाकलापको अभिन्न अंग पर्यटन बनेको हुनाले मानिसहरु देश भित्र र बाहिर घुम्न जाने गर्दछन् । पर्यटनको क्रममा पर्यटकले विभिन्न देशका मानिसहरुका सामाजिक व्यवहार, चालचलन, संस्कृति, संस्कार आदिसंग परिचित हुने अबसर पाउछ । पर्यटकले अर्को देश वा ठाउका मानिसहरुसंग परिचित भएपछि व्यक्ति विशेषको सम्बन्ध हुन गई एक आपसमा भातृत्व र मित्रत्रा बढ्न गई सामाजिक तथा सांस्कृतिक ज्ञानको आदान प्रदान संगै गहिरो नाता सम्बन्ध बन्न जान्छ । यस क्षेत्रमा आएका पर्यटकहरु पर्यटकको रुपमा आई परिवारको सदस्य भई जाने देखिएको छ ।

**तालिका ५.९**
**आपसी भातृत्व र मित्रताको अवस्था**

| **मित्रता कायमको अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अत्यन्त | २१ | ५२.५ |
| ठिकै | १४ | ३५ |
| सामान्य | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार मित्रता कायमको अवस्था अत्यन्त, ठिकै र सामान्यमा क्रमश ५२.५, ३५ र १२.५ प्रतिशत रहेको छ । पर्यटकहरु पर्यटकको रुपमा आउने र यहाँको सांस्कृतिक ज्ञानको आदान प्रदान संगै पारिवारिक रुपमा भावनात्मक नातामा जोडिन पुग्छन् र थप पर्यटकलाई यस गन्तब्यमा आउन सहयोग गर्ने गरेको पाइयो ।

### ५.२.५ अन्ध विश्वास तथा कुरितीको अन्त्य

कुनै पनि समाजमा प्रचलित विविध प्रकारका अन्ध विश्वासलाई समाप्त पार्नको लागि पर्यटकले ठूलो सहयोग पुऱ्याउछ । अन्ध विश्वासकै कारण परम्परा देखि चल्दै आएको कुरिती तथा समाजमा प्रचलित नकारात्मक धारणाहरु समाजबाट हटाएर समाज सुधारको लागि पर्यटकहरु संगको सम्पर्क र उनीहरुसंगको विचार विमर्शको आदान प्रदानबाट निकै सहायता पुग्दछ र कु प्रथा तथा अन्ध विश्वासको अन्त्य गर्न सहयोग पुगेको देखिएको छ । जसलाई उत्तरदाताहरुको जवाफलाई तालिकाबाट देखाइएको छ ।

**तालिका ५.१०**

**समाजको अन्धविश्वास**

| **समाजको अन्धविश्वास** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| हटेको छ । | ३० | ७५ |
| हटेको छैन । | १० | २५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताका समाजको अन्धविश्वास हटेको छ ७५ र हटेको टैन २५ प्रतिशत रहेको छ । पर्यटनको आगमनले मानिसहरुको र समाजको चेतना स्तरलाई उनीहरुको विचार विमर्षबाट हटाउन सहयोग पुग्ने हुँदा अन्ध विश्वासहरु हट्दै जाने क्रममा रहेको छ ।

## ५.३ वातावरणीय प्रभाव

प्रकृति र संस्कृतिको धनी नेपाललाई पर्यटकीय उत्कृष्ट गन्तब्य बनाउन बाताबरणको संरक्षणमा उतिनै ध्यना दिनु पर्ने हुन्छ । बन जंगल, हरियाली डाँडाँकाडाँ विभिन्न प्रकारका

लागि गुरास, स्वच्छ हावापानी, सरसफाइयुक्त शान्त स्वच्छ वातावरण निर्माण गर्न पर्यटनले प्रभाव पारेको र व्यवसायी तथा स्थानीयमा संरक्षण सम्बन्धी चेतना स्तर बढेको छ ।

### ५.३.१ सरसफाई

स्वस्थ नागरिक हुन स्वच्छ वातावरण आवश्यक छ । पर्यटकको आगमनले व्यवसायीहरु तथा स्थानीयले टोल सरसफाई गर्ने, बाटो सफा राख्ने, फोहोर संकलन केन्द्रलाई डस्वीनहरु राखेको, होटल तथा होमस्टेहरुमा मात्र नभइ सार्वजनीक स्थल, पार्क, बसपार्क आदी ठाउँहरुमा सौचालयहरु निर्माण गरेको र चेतनामुलक कार्यक्रमहरु गरेको देखिन्छ । सरसफाइको अवस्था कस्तो छ भनी सोधिएको प्रश्नमा उत्तरदाताहरुको जवाफ तालिकामा देखाइएको छ ।

**तालिका ५.११**

**सरसफाईको अवस्था**

| **सरसफाइको अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| अति राम्रो | ३० | ७५ |
| मध्यम | ७ | १७.५ |
| सामान्य | ३ | ७.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार सरसफाइको अवस्था अति राम्रो, मध्यम र सामान्य क्रमशः ७५, १७.५ र ७.५ प्रतिशत रहेको छ । स्वच्छ र शान्त वातावरण पर्यटकले रुचाउने हुँदा सरसफाई र फुलको बगैचा निर्माणमा व्यवसायीहरुले जोड दिएको देखिन्छ ।

### ५.३.२ प्राकृतिक सम्पदा तथा वातावरणको संरक्षण र वृक्ष रोपन

प्राकृतिक सम्पदाहरुमाथि अतिक्रमण र यन्त्र उपकरणको अन्यन्त्रीत प्रयोगमा संरक्षण क्षेत्र हुनाले र पर्यटकिय क्षेत्र भएकोले दुरुपयोग भएको छैन । जलवायु संरक्षणमा ध्यान दिदै वातावरणमैत्री क्रियाकलापमा पर्यटन व्यवसायीहरुले साथ दिदै आएको छ । लेकहरुमा होटलहरु स्थापना हुँदा समेत वातावरणमैत्री बनाउन विशेष ध्यान दिएको देखिन्छ ।

पर्यटकहरुले वातावरण संरक्षणमा कस्तो भूमिका रहेको छ भन्ने प्रश्न गर्दा उत्तर दाताको जवाफ तालिका बमोजिम प्राप्त भएको छ ।

**तालिका ५.१२**

**वातावरण संरक्षणमा पर्यटकको भूमिका**

| **वातावरण संरक्षणमा पर्यटकको भूमिका** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | २५ | ६२.५ |
| मध्यम | १० | २५ |
| सामान्य | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका बमोजिम वातावरण संरक्षणमा पर्यटकको भूमिका राम्रो छ भन्नेमा ६२.५, मध्ययममा २५ र सामान्य छ भन्नेमा १२.५ प्रतिशत जवाफ आएको छ ।प्राकृतिक तथा वातावरणीय पक्षको जति संरक्षण हुन सक्यो त्यति नै पर्यटकहरु आउने सम्भावना रहन्छ । पर्यटन र वातावरण संरक्षण एक आपसमा अन्तरसम्बन्धित छन् ।

## ५.४ व्यवसाय सुरु गरेको वर्ष

पर्यटन व्यवसायीहरुलाई अध्ययन गर्दा उनीहरुले आफ्नो व्यवसाय सुरु गरेकोमा धेरैले गर्व गरे तापनि अझ यसलाई व्यवस्थित गर्न नसकेकामा उत्पादन व्यवस्थितगर्न अगाडि बढिरहेका छन् । उनीहरुको अनुसार २०७५ साल चैत्र बाट आमा समूहको पहल कदमीमा गाउँपालिका तथा एक्यापको सुझाव लिई घरबास व्यवस्थापन समिति स्थापना गरिएको र हाल पर्यटन सुचनाकेन्द्र समेत स्थापना गरिएको छ । केहीहोटलहरु भने १०/१२ वर्ष अगाडीबाट नै सञ्चालित रहेको पाइयो । केही होटलहरु बन्ने क्रममा छन् । स-साना चिया पसल, खुद्रा पसलहरु कुनै होमस्टे त कुनै होटलमा परिणत भएको छ । हाल सिक्लेस पार्क र इदि झरना, हुगुहरुमा समेत होटलहरु खोल्नेक्रम जारी छ ।

**तालिका ५.१३**
**ब्यबसाय सुरु गरेको वर्ष**

| **ब्यबसाय सुरु गरेको वर्ष** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १-५ | ३० | ७५ |
| ५-१० | ६ | १५ |
| १०-१५ | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार व्यवसाय सुरु गरेको वर्ष १-५, ५-१० र १०-१५ क्रमश ७५, १५ र १० वर्ष रहेको छ । पर्यटनहरु यातायातको पहुँचसंगै वृद्धि हुँदै जादा व्यवसायीहरु थपिदै गएको हुनाले धेरै नयाँ व्यवसायीहरु छन् ।

## ५.५ पर्यटनबाट हुने आम्दानी

पर्यटनबाट पुराना र सम्पर्क सामाजिक सञ्जाल, सूचना प्रविधिमा पहुँच भएका र लगानी बढि गरेका होटलहरुले अन्य होटल तथा होमस्टे भन्दा बढि आम्दानी गरेको पाइएको छ । होमस्टेहरुले सिजन असोज देखी चैत सम्म पर्यटकको चाप रहेता पनी अन्य समयमा खासै नहुने र मासिक आम्दानी औषत २० देखि ४० हजार कमाउने र होटलहरुले २/३ लाख सम्म आम्दानी गर्ने पाइयो । आम्दानी, पेशा तथा व्यवसाय एक अर्कासंग अन्तरसम्बन्धित छन् । कृषि तथा अन्य पेशा व्यवसाय भन्दा पर्यटन सजिलो र राम्रो आम्दानी हुने पेसाको रुपमा लिन सकिन्छ । पर्यटनको वृद्धिसंगै होमस्टेहरुको संख्या थपिदै जाने क्रम जारी छ ।

**तालिका ५.१४**
**उत्तरदाताको पर्यटनबाट हुने आम्दानी विवरण**

| **मासिक आम्दानी** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| २० हजार भन्दा कम | १० | २५ |
| २०-४० हजार | २० | ५० |
| ४०-६० हजार | ५ | १२.५ |
| ६० हजार भन्दा माथी | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको मासिक आम्दानी २० हजार भन्दा कम, २०-४० हजार, ४०-६० हजार र ६० हजार भन्दा माथी क्रमशः २५, ५०, १२.५ र १२.५ प्रतिशत रहेको छ । सबै महिनामा एकै नासको नभए तापनि औषधमा होटल व्यवसायीहरुको कमाई बढि देखिएको र होमस्टेको पनि आम्दानीबढ्दै गइरहेको छ । तान्ने र धकेल्ने सिद्धान्त अनुरुप पर्यटकहरु होटल तथा घरबासको सेवा सुविधाबाट पनि प्रभावित हुने हुँदा त्यसले आम्दानीलाइ प्रभाव पार्ने देखिन्छ ।

## ५.६ पर्यटकको संख्या

पर्यटकहरु विदा मनाउन, अध्ययन भ्रमण गर्न, मनोरञ्जन गर्न, पदयात्रामा रमाउन, हिउ खेल्न प्राकृतिक सौन्दर्य हेर्न, गुरुङ संस्कृति र गाउँ हेर्न तथा सिक्लेस वरिपरिका पर्यटकीय स्थलहरुको अवलोकनका लागि आउने गरेको पाइयो । मासिक हिसाबले निम्न तालिका बमोजिम पर्यटकहरु आउने उत्तरदाताको ठम्याइ छ ।

**तालिका ५.१५**

**पर्यटक संख्या**

| **पर्यटक संख्या** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| १-१००० सम्म | ५ | १२.५ |
| १०००-२००० सम्म | १० | २५ |
| २०००-३००० सम्म | १० | २५ |
| ३०००-४००० माथी | १५ | ३७.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत : स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार मासिक रुपमा पर्यटकको संख्या हजार सम्म १२.५, दुई हजार सम्म २५, तीन हजार सम्म २५ र चार हजार माथी आउने जवाफ ३७.५ प्रतिशत प्राप्त भएको छ । पर्यटकहरु सुक्रबार र शनिबार घुइचो लाग्ने गर्दछ । असोज देखी वैशाख सम्म बढि संख्यामा आउने गर्दछन् । कुनै दिन एकै दिनमा एक हजार बढि सम्म पनि पर्यटक आउने हुँदा समग्रमा महिनामा कम्तीमा दुई देखि तीन हजार पर्यटक आउने गर्दछ । बाटो सडकको सुधार हुन सकेमा र एक्यापको कर नीति हटेमा पर्यटक बढ्न सक्दछ ।

## ५.७ व्यवसाय प्रवेश गर्नु पूर्व व्यवसायीहरुको स्थिती

पोखराबाट सिक्लेस टाढा र यातायातको सहज सुविधा १२ रै महिना नहुँदा यस पेशाले धेरै परिवर्तन ल्याउन नसकेपनि परिवर्तन ल्याउने दिशा तर्फ अगाडि बढिरहेको छ । यस पेशामा प्रवेश गरिसकेपछि व्यवसायीहरुले आफ्नो भूमिकामा परिवर्तन भएको अनुभव गरेका छन् । व्यक्तिले जन्मसिद्ध र अथक प्रयासबाट सामाजिक हैसियत प्राप्त गर्दछन् । कृषि, व्यापार, वैदेशिक रोजगारीबाट फर्केका र विद्यार्थी जीवन पार गरी यस पेसामा आवद्ध भएका छन् ।

**तालिका ५.१६**

**व्यवसायमा प्रवेश गर्नु पूर्व उत्तरदाताको स्थिती**

| व्यवसाय | संख्या | प्रतिशत |
|---|---|---|
| कृषक | २३ | ५७.५ |
| व्यापार | ५ | १२.५ |
| विद्यार्थी | २ | ५ |
| वैदेशिक रोजगारी | १० | २५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार व्यवसायमा प्रवेश गर्नु पूर्व उत्तरदाताको स्थिती कृषक, व्यापार, विद्यार्थी र वैदेशिक रोजगारी क्रमश ५७.५, १२.५, ५ र २५ प्रतिशत रहेको छ । पर्यटकीय गन्तव्य बने संगै अन्य पेशा व्यवसाय छोडी पर्यटन व्यवसाय तर्फ आउनेक्रम बढेको देखिन्छ ।

## ५.८ सामाजिक संस्थामा हुने आवद्धता

कुनै पनि व्यक्ति सामाजिक संघ संस्थामा क्रियाशिल छ भने उसको समाजमा छुट्टै पहिचान कायम हुँदै स्थापित हुन पुग्छन् । उनीहरुले परिवर्तनलाई बुझ्न सक्छन् । नेतृत्वको विकास हुन्छ । सिक्लेस आमा समूह, युवा क्लब लगायत संघ संस्थाबाट उनीहरुको व्यक्तित्वको विकास भएका छन् ।

**तालिका ५.१७**

**उत्तरदाताको सामाजिक संस्थामा हुने आवद्धता**

| सामाजिक संस्थामा आवद्धता | संख्या | प्रतिशत |
|---|---|---|
| छु । | १५ | ३७.५ |
| छैन । | २५ | ६२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको सामाीक संस्थामा हुने आवद्धता छु ३७.५ र छैन ६२.५ प्रतिशत रहेको छ । सामाजिक संघ संस्थामा संलग्न हुनको लागि व्यस्त हुनाले धेरै सहभागि रहेको पाइएन ।

## ५.९ व्यवसाय प्रति समाजको दृष्टिकोण

गुरुङहरु पाहुँनाहरुलाई निःशुल्क अतिथी सत्कार गर्ने, उत्पादित बस्तुहरु नहुनेहरुलाई दिने, बाडिचुडि खाने, समुदाय भएर पनि हाल होटल तथा घरबास व्यवसाय गर्दा आर्थिक पक्षसंग जोडिदा उक्त व्यवसाय गर्ने व्यक्तिहरुलाई समाझले कस्तो प्रकारले हेरेको छ । उनीहरुलाई हेर्ने दृष्टिकोणमा कस्तो परिवर्तन भएको छ भन्ने तालिकामा देखाइएको छ ।

**तालिका ५.१८**

**व्यवसाय प्रति समाजको दृष्टिकोण**

| व्यवसाय प्रति समाजको दृष्टिकोण | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो छ । | ३६ | ९० |
| राम्रो छैन । | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको व्यवसाय प्रति समाजको दृष्टिकोण राम्रो छ ९० र राम्रो छैन १० प्रतिशत रहेको छ । व्यवसायीहरुको आर्थिक वृद्धिसंगै उनीहरुलाई हेर्ने दृष्ट्रिकोण राम्रो भएको छ ।

## ५.१० व्यवसायीमा परिवर्तन

मानिसहरु कुनै न कुनै व्यवसायबाट आफ्नो जीवन चलाईरहेको हुन्छ । हैसियत अनुसार उसले आफ्नो पेशाबाट व्यक्तित्व निर्माण गर्दै जान्छ । पहिला जातको आधारमा पेसा तोकेता पनि हाल २१ औं शताब्धीमा मान्छेले सिप अनुसारको पेशा गर्न पाउछन् । व्यवसायले उनीहरुको जिवनस्तर देखी बोलिचालि, भेषभूषा तथा अन्य सवालहरुमा परिवर्तन ल्याएको छ । जसलाई तालिकामा देखाइएको छ ।

**तालिका ५.१९**

**पर्यटन व्यवसायीको जीवनस्तरमा ल्याएको परिवर्तन**

| प्रभाव | संख्या | प्रतिशत |
|---|---|---|
| स्वागत गर्ने सुसंस्कार | ५ | १२.५ |
| संस्कार युक्त बोलिचालि र छलफल | १० | २५ |
| आर्थिक समृद्धि/आधुनिक जिवनशैली | १५ | ३७.५ |
| गाउँ सरसफाई | ५ | १२.५ |
| सांस्कृतिक सम्पदाको संरक्षण | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पर्यटकले गर्दा उत्तरदातामा आएको प्रभावको स्वागत गर्ने सुसंस्कार, संस्कार युक्त बोलिचालि र छलफल, आर्थिक समृद्धि, गाउँ सरसफाई र सांस्कृतिक सम्पदाको संरक्षणमा क्रमशः १२.५, २५, ३७.५, १२.५ र १२.५ रहेको छ । पर्यटकहरुबाट आर्थिक समृद्धि संगै सरसफाइ, संस्कृतिको संरक्षण तथा सु संस्कार र बोलिचालिमा विकास भएको देखिन्छ ।

## ५.११ पर्यटकको किसिम

हाल विश्वको वैज्ञानिक खोज अनुसन्धान तथा प्रविधि एवं सूचना सञ्चारको विकाससंगै विश्व एउटा सानो गाउँ जस्तो बन्न पुगेको छ । जसले गर्दा पर्यटन उद्योग हालको सम्भावना युक्त उद्योग हुन पुगेको छ । पर्यटन मुख्यतया आफ्नै देश भित्र एक ठाउँबाट अर्को ठाउँमा भ्रमण गर्ने आन्तरिक पर्यटक र देश बाहिरबाट घुम्न आउने बाह्य पर्यटक गरी

२ प्रकारको हुन्छन् । उत्तरदाताको अनुसार कुन पर्यटक बढि आउछन् भन्ने कुरा तालिकाबाट देखाइएको छ ।

**तालिका ५.२०**

**पर्यटनको किसिम**

| **पर्यटनको किसिम** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आन्तरिक | ३६ | ९० |
| बाह्य | ४ | १० |
| **जम्मा** | ४० | १०० |
| कास्की जिल्ला | १५ | ३७.५ |
| अन्य जिल्ला | २५ | ६२.५ |
| **जम्मा** | ४० | १०० |
| चीन | १० | २५ |
| भारत | १० | २५ |
| यूरोप र अन्य | २० | ५० |
| **जम्मा** | ४० | १०० |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको पर्यटनको किसिम आन्तरिक ९० र बाह्य १० प्रतिशत रहेको छ । अन्तराष्ट्रिय तथा सरकारी संघ संस्था तथा पदमार्गहरु व्यवस्थित र प्रचारप्रसार नहुनाले आन्तरिक पर्यटकमै भर पर्नु परेको छ ।

## ५.१२ शैक्षिक अवस्था

शिक्षा विना संसार अन्धकार हुन्छ । शिक्षाले नै व्यक्तिको अन्तरनिहित क्षमतालाई प्रस्फुटन गर्न र देशको सर्वाङ्गीन विकास गर्न मदतगर्दछ । शिक्षाले मानिसको सामाजिक, आर्थिक, नैतिक तथा बौद्धिक पनलाई बलियो बनाउछ । राज्यको तल्लो वा उपल्लो निकायका सम्पूर्ण संस्कृतिका कुराहरु तत्कालिन शैक्षिक स्थीतिसंग जोडिएको हुन्छ । वर्तमान अवस्थामा व्यवसायीहरु साक्षर तथा शिक्षित बन्दै जाने क्रमले आयआर्जनमा परिवर्तन आएको छ । उत्तरदाताको शैक्षिक अवस्था तलको तालिकाबाट देखाइएको छ ।

**तालिका ५.२१**

**उत्तरदाताको शैक्षिक अवस्था**

| **शैक्षिक अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| साक्षर | ४० | १०० |
| निरक्षर | ० | ० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको शैक्षिक अवस्था १०० प्रतिशत नै साक्षर रहेको छ ।

**तालिका ५.२२**

**उत्तरदाताको शैक्षिक अवस्था**

| **शैक्षिक अवस्था** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| आधारभूत | १५ | ३७.५ |
| मा.वि | २५ | ६२.५ |
| स्नातक/स्नातकोत्तर | ० | ० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको शैक्षिक अवस्था आधारभूत ३७.५ र मा.वि ६२.५ प्रतिशत रहेको छ । व्यवसायीहरु सम्पूर्ण साक्षर रहेता पनि आधारभूत तह र मा.वि तहसम्म मात्र अध्ययन गरेको पाइयो । स्नातह देखि माथि पोखरामा आई अध्ययन गर्नु पर्ने र धैरै व्यवसायी कृषि पेशा र वैदेशिक रोजगारबाट आएको पहिले नै पढाई छोडेकाले उच्च शिक्षा हासिल गर्नेको संख्या देखिएन तै पनि नयाँ व्यवसायीहरु अध्ययनरत रहेको छ ।

## ५.१३ महिला तथा आमा समूहको सहभागिता

समग्र विकास हुनलाई महिला र पुरुषको समान सहभागिता आवश्यक छ । नेपालमा अझै महिलालाई विकासमा पछि पार्न खोजेको देखिन्छ तर गुरुङ समुदायमा विकास निर्माण, पाटी पौवा, धारा, गोरेटो बाटो, समाज भवन, मोटरबाटो, खानेपानी, लगायतका योजनाहरुमा आमा समूह तथा महिलाहरुको सक्रियतामा नाचगान गरी विकासलाई अगाडी बढाएको

देखिन्छ । अथिति तथा पर्यटकहरुलाई आमा समूह तथा होमस्टेका महिलाहरुबाट फूलमाला र टिका लगाई स्वागत र विदाई गर्ने चलन सिक्लेसमा रहेको छ । जसले गर्दा पर्यटन आगमनमा महत्वपूर्ण भूमिका रहेको देखिन्छ । आमा समूह तथा महिलाहरुको भूमिका तथा सहभागितालाई तालिकामा देखाइएको छ ।

**तालिका ५.२३**

**आमा समूह तथा महिलाहरुको सहभागिता र भूमिका**

| **आमा समूह तथा महिलाहरुको सहभागिता र भूमिका** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो छ । | ३० | ७५ |
| सामान्य छ । | ८ | २० |
| अलि अलि मात्र छ । | २ | ५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरतदाताको आमा समूह तथा महिलाहरुको सहभागिता र भूमिका राम्रो छ, सामान्य छ र अलि अलि मात्र छ क्रमशः ७५, २० र ५ प्रतिशत रहेको छ ।महिला तथा आमा समूहहरु सामुहिक छलफल तथा समिति गठन गरी होमस्टे सञ्चालन गरेको हुँदा उनीहरुको सहभागिता राम्रो देखिन्छ ।

## ५.१४ गाउँमा देखिएको प्रभाव

पर्यटनले विभिन्न क्षेत्रमा विभिन्न खालको प्रभाव पारेको छ । पर्यटनले व्यवसाय हरुमा संस्कार, संस्कृति तथा शिष्ट व्यवहारको विकास भएको पाइन्छ । घर, टोल तथा गाउँको सरसफाई, संस्कृतिको संरक्षण, गाउँको प्रचार प्रसार तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण भएको छ । अनेक दृष्टिकोणबाट हेर्दा पर्यटनले गाउँको सामाजिक तथा अर्थतन्त्रमा राम्रो प्रभाव पारेको छ । यस अध्ययन क्षेत्रको पर्यटन क्षेत्रमा पर्यटनले ल्याएको प्रभावलाई तालिकामा देखाइएको छ ।

**तालिका ५.२४**

**पर्यटकले गर्दा उत्तरदाताको गाउँमा आएको प्रभावको विवरण**

| प्रभाव | संख्या | प्रतिशत |
|---|---|---|
| स्वागत गर्ने सुसंस्कार | ५ | १२.५ |
| संस्कार युक्त बोलिचालि र छलफल | १० | २५ |
| आर्थिक समृद्धि | १५ | ३७.५ |
| गाउँ सरसफाई | ५ | १२.५ |
| सांस्कृतिक सम्पदाको संरक्षण | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार **पर्यटकले गर्दा उत्तरदाताको गाउँमा आएको प्रभावको** स्वागत गर्ने सुसंस्कार, संस्कार युक्त बोलिचालि र छलफल, आर्थिक समृद्धि, गाउँ सरसफाई र सांस्कृतिक सम्पदाको संरक्षणमा क्रमशः १२.५, २५, ३७.५, १२.५ र १२.५ रहेको छ । पर्यटकहरुबाट आर्थिक समृद्धि संगै सरसफाइ, संस्कृतिको संरक्षण तथा सु संस्कार र बोलिचालिमा विकास भएको देखिन्छ ।

## ५.१५ पाहुनाको रुची र प्राथमिकता

पर्यटन व्यवसायीले पर्यटकको रुची र चाहानालाई ख्याल दिनु पर्दछ । उनीहरुको रुचीलाई आफ्नो सोचाई अनुसार भ्रममा राख्नु हुँदैन । उनीहरुको रुचीलाई प्राथमिकता दिन सक्ने वा नसक्ने उत्तर दाताले दिएको प्राथमिकतालाई तालिकाबाट देखाइएको छ ।

**तालिका ५.२५**

**पाहुनाको रुची र प्राथमिकता**

| पाहुनाको रुची र प्राथमिकता | संख्या | प्रतिशत |
|---|---|---|
| दिन सक्ने । | ३५ | ८७.५ |
| दिन नसक्ने । | ५ | १२.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताले पाहुनाको रुची र प्राथमिकतादिन सक्ने ८७.५ र दिन नसक्ने १२.५ प्रतिशत रहेको छ । व्यवसायीले पर्यटकको रुची अनुसार व्यवसायलाई अगाडि बढाएको देखिन्छ ।

## ५.१६ ज्ञान, सिप अभिवृद्धिको अवस्था

कुनै पनि पर्यटक एक पटक आए पछि पुनः सिक्लेस आउन मन गर्ने र उसकै माध्ययमबाट थप पर्यटक आउने गरेको देखिन्छ । यसको मुख्य कारण उपयुक्त मानसम्मान र व्यवस्थापनको मुख्य भूमिका रहेको देखिन्छ । जसलाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका ५.२६**

**ज्ञान, सीप र अभिवृद्धिको अवस्था**

| ज्ञान, सीप र अभिवृद्धिको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो छ । | २५ | ६२.५ |
| राम्रो छैन | १५ | ३७.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार ज्ञान, सीप र अभिवृद्धिको अवस्था राम्रो छ ६२.५ र राम्रो छैन ३७.५ प्रतिशत रहेको छ । पर्यटकको आगमनले ज्ञान, सीप र क्षमताको विकास भएको देखिन्छ ।

## ५.१७ होटल तथा घरबासको वर्गीकरण

केहीहोटलहरु अत्यन्त सुविधा जनक र केही होटल ठिकै रहेको र घरबासहरु अधिकांश मापदण्ड अनुसार नै रहेको र केहीले मापदण्ड अनुसार गर्नु पर्ने उत्तरदाताबाट जवाफ आएको छ । जसलाई तालिकामा देखाइएको छ ।

**क. होटलको वर्गीकरण**

**तालिका ५.२७**

**होटलको वर्गीकरण**

| **होटलको वर्गीकरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | १० | ५० |
| मध्यम | ६ | ३० |
| सुधार गर्नु पर्ने | ४ | २० |
| **जम्मा** | **२०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार होटलको वर्गीकरण राम्रो, मध्यम र सुधार गर्नु पर्ने क्रमश ५०, ३० र २० प्रतिशत रहेको छ । होटलहरुको कमाई मासिक ६० हजार भन्दा बढि हुने, खान तथा बस्ने सुविधा सहित होटलमा पर्यटक राख्ने क्षमताको आधारमा ५० जना बढि पर्यटक अट्न सक्ने सुविधा सम्पन्न कोठाहरु भएकोलाई राम्रो त्यस्तै गरी २५ जना पर्यटक राख्ने क्षमता भइको मासिक कमाई ४० हजार माथि हुने होटलहरुलाई मध्ययम र १० जना सम्म पर्यटक व्यवस्थापन गर्न सक्ने र सुविधा थप वृद्धि गर्नु पर्ने होटलहरुलाई राखिएको छ ।

**ख. घरबासको वर्गीकरण**

**तालिका ५.२८**

**घरबासको वर्गीकरण**

| **घरबासको वर्गीकरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | १० | ५० |
| मध्यम | ६ | ३० |
| सुधार गर्नु पर्ने | ४ | १० |
| **जम्मा** | **२०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार घरबासको वर्गीकरण राम्रो, मध्यम र सुधार गर्नु पर्ने क्रमश: ५०, ३० र १० प्रतिशत रहेको छ । घरबासहरुको कमाई मासिक ३० हजार भन्दा बढि हुने, खान तथा बस्ने सुविधा सहित पर्यटक राख्ने क्षमताको आधारमा १५ जना बढि पर्यटक अट्न सक्ने सुविधा सम्पन्न कोठाहरु भएकोलाई राम्रो त्यस्तै गरी ८ जना पर्यटक राख्ने क्षमता भएको मासिक कमाई २० हजार माथि हुने होटलहरुलाई मध्ययम र ४ जना सम्म पर्यटक व्यवस्थापन गर्न सक्ने र सुविधा थप वृद्धि गर्नु पर्ने होमस्टेहरुलाई राखिएको छ ।

**वैयक्तिक अध्ययन ३**

महेश गुरुङ, सञ्चालक अन्नपूर्ण होटल

वैदेशिक रोजगारीमा खाडीमुलक साउदी अरब करिब ७ बर्ष जागिर जीवन बिताएपछी मादी १ निवासी महेश गुरुङको मनमा बिदेशमा हैन स्वदेशमै केही गरौ भन्ने भावना जागे । २०३७/४/१ गते मादी १ सिक्लेसमा बाबा भद्रसिङ गुरुङ र माता तुलसी गुरुङको कोखबाट जन्म भएका उनले १० कक्षा सम्मको औपचारिक अध्ययन गरेका छन् ।बाबा समाजसेवी रहेकाले पनि उनलाई होटल ब्यबसायमा थप सहज भयो । घर परिवारको सबै जना पर्यटकको स्वागतमै ब्यस्त हुने गरी अन्नपूर्ण होटल सञ्चालन गरेको पनि ९ बर्ष बढी भैसकेको छ । लालिगुरास फुल्ने समय, देशै र तिहारको छुट्टी पछी पर्यटकको वढी चाप हुने उनी वताउछन् । सिक्लेस गाउँ हेर्न, हिमाल हेर्न, हिउँ खेल्न र क्हफुचे जान थुप्रै स्वदेशी पर्यटकहरु आउने र केही मात्रामा विदेशी पर्यटक आउने गरेको वताउछन् । बाटो सहज भए अझ सिक्लेसमा पर्यटक थपिनेमा उनी ढुक्क रहेको बताए ।

**वैयक्तिक अध्ययन ४**

टाईमाया गुरुङ,

अध्यक्ष घरबास व्यवस्थापन समिति सिक्लेस

घुच्चमुच्च एकै ठाउँमा मिलेर रहेका ठुलो गाउँ मात्र नभई सिक्लेस गुरुङहरुको ऐतिहासिक र सांकृतिक गाउँ पनि हो। गुरुङहरुको सभ्यता तथा रिती तिथि ब्यस्थित भएको आदिम थलो क्होला सोँथरबाट नजिकको गाउँ समेत भएको हुँदा पर्यटनको थप आकर्षण नहुने कुरै भएन अझ यहांका पर्यटकहरुलाई गरिने सत्कारले जो कोहीलाई पुनः सिक्लेस आउँ आउँ लाग्ने बनाउछ ।यति हुदाँ हुदै पनि संस्थागत रुपमा सिक्लेसमा होमस्टे दर्ता भएको थिएन, बल्ल सिक्लेसमा २०७५ मा टाईमाया गुरुङको अध्यक्षतामा सिक्लेस होमस्टे ब्यबस्थापन समिती गठन भयो।२०७५ चैत्र ६ गते गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङले उक्त होमस्टेको उद्घाटन गरेका थिए । हाल सिक्लेस घरबासमा २० वटा घरहरु आबद्ध छन् ।यो बढ्ने क्रम जारी छ । होमस्टेको पाहुनाहरुलाई पर्यटकको रुपमा घर घरमा बाड्ने देखी होमस्टेको मापदण्डहरु ब्यबस्थित गराउन अध्यक्ष टाईमाया गुरुङ लागि परेकी छिन् । बाबा सर्बजित गरुङ र आमा दुनादेबी गरुङबाट २०३६/५/१० गते जन्मेका उनले स्थापना

कालबाट नै होमस्टे सञ्चालन गर्दै आएकी छिन् । आधारभूत शिक्षासम्म अध्ययन गरेकी उनको श्रीमान सहित ४ छोरी छन् । होमस्टे मात्र नभई टोलको सरसफाई संयोजक, दिदीबहिनी समितीको कोषाध्यक्ष लगायत सामाजिक क्षेत्रमा समेत काम गर्दै आउनु भएकी उनी यस पेशाबाट खुशी छिन । पछिल्लो समय  तिहारको भैलो खेलेपछी  पिक्नीक खान समेत सिक्लेस आउने संख्या बढेको उनले सुनाईन ।

**वैयक्तिक अध्ययन ५**

नौमाया गुरुङ

अध्यक्ष, सिक्लेस आमा समूह

बिकास र एकताको उदाहरण हेर्न गुरुङगाउँ गए पुग्छ । किनकि त्यहाँ नारीप्रधान समाज रहेको हुन्छ। आमाहरुलाई बिकास निर्माण गर्न आमा समूह गठन गरी नाचगानको माध्यमबाट अर्थ संकलन गरी बिकास कार्यमा लगाउने गर्दछ । सिक्लेसमा सबै टोलमा समाजघरहरु छन् । यसमा विशेष गरी आमा समुहको महत्वपूर्ण भूमिका रहेको छ। यिनै आमा समूहको नेतृत्व कर्ता हुन् नौमाया गुरुङ । उमेरले ६० पुगेता पनि बिकासमा आमा समुहको सहभागितामा उनी कम्मर कसेर लागेकि छिन। बाबा योमबिर गुरुङ र आमा गौमाया गुरुङकोकोखबाट जन्म लिएकी उनले महिला स्वयं सेबिका भई करिब १८ बर्ष गाउँको सेवा गरे । साथै सुडेनी समेत भई काम गरेको अनुभव उनिसंग छ । हाल उनी सामाजिक कार्यसंगै होमस्टेमा समेत  सकृय छिन् । औपचारिक शिक्षा लिने अबसर नपाएता पनि उनी साक्षर छिन् । उनको अनुभब शैक्षिक उपाधी भन्दा कम छैनन् । स्बदेशी जस्तै बिदेशी पाहुना ल्याउन सके सिक्लेस बासीको जीवन स्तरमा परिवर्तन हुने उनी बताउछन् ।

**वैयक्तिक अध्ययन ६**

टुपन गुरुङ

सञ्चालक आलि होमस्टे

युवाहरु उत्पादनमा लागे देशले चाडै नै काचुली फेर्दछ । सिक्लेसमा होटल तथा होमस्टे ब्यबसायमा युवाहरुको सहभागिता उल्लेखनीय छ । विदेशमा सिकेका सीपको सदुपयोग गर्न र दुखका सम्झना बिर्साउन मादी १ निवासी टुपन गुरुङले कतारको जागिर छोडेर गाउँमै आली होमस्टेको नाममा होटल सञ्चालन गरी बसेका छन् ।बाबा चन्द्र बहादुर गुरुङ र आमा सिरसुब्बा गुरुङको साथमा उनलाई श्रीमतीको पनि यस ब्यबसायमा साथ रहेको छ। उमेरले ३६ बर्ष पुगेका उनले एस एल सी सम्मको अध्ययन गरेका छन् ।युवाहरु जागिरको लागि भौतारिनु भन्दा आफ्नै देशमा पेशा, ब्यबसायमा तथा उत्पादनमा लागे घर परिवार, समाज र देशको बिकास हुने उनको बिचार रहेको छ। एक पटक सिक्लेस आउने पर्यटकले कुनै न कुनै रुपमा थप पर्यटक पठाउँदा उनी खुशी हुन्छन् ।हाल क्हफुचे हिमतालको चर्चा संगै उक्त हिमताल जाने पर्यटकको संख्या बडेकोले उनी खुशी छन् । कोरीर क्होला पनि बिस्तारै चिनिदै गएको उनले बताए । अब सडक कालोपत्रे चाडै भएमा सम्पूर्ण सिक्लेस बासीलाई पर्यटनले नै सुखी र समृद्ध बनाउने उनको तर्क छ। पर्यटकले अर्गानिक खाना रुचाउने हुँदा सबैले स्थानीय उत्पादनमा जोड दिनु पर्ने र एक्याप एरियामा आउने बिदेशी पर्यटकलाई सिक्लेससम्म ल्याउने बातावरण गरेमा यस ब्यबसायलाई थप राहत हुने र सिक्लेसको बिकास चाडै भए यहाँको संस्कृती र प्रकृतीले संसारभर सिक्लेस चिनाउन मद्दत पुग्ने बिश्वास उनले बताए ।

# अध्याय छ
# ग्रामिण पर्यटन विकासमा स्थानीयतथा व्यवसायीको सहभागिता

पर्यटन उद्योग विश्वमा अति द्रत गतिमा आएको उद्योग हो । ग्रामिण पर्यटन पर्यटन क्षेत्रमा आएको नयाँ अवधारणा हो । यसले ग्रामिण जनतामा रोजगारी सिर्जना गराउछ । आयआर्जन गरी ग्रामिण जनाताको जीवनस्तर उकास्न मदत गर्दछ ।

## ६.१ ग्रामिण पर्यटन र स्थानीय तथा व्यवसायीको सहभागिता

कुनै विकासका योजनाको योजना तर्जुमा देखि त्यसको कार्यान्वयन, अनुगमन, मूल्यांकन र लाभ हानी वितरण हरेक चरणमा प्रत्यक्ष प्रभाव पार्ने स्थानीय जनता तथा व्यवसायीहरुको अर्थपूर्ण र सक्रिय सहभागिता नै सहभागिता हो । यसले विकासलाई दिगो र टिकाउ बनाउछ । ग्रामिण प्रर्यटनमा स्थानीय तथा व्यवसायीको सहभागिता कस्तो हुनु पर्दछ भन्ने जिज्ञासामा उत्तरदाताको तथ्यांकलाई निम्न तालिकामा राखिएको छ ।

**तालिका ६.१**

**ग्रामिण पर्यटन र स्थानीय तथा व्यवसायीको सहभागिता**

| सहभागिता दर | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सक्रिय | ३० | ७५ |
| मध्यम | ९ | २२.५ |
| निस्क्रिय | १ | २.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार उत्तरदाताको सहभागिता दर सक्रिय, मध्यम र निष्क्रिय क्रमशः ७५, २२.५ र २.५ प्रतिशत रहेको छ । व्यवसायीहरुले पर्यटन व्यवसायलाई नै मुख्य पेशा भएको हुँदा सक्रिय रहेकोपाइयो । केही घरयसी कामको बोझले सक्रिय हुन पाएका छैनन ।

## ६.२ पर्यटन विकासमा स्थानीय तथा व्यवसायीको योगदान

सिक्लेसको पर्यटन विकासमा स्थानीय तथा व्यवसायले के कसरी सहयोग पुऱ्याएको छ भन्ने सन्दर्भलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ६.२**
**योगदानको प्रकार**

| **योगदानको प्रकार** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| छलफल/अन्तरक्रिया | १० | २५ |
| जनचेतना फैलाउने प्रचारप्रसार | २० | ५० |
| जनसहभागिता | १० | २५ |
| **जम्मा** | ४० | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पर्यटन विकासमा स्थानीय तथा व्यवसायीको योगदान छलफल/अन्तरक्रिया, जनचेतना फैलाउने प्रचारप्रसार र जनसहभागिता क्रमशः २५, ५० र २५ प्रतिशत रहेको छ । स्थानीय र व्यवसायीले पर्यटन विकासको लागि प्रचार प्रसार फैलाउने, छलफल तथा बैठकहरुको आयोजना गर्ने र सरसफाई कार्यहरुमा भ्हारा गर्ने गरेका छन् ।

## ६.३ पूर्वाधार निर्माणमा प्राथमिकता

सिक्लेसको पर्यटन विकासको लागि मुख्य रुपमा बाटोको पूर्वाधारको स्तरउन्नतीमा उत्तरदाताको जोड रहेको छ । यसलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ६.३**

**प्राथमिकताको क्षेत्र**

| **प्राथमिकताको क्षेत्र** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| मोटरबाटो | ३६ | ९० |
| पदयात्रा, गोरेटो बाटो तथा नालि | २ | ५ |
| स्वास्थ्य तथा खानेपानी | १ | २.५ |
| विद्युत तथा सञ्चार | १ | २.५ |
| **जम्मा** | ४० | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पूर्वाधार निर्माणमा प्राथमिकता मोटरबाटो, पदयात्रा, गोरेटो बाटो तथा नालि, स्वास्थ्य तथा खानेपानी र विद्युत तथा सञ्चार क्रमशः ९०, ५, २.५ र २.५ रहेको छ ।

व्यवसायलाई सफल बनाउन काहुँखोला सिक्लेस तथा काहुँखोला ताङतिङ सिक्लेस सडक व्यवस्थित गर्नु पर्ने, घले खर्क सिक्लेस, अर्मला थाक ताराहिल सिक्लेस क्ह्फु चे पदमार्ग, सिक्लेस मनाङ टोनी हेगन पदमार्ग व्यवस्थि तगर्नु पर्ने, गाउँका बाटो तथा नालाहरु व्यवस्थित गरी स्वस्थ खाने पानी र स्वास्थ्यमा ध्यान दिई विद्युत र सञ्चारको सबै ठाउमा विस्तार गर्नु पर्ने देखिन्छ ।

## ६.४ पूर्वाधारको प्राथमिकताको कारण

पूर्वाधारको प्राथमिकताको कारणलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ६.४**

**पूर्वाधारको प्राथमिकताको कारण**

| **कारण** | **उत्तरदाताको संख्या** | **प्रतिशत** |
|---|---|---|
| सहज पहुँच तथा सुगमताको लागि | ३६ | ९० |
| सहज रुपमा पदयात्राको लागि | २ | ५ |
| स्वास्थ्य सुविधाका लागि | १ | २.५ |
| लेकमा संचार सुविधा र विद्युतको लागि | १ | २.५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार पूर्वाधारको प्राथमिकताको कारणसहज पहुँच तथा सुगमताको लागि, सहज रुपमा पदयात्राको लागि, स्वास्थ्य सुविधाका लागि र लेकमा संचार सुविधा र विद्युतको लागि क्रमशः ९०, ५, २.५ र २.५ प्रतिशत रहेको छ । पूर्वाधारको प्राथमिकता पर्यटकहरुको सहज पहुँच र सुविधा बढाई थप पर्यटक ल्याउने र आर्थिक समृद्धि हुनलाई हो ।

## ६.५ पूर्वाधार निर्माणको जिम्मा

ग्रामिण पर्यटन विकासको लागि पूर्वाधार निर्माण गर्न जिम्मेवार निकाय कुन कुन हुन सक्दछ भन्नेमा उत्तरदाताको जवाफलाई तल तालिकाबाट देखाइएको छ ।

**तालिका ६.५**

**पूर्वाधार निर्माणको जिम्मा**

| पक्ष | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| सरकारी निकाय | २० | ५० |
| स्थानीय निकाय | २० | ५० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसारत्तरदाताको अनुसार ग्रामिण पर्यटन विकासको लागि पूर्वाधार निर्माण गर्न जिम्मेवार निकाय सरकारी ५० र स्थानीय ५० प्रतिशत रहेको छ ।

## ६.६ सिक्लेसको पर्यटनको मुख्य दृश्य अवलोकन

सिक्लेस गुरुङहरुको ऐतिहासिक अन्नपूर्ण र लमजुङ हिमालको काखमा रहेको सुन्दर गाउँ हो । पर्यटकहरु प्राय सिक्लेस हेर्नकै लागि आउने गर्दछन् । पछिल्लो समयमा क्हफुचे हिमताल, कोरीको सौन्दर्यता र गुरुङहरुको ऐतिहासिक आदिमथलो क्होला सोँथर घुम्नलाइ पनि पर्यटक आउने गरेको उत्तरदाताले बताए । उत्तरदाताको जवाफ तालिकामा देखाइएको छ ।

**तालिका ६.६**

**सिक्लेसको पर्यटनको मुख्य दृश्य अवलोकन**

| स्थान | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| गुरुङको संस्कृति, सिक्लेस गाउँ र हिमाल | २२ | ५५ |
| कफुचे, कोरी र क्होला सोँथर लगायत स्थल | १८ | ४५ |
| **जम्मा** | **४०** | **१००** |

*स्रोत: स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार सिक्लेसको पर्यटनको मुख्य दृश्य अवलोकनमा गुरुङको संस्कृति, सिक्लेस गाउँ र हिमाल ५५ र कफुचे, कोरी र क्होला सौँथर लगायत स्थल ४५ प्रतिशत रहेको छ । हिमालको काखमा रहेको गुरुङ संस्कृतिले भरिएको गाउँ हेर्न र सिक्लेस आसपासका पर्यटकीय गन्तब्यहरुका लागि पर्यटक आकर्षीत भएको देखिन्छ । पछिल्लो समयमा क्फु चे, कोरी र क्होला सौँथर जाने पर्यटकको घुइचो हुने गरेको छ ।

## ६.७ सांस्कृतिक महत्व

सिक्लेस गुरुङ जातिको संस्कृतिको धनी गाउँ हो । समाजको सामाजिक चालचलन, रितिरिवाज, व्यवहार र संस्कार नै संस्कृति हो । समाजको पहिचान नै संस्कृतिबाट हुन्छ । उत्तरदाताहरुलाई यस क्षेत्रको मौलिक संस्कृति र विशेषतालाई कस्तो महत्व छ भन्ने सोध्दा आएको जवाफलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ६.७**

**सांस्कृतिक महत्व**

| महत्व | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| अत्यन्त | ३६ | ९० |
| मध्यम | ४ | १० |
| **जम्मा** | **४०** | **१००** |

*स्रोतः स्थलगत अध्ययन, २०७७*

तालिका अनुसार सांस्कृतिक महत्व अत्यन्त ९० र मध्यम १० प्रतिशत रहेको छ । सिक्लेस सांस्कृतिक रुपले अत्यन्त महत्वपूर्ण ठाउँ रहेको छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष तथा भविष्यमा हुन सक्ने सम्भावित अध्ययनहरु

## ७.१ अध्ययनको सारांश

सिक्लेस पर्यटकीय स्थल र गुरुङ समुदायको ऐतिहासिक सांस्कृतिक गाउँ हुँदा हुँदै पनि किन पर्यटनमा पछि परेको छ ? हाल पर्यटन क्षेत्रको विकास के कसरी हुँदैछ र कस्तो परिवर्तन आएको छ ? सामाजिक, आर्थिक र सांकृतिक पक्षको प्रभाव कस्तो छ भनि त्यस क्षेत्रको एक समाजशास्त्रीय अध्ययन हो । जसको शिर्षक **"ग्रामिण पर्यटनले होटल तथा घरबास व्यवसायीहरुमा पारेको प्रभाव"** रहेको छ।

पर्यटकले खाली देश र ठाउँमात्र घुमेको हुँदैन । उनीहरुले यात्रा संगसंगै सम्बन्धित ठाउँको मूल्य मान्यता तथा विश्वास पनि बुझ्ने काम गरेको हुन्छ । यस अध्ययनमा सिक्लेसमा आएको पर्यटन व्यवसायमा आएको जिवन पद्धती तथा समाजमा त्यसले ल्याएको विकासलाई विश्लेषणात्मक विश्लेषण गर्नु हो । समाजशास्तमा सांस्कृतिक प्रसार, परसंस्कृतिकरण, सांस्कृतिक विश्लेषणमा सामाजिक सांस्कृतिक अन्तरक्रिया बढि स्पष्ट रुपमा बुझ्न सक्छौ । यस अध्ययनले पर्यटकहरुको आगमन तथा सरकारको पर्यटन नीति, पर्यटन संघसंस्थाहरुको नीति नियमले यहाँको व्यवसायीहरुको आर्थिक सामाजिक क्षेत्रमा प्रभाव परेको देखिन्छ । वालेस्टाइनले भनेझैं केन्द्र, अर्धपृष्ठ र पृष्ठ क्षेत्रको तुलना गर्दा विदेशी पर्यटकहरुबाट आम्दानी भएतापनि आधुनिक सेवा सुविधा थपको नाममा महंगो मुल्यमा निर्माण सामाग्रीहरु आयात गर्नु परेको र पोखराका व्यवसायीहरुबाट सामाग्रीहरु ल्याउनु परेकोले व्यवसायीहरु पृष्ठ क्षेत्रकै प्रतिनिधित्व गरेका छन् । यहाँको संस्कृति र नयाँ पर्यटकीय गन्तव्यहरुले पर्यटकलाई तानिरहेको तर कच्ची सडक लेकहरुमा सूचनाको समस्या तथा एक्यापको पर्यटन शुल्क महंगो हुनाले पर्यटकहरुलाई धकेल्ने कार्य पनि देखिएको छ । जनसहभागिता मुलक सिद्धान्त अनुसार व्यवसायीहरु संगठीत भई कार्य गरेको पनि देखिन्छ । यस अध्ययनले सिक्लेस गाउँको सांस्कृतिक, प्राकृति, जैविक एवं मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण तथा प्रवर्धन गर्दै ग्रामिण पर्यटनलाई आकर्षक, रमणीय

र सुरक्षित गन्तब्यको रुपमा विकास गर्ने र पर्यटनको उल्लेख्य मात्रामा वृद्धि गराई न्यून आय भएका जनताको जिवनस्तरमा सुधार ल्याउन सहयोग गर्ने हो । यसका लागि विविध अनुसन्धानात्मक अन्तरवार्ता, प्रत्यक्ष अन्तरवार्ता, वैयक्तिक अध्ययन तथा अवलोकन विधिलाई आधार बनाई अनुसन्धान गरिएको छ । जसले उत्तरदाताको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षको विश्लेषण, ग्रामिण पर्यटनको सम्भावना, उनीहरुको सहभागिता, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण हुँदै आम नागरिकको जिविको पार्जन र रोजगारीको अवसर वृद्धि भई सरकारी तथा गैर सरकारी एवं स्थानीय जनसमुदायबाट यातायात लगायतका पूर्वाधारको विकास गरी संख्यात्मक एवं गुणात्मक रुपमा पर्यटन उद्योगको विकास गर्न सहयोग पुग्नेछ । यो अध्ययन शैक्षिक उपाधिको लागि गरिएको भएता पनि विविध प्राकृतिक छटा र संस्कृतिले भरिएको गाउँ भएको हुनाले ग्रामीण पर्यटनमा नयाँ गन्तब्य पहिचान भई सरल, सहज र सुरक्षित गन्तव्य बन्ने देखिन्छ । होटलहरुमा पुरुषको र होमस्टेहरुमा महिलाहरुको सहभागिता राम्रो देखिएको छ । अध्ययनले सिक्लेसका पर्यटन व्यवसायीहरुको आयम वृद्धि, रोजगारी सिर्जजना,स्थानीय उत्पादन बजार, विकासमा तिब्रता, भातृत्व र मित्रतामा वृद्धि, नयाँ ज्ञान र सभ्यताको विकास, अन्ध विश्वास हटेको, वातावरण सरसफाई र संरक्षणमा विकास भएको देखिन्छ ।अध्ययन बाट निम्न कुराहरु प्राप्त भएको छ ।

- पूर्वाधार तथा सेवा सुविधा वृद्धिको लागि, खाद्यान्नको लागि, सडक निर्माणको लागि, विदेशमा उत्पादीत बस्तुहरु खरिद गर्नु पर्दा बचत हुन सकेको छैन ।
- व्यवसायीहरु संगठित रुपमा सहभागितामुलक विधिबाट आफ्नो गतिविधि अगाडी बढाएको छ । यहाको संस्कृति, जैविक विविधता, नयाँ पर्यटकीय गन्तव्यहरु पर्यटनको आकर्षणको केन्द्र रहेको छ ।
- यस अध्यनमा व्यवसायीको शैक्षिक स्तर सतप्रतिशत साक्षर रहेता पनि व्यवसायीहरु माध्यमिक तह सम्मको मात्र शिक्षा हासिल गरेको देखियो ।
- यस अध्ययनमा व्यवसायस्हरु गुरुङ समुदायको मात्र रहेको पाइयो । सिक्लेसमा केही दलित समुदाय भएता पनि उनीहरु प्रत्यक्षव्यवसायमा संलग्न पाईएन ।
- उत्तरदाताको अनुसार व्यवसायीहरुको उमेर ३५ देखि ४० उमेर समूहमा ६० प्रतिशत व्यवसायी रहेको पाईयो ।

- होमस्टे र होटलहरुको संख्या समान नै रहेको र होमस्टेको संख्या बढ्नेक्रममा रहेको पाइयो । कम आयश्रोत भएको होमस्टेमा र लगानी बढि गर्नसक्ने होटल तर्फ आकर्षित रहेको पाइयो ।
- धार्मिक हिसाबले हिन्दु, बौद्ध र प्राकृतिक वौन रहेकोमा सबै भन्दा बढि ५० प्रतिशत वौन धर्ममा आस्था रहेको पाइयो ।
- उत्तरदाताको वैवाहिक स्थीति हेर्दा ९७.५ प्रतिशत विवाहित र संयुक्त परिवारमा ५५ प्रतिशत परिवार रहेको पाइयो ।
- व्यवसायीहरुको अवधि हेर्दा १ देखि ५ वर्षको अवधिमाव्यवसायी गरेका ७५ प्रतिशत रहेको पाइयो ।
- यस अध्ययनले व्यवसायीहरुको घर ढुगाको गारो र टिनले छाएको ३८ अर्थात९५ प्रतिशत रहेको छ ।
- उत्तरदाताको घरबारी २० जना अर्थात ५० प्रतिशतको आधा रोपनीमा रहेको, खेतबारी १० देखी २० रोपनी २० जना अर्थात ५० प्रतिशतको रहेको, पाखोबारी १० देखि १५ रोपनी १९ जना अर्थात ४७.५ प्रतिशतको रहेको, थोरै भएपनि सबै उत्तरदाताहरुको खेतबारी पाखो रहेको पाइयो ।
- उत्तरदाताहरुको धेरै थोरै धान, मकै, कोदो, आलु उत्पादन गरेको जसमा धान ५ देखि १० मुरी धान हुने ३० जना अर्थात ७५ प्रतिशतको हुँने, कोदो सोही दरमा ५ देखि १० र आलु १५ देखि १ मुरी ३७.५ प्रतिशत अर्थात १५ जनाको हुने र धान उत्पादन नगर्ने ५ जना १२.५ प्रतिशत, कोदो उत्पादन नगर्ने १० प्रतिशत र आलु उत्पादन नगर्ने १२.५ प्रतिशत रहेको छ ।
- त्यसैगरी उत्तरदाताको आफ्नै उत्पादनले ३ देखि ६ महिना खान पुग्ने ६२.५ प्रतिशत, ६ देखि ९ महिना पुग्ने ३२.५ प्रतिशत र ५ प्रतिशतले मात्र ९ देखि १२ महिना खान पुग्ने देखियो ।
- उत्तरदाताको अन्य आम्दानीको स्रोतमा वैदेसिक रोजगारी ३२.५ प्रतिशत, कृषि २५ प्रतिशत र पेन्सन २० प्रतिशत रहेको पाइयो ।

- व्यवसायबाट ९० प्रतिशत सन्तुष्ट र १० प्रतिशत असन्तुष्ट रहेकोमा असन्तुष्ट हुनुको कारण सिजनमा मात्र चल्नेमा ६२.५ प्रतिशत र कोरोनाको प्रभावले भन्नेमा १२.५ प्रतिशत उत्तरदाता भेटिए ।
- घरको निर्णय प्रक्रियमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुषको सहभागिता पाइयो ।
- तालिम लिएको ७५ प्रतिशत र नलिएको २५ प्रतिशत जवाफ प्राप्त भयो । अधिकांशले एक्यापबाट बेला बेलामा सञ्चालन हुँने तालिमको अवसर सदुपयोग गरेको देखियो ।
- व्यवसाय सुरु गर्ने १० बर्ष भन्दा बढि अनुभव भएको जम्मा २५ प्रतिशत छ भने अधिकांश ७५ प्रतिशत १ देखि ५ वर्ष भित्रका व्यवसायीहरु छन् ।
- पर्यटनबाट मासिक आम्दानी केही होटलहरुले ३/४ लाख सम्म गरेको पाइएता पनि समग्रमा २० देखि ४० हजार आम्दानी ५० प्रतिशत व्यवसायीले गर्ने गरेको र २५ प्रतिशत २० हजार भन्दा कम आम्दानी गर्ने र १२.५ प्रतिशतले ६० हजार भन्दा माथि आम्दानी गर्ने तथ्यांकले देखायो ।
- व्यवसायमा प्रवेश गर्नु भन्दा अगाडि ५७.५ प्रतिशत व्यवसायी कृषक रहेको २५ प्रतिशत व्यवसायी वैदेशिक रोजगारीबाट फर्केका देखियो ।
- अधिकांश व्यवसायीहरु सामाजिक संस्थामा आवद्ध छैनन् । ३७.५ प्रतिशत व्यवसायीहरुमात्र सामाजिक क्षेत्रमा क्रियाशिल रहेको र व्यवसायीमा लागेपछि ९० प्रतिशतले सिप क्षमतामा विकास गरेको बताए ।
- व्यवसायमा लाग्नेहरुलाई समाजले हेर्ने द्रृष्टिकोण ९० प्रतिशतले राम्रो रहेको बताए । व्यवसायीहरुको जीवनमा परिवर्तन ल्याएको छ भनि ८७.५ प्रतिशतले स्वीकारेका छन् ।
- सिक्लेसमा आन्तरिक पर्यटक ९० प्रतिशत र १० प्रतिशत मात्र बाह्य पर्यटक आउने गरेको अध्ययन बाट प्राप्त भयो ।
- आमा तथा महिला समूहको पर्यटनमा योगदान तथा सहभागिता राम्रो छ भन्नेमा ७५ प्रतिशत रहेको छ ।

- पाहुँनाको रुची र प्राथमिकता ८७.५ ले दिन सक्ने र १२.५ प्रतिशतले नसक्ने देखाएको छ ।
- पेशाबाट ज्ञान, सीप अभिवृद्धिको ६२.५ प्रतिशतको राम्रो र ३७.५ प्रतिशत राम्रो छैन भन्ने जवाफ प्राप्त भयो ।
- व्यवसायीहरुले प्राप्त आम्दानीको आयव्यय राख्ने नगरेता पनि बढि घर व्यवहार चलाउन, खाद्यान्न खरिद तथा आधुनिक सेवा सुविधा थपमा ५० प्रतिशत र बालिबालिकाको शिक्षा, स्वास्थ्य उपचारमा खर्च गरेको र ५ प्रतिशतले मात्र अचल सम्पति जोडेको पाइयो ।
- सिक्लेसमा पर्यटकहरु ५० प्रतिशत सार्वजनिक यातायातबाट, ३२.५ प्रतिशत नीजि साधनबाट साथै १२.५ प्रतिशत पदयात्राबाट र ५ प्रतिशत हवाईमार्गको माध्ययमबाट आउने गरेको पाइयो ।
- सिक्लेस आउने पर्यटकमा २० देखि ४० वर्ष उमेर समूहको ६२.५ प्रतिशत र १० देखि तथा ४० देखि ६० उमेर समूहको समान १७.५ प्रतिशत आउने देखियो ।
- पर्यटकहरु मध्ये ९० प्रतिशतले अर्गानीक खाना रुचाउने र ५/५ प्रतिशतले अन्य खाना र जे भएपनि हुने रुचि राखेको पाइयो ।
- व्यवसायीले खाना तथा कोठाबाट ७५ प्रतिशत र पेय पदार्थबाट २० प्रतिशत र स्थानीय उत्पादन विक्रिबाट ५ प्रतिशत आम्दानी गरेको पाइयो ।
- पर्यटकहरु कसरी सिक्लेसबारे जानकारी लिई आउछन् भन्नेमा एक पटक आए पछि पुनः अरुलाई प्रचार प्रसार गर्ने पाइयो । पर्यटक तथा आफन्तको सम्पर्कबाट ५० प्रतिशत, सामाजिक सञ्जाल र प्रचारप्रसारबाट ३७.५ प्रतिशत र आफै नाम सुनेर आउनेमा १२.५ प्रतिशत पाइयो ।
- सामुहिक रुपमा र उपभोक्ता समिति मार्फत पर्यटनको भौतिक पूर्वाधारमा निकै लगानी भएता पनि व्यक्तिगत रुपमा व्यवसाय सञ्चालनमा कुनै पनि व्यवसायीले सरकारी अनुदान लिइएको पाइएन ।
- पर्यटनमा स्थानीय जनताको सहभागिता र चासोमा सक्रिय छ भन्नेमा ७५ प्रतिशत मध्ययममा २२.५ र निष्क्रियमा २.५ रहेको र योगदानमा जनचेतना फैलाउने र

प्रचारमा ५० प्रतिशतले र छलफल तथा जन सहभागितामा २५/२५ प्रतिशत योगदान दिइएको पाइयो ।

- पूर्वाधारको निर्माणको जिम्मा सरकारी र स्थानीय निकाय, संघ संस्था तथा जनसमुदाय भन्नेमा ५०/५० प्रतिशत रहेको पाइयो ।
- सिक्लेसको सांस्कृतिक महत्व अत्यन्त रहेकोमा ९० प्रतिशत र मध्ययम रहेकोमा ७.५ प्रतिशतले जवाफ दिए ।
- सिक्लेसमा गुरुङ संस्कृति गाउँ तथा हिमाल लगायत पर्यावरण हेर्न आउने पर्यटक ५५ प्रतिशत र पछिल्लो समय क्हफुचे हिमताल, कोरी, क्होला सोंथर लगायतका स्थानहरुमा जान ४५ प्रतिशत पर्यटकहरु आउने उत्तरदाताबाट प्राप्त भयो ।
- होटल तथा होमस्टेहरु समान५० प्रतिशत राम्रो, ३० प्रतिशत मध्यम र २० प्रतिशत सुधार गर्नु पर्ने नतिजा प्राप्त भयो ।
- व्यवसायीहरुको आम्दानीमा र राजगारी सिर्जनामा सतप्रतिशत वृद्धि भएको छ ।
- स्थानीय उत्पादन मासुजन्य तथा कृषि उत्पादन दुवैको बजार ३७.५ प्रतिशत र स्थानीय उत्पादनको २५ प्रतिशत रहेको छ ।
- व्यवसाय दर्ता तथा नविकरणबाट ७५ प्रतिशत र अन्य रोयल्टीबाट २५ प्रतिशत राजस्वमा सहयोग पुगेको छ ।
- पर्यटकहरुबाट ६२.५ प्रतिशतले सब्यता र ३७.५ प्रतिशतले नयाँ भाषाको ज्ञान पाएका छन् ।
- ५२.५ भन्दा बढि पर्यटकहरु अत्यन्त पारिवारिक मित्रत्रा कायम गर्ने पाइएको छ ।
- अन्धविश्वास तथा कु संस्कारहरु ७५ प्रतिशतले घटेको पाइयो । सरसफाइ ७५ प्रतिशतले र वातावरण संरक्षण ६२.५ प्रतिशतले भएको पाइयो ।

## ७.२ निष्कर्ष

नेपालको अद्वितीय प्राकृतिक एवं सांस्कृतिक सम्पदा र विविधताका कारण नेपालको अर्थतन्त्रमा पर्यटनको उच्च सम्भावना रहेको छ । प्रर्यटन प्रवर्द्धनको माध्ययमबाट रोजगारीको अवसर वृद्धि, गरीवि निबारण र जनताको जिवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्षय हासिल गर्न सक्ने हुँदा अर्थतन्त्रको प्रमुख सम्वाद पर्यटन हो । नेपाललाई

एक आकर्षक सुरक्षित मनोरम पर्यटकीय गन्तब्य बनाउदै विश्व पर्यटन बजारमार स्थापीत गरी अगाडी बढाउने लक्ष्य अनुरुप ग्रामीण क्षेत्रको पर्यटन विकास गर्न हाल उक्त क्षेत्रहरुमा होटल तथा घरबासहरु सञ्चालनमा रहेको र उक्त स्थान मध्ये गण्डकी प्रदेश कास्की जिल्लाको पर्यटकीय केन्द्र सिक्लेसको बारेमा अध्ययन गरि उनीहरुमा परेको प्रभाव बारे जानकारी लिइएको छ ।

यस क्षेत्रमा पर्यटन ब्यबसायमा वैदेशिक रोजगारीबाट फर्केका, कृषी पेशा, स-साना ब्यबसायबाट पर्यटन ब्यबसायमा आएको देखिन्छ । घरबासमा महिलाहरुको अग्रसरता र सामुहिक रुपमा न्यायोचित पर्यटन बितरण रहेको पाईयो भने होटलहरुले आ-आफ्नै सम्पर्कका आधारमा सन्चालन गरेको पाईयो । ब्यबसाय पछी उनिहरुको आनिबानी, बोलिचाली, सोचाई, खानपानमा सुधार भएको, पारिवारिक र सामाजिक सम्बन्ध र आर्थिक पक्ष बजबुद भएको, सीप क्षमता र दक्षता अभिबृदी हुँदै गएको, तालिमको अबसर पाएको, समाजले सकारात्मक द्रृष्टीकोणबाट हेर्ने गरेको र समाजमा थप होमस्टे र होटलहरु थपिदै गई रहेको छ । अध्ययनले सिक्लेसका पर्यटन व्यवसायीहरुको आयम वृद्धि, रोजगारी सिर्जना, स्थानीय उत्पादन बजारीकरण, विकासमा तिब्रता, भातृत्व र मित्रतामा वृद्धि, नयाँ ज्ञान र सभ्यताको विकास, अन्ध विश्वास हटेको, वातावरण सरसफाई र संरक्षणमा विकास भएको देखिन्छ ।

मूल रुपमा सडक, पदमार्ग र संचारको पूर्वाधारमा जोड दिनु पर्ने एक्याप क्षेत्र भित्र आउने विदेशी पर्यटकलाई पदयात्रा वा अन्य माध्ययमबाट जोड्न प्रयास गर्नु पर्ने, बाह्रै महिना पर्यटकहरुको आगमन हुने गरी पचारप्रसार र सिक्लेस वरिपरिका पर्यटकीय स्थलहरु कोरी, क्हफुचे, क्होला सोँथरलाई थप परिचित गराउनु पर्ने, सिक्लेसबाट पर्यापर्यटनका लागि मनाङ जाने टोनी हेगन पदमार्ग सफल बनाउनु पर्ने, न्यून आय भएका सबै वर्ग र जातजातिको पहुँचमा पर्यटनलाई जोड्नु पर्ने, अर्गानीक उत्पादन र स्थानीय उत्पादन विक्रिमा ध्यान दिनु पर्ने, गाउँको पर्यटन आचार संहिता बनाउनु पर्ने, घरबास तथा होटलको मापदण्डहरुमा ध्यान दिनु पर्ने र सरकारी तथा गैर सरकारी संघ संस्थको योजना स्थानीयको सहभागितामा कार्यान्वयन गर्न सके पर्यटन व्यवसायले सिक्लेस बासीलाई आत्मनिर्भर बनाउँदै सिक्लेसलाई संसारभर पर्यटकीय गन्तव्यको रुपमा थप परिचित गराउन सकिन्छ ।

## ७.३ भविष्यमा हुन सक्ने सम्भावित अध्ययनहरु

नेपाललेपर्यटन उद्योगको विकासमा विभिन्न नीति नियम बनाइग्रामिण भेगका जनता सम्म त्यसले लाभ पुऱ्याउने प्रयास गरिरहेको छ । नेपाललाई विश्व सामु परिचित गरी विश्वभरका पर्यटक र आन्तरिक पर्यटक प्रवर्द्धन गरी रोजगारीहरु सिर्जना तथा स्वरोजगार बनाई गरिवि निवारण गरी समृद्ध नेपाल बनाउने लक्ष्यका साथ अगाडि बढेको छ । सबै पक्षको सकारात्मक र नकारात्मक पक्ष हुन्छन् । नकरात्मक पक्षलाई न्यूनीकरण गर्दै सकारात्मक पक्षलाई अंगालेमा विकासले फड्को मार्छ । ग्रामिणपर्यटन व्यवसायका समस्याहरुबाट उनीहरुलाई छुट्टाउन भविष्यमा हुन सक्ने अध्ययनहरु निम्न अनुसार हुन सक्छन् ।

- मौलिक संस्कृतिको सम्बन्धमा,
- व्यवसायमा सक्रिय महिला सहभागिता बारे
- सुलभ, सुरक्षित भरपर्दो यातायात र पदमार्गहरुमा ध्यान दिई पर्यटन विकास गर्ने,
- स्रोत साधनको दिगो उपयोग सम्बन्धमा
- गरिबी निवारण सम्बन्धमा
- पर्यटन प्रवर्द्धन र विकासमा सरकारी र गैर सरकारी संघ संस्था तथा स्थानीयको सहभागितामा सम्बन्धमा
- एक्याप क्षेत्रमा पदयात्राका लागि आउने पर्यटकहरुलाई सिक्लेस सम्म आउन कम हुनको सम्बन्धमा
- शान्ति वार्ताको उद्गम स्थल सम्बन्धमा
- क्होला सोँथर तथा गुरुङ समुदायको ऐतिहासिक सभ्यता बारे
- क्हफु चे, कोरी र सिक्लेस कोरी केवलकार योजना बारे
- सिक्लेसको घरहरु परिवर्तन भएको सम्बन्धमा
- एग्रो फरेष्ट, इको एग्रो टुरीजम, कल्चलर टुरीजममा बारे
- पर्यटनको नकारात्मक प्रभाव सम्बन्धमा

# सन्दर्भ सामग्री


आचार्य, बलराम (२०६३) : *सामाजिक संस्था र प्रक्रियाको समाजसास्त्रीय विश्लेषण,* भोटाहिटी, नेशनल बुक सेन्टर, काठमाण्डौ ।

आचार्य, बलराम (२०७४) : *समाजशास्त्रिय सिद्धान्तहरु,* भोटाहिटी, नेशनल बुक सेन्टर, काठमाण्डौ ।

आचार्य, शर्मिला (२०६६) : *पर्यटन व्यवसायमा महिला सहभागिता* पोखरा उपमहानगरपालिका कास्कीको समाजशास्त्रीय अध्ययन, अप्रकाशित एम.ए सोधपत्र, समाजशास्त्र विभाग त्रि.वि काठमाण्डौ ।

कास्की जिल्ला पर्यटन गुरुयोजना (२०६८/६९), जिल्ला विकास समितिको कार्यालय कास्की ।

कुँवर, रमेशराज (२००६) : *टुरिष्ट एण्ड टुरिजम साइन्स एण्ड इन्डस्ट्रि इन्टरफेस* इन्टरनेशनल स्कुल अफ टुरीजम एण्ड होटल म्यानेजमेण्ड, डिल्लीबजार काठमाण्डौ ।

घिमिरे, हरिहर (२०५९) : *विकासका दृष्टिकोणहरु,* तलेजु प्रकाशन काठमाण्डौ ।

चौहान, वाई सि (२००४) : *इको टुरिजम इन नेपाल,* दिल्ली कलिंगा पब्लिकेशन ।

तमु, पोल बहादुर (२०७१) : *तमु जाति भित्र तमुको संस्ककार र संस्कृति,* कञ्चन प्रिन्टरर्स न्यूरोड पोखरा

देवकोटा (ढकाल), मीरा (२००७) : *एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोइमेन्ट अ केश स्टडी अफ पोखरा सब मेट्रोपालिसिस एण्ड कास्की ड्रिस्ट्रीक्स डेभलपमेन्ट अफिस,* अप्रकाशित एम.ए सोधपत्र, समाजशास्त्र विभाग त्रि.वि काठमाण्डौ ।

नाटा, (२०१३) : *नेपाल एशोसियसन अफ ट्राभल एजेन्स*

नेपाल टुरिजम वोर्ड (२००८) : *टुरिष्ट सर्भिस सेन्टर न्यूज लेटर,* काठमाण्डौ ।

नेपाल पर्यटन वोर्ड (२०७०) : *जैविक मार्ग होमस्टे व्रोश्चर पर्यटन सेवा केन्द्र,* भृकुटिमण्डप, काठमाण्डौ ।

नेपाल राष्ट्र बैंक (२०५७) : *पोखरामा पर्यटन व्यवसाय समस्या चुनौती र उपलब्धी,* नेपाल राष्ट्र बैंक, पोखरा ।

नेपाल सरकार : *पर्यटन नीति (२०६५),* डिल्लीबजार हिमाली प्रकाशन, काठमाण्डौ ।

पहारी, तारानाथ (२०७४) : *होमस्टे दर्पन,* गाउँ पर्यटन प्रवर्दन मञ्च नेपाल) ।

पार्कर, सारा (२००५) : पि.एच.डी सोधार्थीका लागि सिक्लेसको अनौपचारिक शिक्षाको सम्बन्धमा गरिएको अप्रकाशित अध्ययन ।

पुरी, उद्धव (२०५६) : *पर्यटन र यात्रा,* काठमाडौ, तलेजु प्रकाशन ।

पोखरेल, खेमराज र गोविन्दमान कार्की (२०५५) : *पर्यटन र विकास,* काठमाडौ अनुराग प्रकाशन ।

भण्डारी, रविराज (२०६९) : *ग्रामिण पर्यटन व्यवसायी ल्वाङ घलेल गा.वि.स का महिला व्यवसायीहरुको एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित एम.ए सोधपत्र, समाजशास्त्र मानवसास्त्र विभाग त्रि.वि काठमाण्डौ ।

भाट, डि.पी (२००६) : *इको टुरिजम इन नेपाल,* अन्जु भाट काठमाण्डौ ।

भाटिया, ए के (१९९१) : *टुरिजम डेभलपमेण्ट प्रिसिन्पल एण्ड प्राक्सि* न्यू दिल्ली : इन्टर लिंक पव्लिसिङ प्राइभेट लिमिटेड ।

भादगाउँले, अमृत (२०७४) : *होमस्टे दर्पन,* गाउँ पर्यटन प्रवर्दन मञ्च नेपाल ।

महत, जे.एन (१९९८) : *लोकल एटिच्यूड टुवार्ड कम्युनिटी वेस्ट पोलिसी एण्ड प्रोग्राम इन नेपाल*

मादी गाउँपालिको पर्यटन (२०७६) : *मादी सचित्र,* कास्की मादी गाउँपालिका,

मादी गाउँपालिका (२०७७) : *स्थानीय पाठ्यक्रम*

मादी गाउँपालिका (२०७४) : *वस्तुगत विवरण,* मादी गाउँपालिका, कास्त्री

राष्ट्रिय योजना आयोग (२०१३) : *तेह्रौ योजनाको आधारपत्र,* नेपाल सरकार राष्ट्रिय योजना आयोग, काठमाण्डौ ।

सत्याल, यज्ञराज (१९८८) : *टुरिजम इन नेपाल,* अ प्रोफाइल वाराणसी नाग पव्लिसिङ हाउस ।

सापकोटा, गुनाखर (२०७०) : *ग्रामिण पर्यटन विकासको सम्भावनाबारे स्थानीयको अवधारणा, मट्टिखान श्रृंखलाको एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित एम.ए सोधपत्र, समाजशास्त्र विभाग त्रि.वि काठमाण्डौं ।

सिन्हा, पि.सी (२००३) : *इनसाइक्लोपेडिया अफ इकोटुरीजिम,* न्यू दिल्ली अनमोल प्रकाशन ।

शर्मा, जे.के (२०००) : *टुरिजम प्लानिङ एण्ड डेभलपमेण्ट,* न्यू दिल्ली, कनिखा पव्लिसर्स ।

शर्मा, भूमेश्वर र खरेल सुमन (२०६८) : *ग्रामीण पर्यटन,* काठमाण्डौ, न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

शाक्य कर्ण (२००५) : *सर्च नेपाल नेचर डट कम,* काठमाण्डौ ।

हिमाल खबर पत्रिका (२०६४) : *नेपालमा पर्यटन,* काठमाण्डौं, हिमाल एशोसियसन ।

क्षेत्री गणेश र रामचन्द्र रायमाझी (२०५७) : *पर्यटन विकास र व्यवस्थापन,बागबजार,* एशिया पब्लिकेशन काठमाण्डौ ।

क्षेत्री, डा.गणेश र रायमाझी, रामचन्द्र (२०५७) : *पर्यटन विकास र व्यवस्थापन,* बागबजार, एलिसा पब्लिकेशन, काठमाडौं ।

प्रकृतिको सन्देश : *भाग १, २ र ३* अन्नपूर्ण संरक्षण क्षेत्र द्वारा प्रकाशित

# परिविष्ट २

## जानकार व्यक्तिहरुसंग अन्तर्वार्ताको लागि अन्तर्वार्ता अनुसूची

| | | |
|---|---|---|
| नामः | उमेरः | लिङ्गः |
| पेशाः | शिक्षाः | सामाजिक जिम्मेवारीः |
| वैवाहिक स्थितीः | धर्मः | |

१) यस गाउँको घरहरु एकरुपता कायम गर्न के गर्नु पर्ला ?

२) यस पेशालाई जनताले कस्तो दृष्ट्रिकोणले हेरेको छ ।

३) यहाँको पर्यटनको सम्भावना कस्तो छ ?

४) यहाँको व्यवसायीको समस्याहरु के के हुन् ?

५) व्यवसायीहरुको के के परिवर्तन आएको छ ?

६) पर्यटकहरुमा कस्तो समस्याहरु छन् ?

७) पर्यटन व्यवसायीहरु आत्म निर्भर हुन सकेका छन् ?

८) यहाँको सबै समुदायलाई पर्यटन व्यवसायबाट लाभ पुऱ्याउन के गर्नु पर्ला ?

९) पर्यटन व्यवसायमा लागेका महिलाहरुको सामाजिक आर्थिक स्थितिमा भएको सुधार तथा प्रभाव कस्तो छ ?

१०. तपाईले देखेको/बुझेको ग्रामीण पर्यटनका अप्ठ्याराहरु के के हुन् ?

११. सिक्लेसको भू-राजनैतिक अवस्थाले पर्यटन पेशामा कस्तो प्रभाव पारेको छ ?

१२. पर्यटन आकर्षण बढाउन कस्तो उपाय उपयोगी हुन्छ ?

१३. होमस्टे र होटलमा सहभागिता कस्तो छ ?

१४. जीवनस्तरमा परिवर्तन ल्याउन यस व्यवसायमा सहभागी व्यवसायी आमा समूहबाट के कस्तो सहयोग वा भूमिका रहेको छ ?

१५. ग्रामीण पर्यटन समृद्धि गर्न नीजि, सरकारी र गैरसरकारी क्षेत्रको भूमिका कस्तो हुनुपर्छ ?

१६. नेपालमा ग्रामीण पर्यटनको सम्भावना कस्तो देख्नुहुन्छ ?

## परिशिष्टांकहरु

## परिशिष्ट १

## अन्तर्वार्ता अनुसूची

## ग्रामिण पर्यटन व्यवसायमा सहभागी होटल तथा होमस्टे व्यवसायीहरुमा पर्यटनले पारेको प्रभाव

## (मादी १ सिक्लेस, कास्कीको एक समाजशास्त्रीय अध्ययन)

मितिः .......................

समुदायकोनामः.................................

उत्तरदाताको नामः.................................. उमेरः................ लिङ्ग................

परिवारको प्रकार .................... वडा नं.............. टोलः............. शिक्षाः..............

धर्मः.............. सहायक पेशाः..................... जातजातीयता ................. वैवाहिक स्थितिः..................

उत्तरदाताको पारिवारिक विवरण खुलाउनुहोस् ।

| क.स | नाम | नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |

**१. सबै भन्दा बढि कुन उमेर समूहको  आउछ ?**

क) १०-२० वर्ष   ख) २०-४० वर्ष   ग) ४०-६० वर्ष  घ) ६० वर्ष भन्दा माथि

**२. तपाइको व्यवसाय गर्ने घरको प्रकार कस्तो छ ?**

क) सिमिण्ट ख) ढुंगाको ग) ढुङ्गा/टिनको

**३. तपाइको परिवारको स्वामित्वमा रहेको जग्गाको विवरण दिनुहोस् ।**

| **क.स** | **जग्गाको किसिम** | **क्षेत्रफल (रोपनी/हल)** | **कैफियत** |
|---|---|---|---|
| १ | घरबारी | | |
| २ | खेत | | |
| ३ | पाखोबारी | | |
| ४ | खोरिया | | |
| ५ | बन | | |

**४. तपाइको जग्गाबाट बार्षिक कति उत्पादन गर्नुहुन्छ ?**

| **विवरण** | **धान** | **मकै** | **कोदो** | **गहुँ** | **भटमास** | **आलु** | **अन्य** |
|---|---|---|---|---|---|---|---|
| माना | | | | | | | |
| पाथी | | | | | | | |
| मुरी | | | | | | | |

**५. तपाइको उत्पादनबाट कति समय खान पुग्छ ?**

क) ३-६महिना ख) ६-९महिना ग) ९- १२ महिना

**६. पर्यटन व्यवसाय बाहेक के केबाट आम्दानी हुन्छ ?**

| **क.स** | **प्रमुख आम्दानी** |
|---|---|
| १ | वैदेशिक रोजगारी |
| २ | कृषि |
| ३ | नोकरी |
| ४ | व्यवसाय |
| ५ | पेन्सन |

**७. यस व्यवसायबाट तपाई सन्तुष्ट असन्तुष्ट के हुनुहुन्छ ?**

क) सन्तुष्ट ख) असन्तुष्ट

**८. यदि असन्तुष्ट हुनुहुन्छ भने किन ?**

| **क.स** | **व्यवसायीमा भएको असन्तुष्टि** | |
|---|---|---|
| १ | सिजनमा मात्र चल्ने हुनाले/पूर्वाधारमा खर्च धेरै हुनाले | |
| २ | लगानी गर्न नसकी आम्दानी कम भएर | |
| ३ | बिकृति बढ्ने देखेर | |
| ४ | पहुँच तथा प्राविधिक ज्ञान नभएर | |
| ५ | कोभिडले प्रभावित भएर | |

**९. तपाईको घरमा निर्णय प्रक्रियामा कस्तो भूमिका छ ?**

क) सक्रिय ख) सामाय ग) तटस्थ

**१०. यस व्यवसायबाट प्राप्त भएको कमाइ केमा खर्च गर्नुहुन्छ ?**

क) शिक्षा ख) स्वास्थ्य

ग) घर व्यवहार चलाउन/भौतिक संरचना निर्माण/खाद्यान्न खरिद/सेवा सुविधा थप

घ) अचल सम्पत्ति खरिद

**११. पर्यटकले कुन परिकार खान रुचाउछन् ?**

क) स्थानीय अर्गानीक परिकार ख) बाहिरी परिकार ग) जुन भए पनि हुने

**१२. आम्दानी बढि के बाट हुन्छ ?**

क) खाना तथा कोठा ख) पेय पदार्थ ग) स्थानीय उत्पादन विक्रि

**१३. पर्यटकको सम्पर्क कसरी हुने गरेको छ ?**

क) आफै आउने ख) सामाजिक सन्जाल/प्रचारप्रसार

ग) आफन्त तथा पर्यटकको सम्पर्क

**१४. तपाईकोमा पर्यटकहरु कुन साधनमा आउछन् ?**

क) सार्वजनिक सवारी साधन ख) नीजि सवारीसाधन

ग) पदयात्री घ) हवाइ

**१५. संख्याको आधारमा कस्तो पर्यटक बढि आउछ ?**

क) एकल ख) पारिवारिक ग)सामुहिक

**१६. आर्थिक आधारमा कस्तो पर्यटक बढि आउछ ?**

क) मितव्ययी ख) स्तरिय ग) विलासी

**१७. व्यवसायबाट तपाईको आयमा वृद्धि भएको छ ?**

क)वृद्धि भएको छ । ख)वृद्धि भएको छैन ।

**१८. व्यवसायबाट रोजगारीको अवस्था के छ ?**

क) कुक वेटर ख)सरसफाइ कर्मी **ग**)भरिया

**घ**) पथप्रदर्शक ङ)कर्मचारी

**१९. स्थानीय कुन उत्पादनले बजार पाएको छ ?**

क) हस्तकला, राडी पाखी, भाङ्ग्रा ख) कृषि जन्य उत्पादन

ग) मासु जन्य उत्पादन

**२०. गाउँपालिकालाई कर तिर्नु भएको छ ?**

क) व्यवसाय दर्ता नविकरण कर ख) जग्गा लिजमा तथा अन्य रोयल्टी

**२१. पर्यटकबाट कुन क्षेत्रमा विकास निर्माण भई फाइदा पुगेको छ ?**

क) मोटरबाटो ख) पदमार्ग ग) अन्य पूर्वाधार

**२२. पर्यटन सम्बन्धी तालिम लिनु भएको छ ?**

क) लिएको छु । ख) लिएको छैन ।

**२३. तपाईको सिप र क्षमताको वृद्धि भएको छ ?**

क) वृद्धि गरेको छु । ख) वृद्धि गरेको छैन ।

**२४. नयाँ भाषा र सभ्यता कुन बुझ्ने अबसर पाएको छ ?**

क) भाषा ख)सभ्यता

**२५. पर्यटकहरुसंगको सम्बन्ध कस्तो छ ?**

क) अत्यन्त ख) ठिकै ग) सामान्य

**२६. अन्धविश्वासहरु हटेको छ कि छैन ?**

क) हटेको छ । ख) हटेको छैन ।

**२७. सरसफाइको अवस्था कस्तो छ ?**

क) अति राम्रो ख) मध्ययम ग) सामान्य

**२८. तपाइको वातावरण संरक्षणमा कस्तो भूमिका छ ?**

क) राम्रो ख) मध्ययम ग) सामान्य

**२९. तपाइले यो व्यवसाय सुरु गरेको कति वर्ष भयो ?**

क) १ देखी ५ वर्ष ख) ५ देखि १० वर्ष

ग) १० देखि १५ वर्ष घ) १५ वर्ष भन्दा माथी

**३०. तपाइले यस पेशाबाट मासिक कति कमाइ गर्नुहुन्छ ?**

क) रु.२०००० भन्दा कम ख) २०००० देखि ४०००० सम्म

ग) ४०००० देखि ६०००० सम्म घ) ६०००० भन्दा माथि

**३१. मासिक पर्यटक कति आउछ ?**

क) १-१००० सम्म ख)१०००-२००० सम्म

ग)२०००-३००० सम्म घ) ३०००-४००० माथी

**३२. यस व्यवसायमा प्रवेश गर्नुपूर्व तपाई के गर्नुहुन्थ्यो ?**

क) कृषक ख ) विद्यार्थी

ग) व्यापार घ) वैदेशिक रोजगारी

**३३. तपाइ कुनै सामाजिक संघसंस्थामा आवद्ध हुनुहुन्छ ?**

क) छु ख) छैन

**३४.यस व्यवसायीलाई समाजले कुन रुपमा हेर्ने गरेको छ ?**

क) राम्रो छ । ख) राम्रो छैन ।

**३५. पर्यटन व्यवसायले तपाइको जिवनस्तरमा परिवर्तन ल्याएको छ ?**

क) स्वागत गर्ने सुसंस्कार ख) संस्कार युक्त बोलिचालि र छलफल

ग) आर्थिक समृद्धि/आधुनिक जिवनशैली घ) गाउँ सरसफाई ङ) गाउँ सरसफाई

**३६. तपाईकहाँ कस्ता पर्यटक आउने गर्नुभएको छ ?**

क) आन्तरिक (कास्की र कास्की बाहिरको)

ख) बाह्य (भारत, चीन र युरोप लगायत अन्य)

**३७. महिला तथा आमा समूहको सहभागिता कस्तो छ ?**

| **क.स** | **आमा समूह तथा महिलाहरुको सहभागिता र भूमिका** |
|---|---|
| १ | राम्रो छ । |
| २ | सामान्य छ । |
| ३ | अलि अलि मात्र छ । |

**३८. गाउँमा कस्तो प्रभाव देखिएको छ ?**

क) स्वागत गर्ने सुसंस्कार ख) संस्कार युक्त बोलिचालि र छलफल

ग) आर्थिक समृद्धि घ) गाउँ सरसफाई ङ) गाउँ सरसफाई

**३९. पाहुनाको रुची र प्राथमिकता दिन सक्नु हुन्छ ?**

क) दिन सक्ने । ख) दिन नसक्ने ।

**४०. पर्यटन व्यवसायबाट ज्ञान, सिपको अवस्था कस्तो छ ?**

क) राम्रो छ । ख) राम्रो छैन ।

**४१. तपाइको होटल तथा होमस्टेमा कति पाहुना बस्न सक्ने क्षमता छ ?**

क) ५ जना सम्म ख) १० जना सम्म

ग) १५ जना सम्म घ) २० जना ङ) २० भन्दा बढी

**४२. ग्रामिण पर्यटन र स्थानीय तथा व्यवसायीको सहभागिता कस्तो छ ?**

| **क.स** | **सहभागिता दर** |
|---|---|
| १ | सक्रिय |
| २ | मध्यम |

| | |
|---|---|
| ३ | निस्क्रिय |

**४३. पर्यटन विकासमा स्थानीय तथा व्यवसायीको योगदानका लागि के गर्नु पर्ला ?**

| **क.स** | **योगदानको प्रकार** |
|---|---|
| १ | छलफल/अन्तरक्रिया |
| २ | जनचेतना फैलाउने प्रचारप्रसार |
| ३ | जनसहभागिता |

**४४. पर्यटकलाई थप आकर्सित गर्न के गर्नु पर्ला ?**

| **क.स** | **प्राथमिकताको क्षेत्र** |
|---|---|
| १ | मोटरबाटो |
| २ | पदयात्रा, गोरेटो बाटो तथा नालि |
| ३ | स्वास्थ्य तथा खानेपानी |
| ४ | विद्युत तथा सञ्चार/एक्यापको विदेशी पर्यटन शुल्क घटाउने |

**४५. पूर्वाधारको प्राथमिकताको कारण के हुन सक्छ ?**

| **क.स** | **कारण** |
|---|---|
| १ | सहज पहुँच तथा सुगमताको लागि |
| २ | सहज रुपमा पदयात्राको लागि |
| ३ | स्वास्थ्य सुविधाका लागि |
| ४ | लेकमा सचार सुविधा र विद्युतको लागि |

**४६. पर्यटन प्रवर्द्धनमा कुन निकाय जिम्मेवार हुनुपर्छ ?**

| **क.स** | **पक्ष** |
|---|---|
| १ | सरकारी निकाय |
| २ | स्थानीय निकाय |

**४७. सिक्लेसको कुन चिजले पर्यटक धेरै आउने गरेको छ ?**

| **क.स** | **स्थान** |
|---|---|

| | |
|---|---|
| १ | गुरुङको संस्कृति, सिक्लेस गाउँ र हिमाल |
| २ | कफुचे, कोरी र क्होला सौँथर लगायत स्थल |

**४८. सिक्लेसको सांस्कृतिक महत्व कस्तो छ ?**

| **क.स** | **महत्व** |
|---|---|
| १ | अत्यन्त |
| २ | मध्यम |
| ३ | न्यून |

**४९. यदि तपाइ र परिवारको आयआर्जन/उत्पादनले घर व्यवहार नचले कसरी चलाउने गर्नुभएको छ ?**

उत्तर : ..........................................................................................................

**५०. तपाइले यस पेशासम्बन्धी कुनै तालिम लिनु भएको छ ? यदि लिनु भएको छ भने कुन कुन तालिम लिनुभएको छ ?**

क) कुकिङ ख) वेटर ग) हाउसकिपिङ

घ) वेकरी ङ) गाइड च) अन्य

**५१. यो पेसाले के के मा परिवर्तन ल्याएको छ ?**

क) दैनिक जीविका ख) खानपान ग) भेषभूषा

घ) बसोबास ङ) बोलीचाली च) संस्कृति

**५२. तपाइले तपाईकहाँ आउने पर्यटकको लागि बसोबास, खानपान र यातायातको व्यवस्थाको प्रबन्ध कसरी मिलाउने गर्नुभएको छ ?**

## परिविष्ट ३

## अन्तर्वातामा सहभागी जानकार व्यक्तिहरुको नामावली

१. उत्सब न्यौपाने, प्रमुख, अन्नपूर्ण संरक्षण इलाका कार्यालय सिक्लेस, कास्की

२. सुरज कुमार गुरुङ, वडा अध्यक्ष मादी १ सिक्लेस, कास्की

३. गेहेन्द्र गुरुङ, शिक्षक अन्नपूर्ण मा.वि

४. तिलमान गुरुङ, भू पू अध्यक्ष सिक्लेस युवा क्लव

५. नौ माया गुरुङ सिक्लेस आमा समूह अध्यक्ष

६. टाइमाया गुरुङ, अध्यक्ष होमस्टे व्यवस्थापन समिति सिक्लेस

७. सर्वजित गुरुङ, दुधपोखरी यातायात सेवा प्रा.लि

८. पोल बहादुर गुरुङ समाजसास्त्री तथा वुद्धिजिवी

९. जंग बहादुर गुरुङ, समाजसेवी

१०. भद्रविर नेपाली, शिक्षक नल्कू आ.वि

११. देवीजंग गुरुङ, समाजसेवी

१२. सुरेन्द्र गुरुङ, अध्यक्ष होटल व्यवसाय समिति

१३. विकास गुरुङ, कार्यसमिति सदस्य टान


१४. पदम गुरुङ, अध्यक्ष, सिक्लेस युवा क्लव

१५. टौ बहादुर गुरुङ, भू पू अध्यक्ष, सिक्लेस युवा क्लव

१६. कुल प्रसाद गुरुङ, पच्यू गुरु


१७. वेद बहादुर गुरुङ, मादी गाउँपालिका अध्यक्ष

१८. मा.मन बहादुर गुरुङ, सांसद गण्डकी प्रदेश




मादी गाउँपालिकाको नक्सा, स्रोत मादी गाउँपालिका


मादी गाउँपालिका
मुख्य पर्यटकीय स्थलहरु
N
Lamjung Himal
Namun Pass
Dudh Pokhari
Kaphuche
Thulek
Hugu Goth
Kori
Chhyosyongara
Hot spring
Kohla sonthar
Risidodanda
Madkyu
Taprem Dharmashala
Tara Hill Top
Parche
Chipli
Khilan
Tantin
Nauchu Dada
Krapu
Tapran
Panighat
Thak
Lamari Danda
Posi
Chhachok
Nagidhar
Warchock
Bhachock
Thuloswara
Gahate
Mugri
Lipeyani
Legend
Gaunpalika Boundary
Ward Boundary
River / Waterbodies
Snow
Road
Major Toursim Area
0 1.5 3 6 9 12
KM


मादी गाउंपालिका
पसल, होटल तथा होमस्टे
N
Hugu
Parche
Khilan
Tapran
Rohigaun
Ghyamran
Chasu
Barchok
Bhachok
Khimaje
Makai Khola
Lipayani
Legend
Gaunpalika Boundary
Types
Homestay
Hotel
Shop
Main Settlement
Road
0 1.5 3 6 9 12
KM

सिक्लेसबाट क्हफु चे जाने पदमार्ग । स्रोत टान कास्की ।

